सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ माघ २०८०, सोमबार (29 Jan 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सबै दलका नेतालाई एउटै मञ्चमा राखेर चिनियाँ नेतृ सुनले भनिन्-

नेपाल-चीन सम्बन्ध र बिआरआईबारे भ्रम फैलाइयो

नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) अन्तर्राष्ट्रिय विभागको



प्रतिनिधिमण्डलले प्रमुख राजनीतिक दलका दोस्रो पुस्ताका नेताहरूसँग नेपाल-चीन सम्बन्धबारे छलफल गरेको छ। आइतबार आयोजित छलफलमा सिपिसी अन्तर्राष्ट्रिय विभाग उपप्रमुख सुन हैयानले नेपाल-चीन सम्बन्धमा भ्रम उत्पन्न गर्न र खेल्न खोज्नेहरू धेरै भएको आरोप लगाइन्। तर, उनले नेपाल-चीन सम्बन्धमा भ्रम छर्नेहरूको हुन् भन्ने खुलाइनन्।

(विस्तृत पृष्ठ ३)

बिहारमा सत्ताको दाउपेच

गठबन्धन फेरेर नितीश कुमार फेरि मुख्यमन्त्री

बिहारमा नितीश कुमार नवौंपटक मुख्यमन्त्री नियुक्त भएका छन्। नितीशले आइतबार बिहान मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए, तर भारतीय जनता पार्टी (भाजपा)सँग गठबन्धन गरेर आइतबारै पुनः मुख्यमन्त्रीको शपथग्रहण लिएका हुन्। राजीनामापछि उनले आफ्नो पार्टी जनता दल युनाइटेड (जेडियू) महागठबन्धनबाट अलग भएको घोषणा गरेका थिए।



(विस्तृत पृष्ठ ५)

थप चार सय मेगावाट विद्युत् किन्ने भारतको प्रस्ताव

प्राधिकरण भन्छ- **अब ११ सय मेगावाट विद्युत् भारतमा निर्यात हुन्छ**

मध्यकालीन मोडलमा थप विद्युत्को प्रस्ताव आएको छ



● **प्रदीप थिके,** उपकार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

ऋण लिने-दिने प्लेटफर्मको लाइसेन्स खुलाउन सुझाव

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पूर्वराष्ट्रपतिद्वयको सेवा-सुविधामा वर्षमै राज्यको करोड खर्च

कानुन बनाएर मात्रै सुविधा दिन ०६८ मै सर्वोच्चको आदेश, तर कार्यविधिका आधारमा पूर्वविशिष्टहरूलाई सेवा-सुविधा



● **शारदाप्रसाद त्रिताल,** पूर्वसचिव

पूर्वराष्ट्रपतिलाई सरकारले कानुन बनाएर सुविधा दिनु नराम्रो होइन। तर, पूर्वराष्ट्रपतिज्यूहरूको अवस्था कमजोर छजस्तो पनि लाग्दैन। आफ्नो पदको गरिमाका लागि पनि यो सुविधा लिन्नौं भन्नुपर्छ, यस्तो सुविधा नलिँदा नै पूर्वराष्ट्राध्यक्षहरूको पदको गरिमा बढ्छ।



● **नारायणप्रसाद भट्टराई** प्रवक्ता, गृह मन्त्रालय

पूर्वराष्ट्रपतिले घरभाडालगायत सुविधा पाउने कार्यविधि सरकारले बनाएको छ। त्यहीअनुसार सेवा-सुविधा उपलब्ध गराउँदै आएका छौं, मापदण्डविपरीत कसैलाई दिइएको छैन।



● **पद्मिनी प्रधानांग,** अध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेसनल

हिजो राजा विलासी भए भनेर हामीले गणतन्त्र ल्यायौं। अहिले राजाकै शैलीमा पूर्वराष्ट्रपतिहरूसमेत सुविधाभोगी हुने हो भने राजतन्त्र र अहिलेमा के फरक भयो।

नवराज मैनाली/नयाँ पत्रिका

दुई पूर्वराष्ट्रपतिको सेवा-सुविधामा सरकारी ढुकुटीबाट वर्षमा करिब एक करोड खर्च हुन थालेको छ। सरकारको आम्दानी घटिरहेका बेला पूर्वराष्ट्रपतिहरूको सुविधामा भने खर्च बढ्दै गएको छ।

> पूर्वराष्ट्रपति भण्डारीका सुरक्षाकर्मी बस्ने घरको मासिक एक लाख भाडा सरकारले तिर्दै

पूर्वराष्ट्रपतिलाई मासिक भत्ता, घरभाडा, सचिवालय खर्च, इन्धन, सुरक्षालगायतको व्यवस्था सरकारले गर्दै आएको छ। पहिलो राष्ट्रपति डा. रामवरण यादवले अवकाशदेखि नै

» पृष्ठ २ मा क्रमशः



कसलाई कति सुविधा ?





रामवरण यादव

- **घरभाडा (मासिक)** : एक लाख ९४ हजार
- **भत्ता (मासिक)** : ५० हजार
- **सवारी** : एक गाडी
- **इन्धन (मासिक)** : २०७ लिटर (पेट्रोल)
- **सुरक्षाकर्मी** : २१ जना
- **अतिथि सत्कार (मासिक)** : १० हजार
- **पत्रपत्रिका खर्च (मासिक)** : तीन हजार
- **टेलिफोन (मासिक)** : एक हजार
- **सचिवालय** : स्वकीय सचिव (उपसचिव), कार्यालय सहयोगी र चालक
- **बिजुली, पानी र इन्टरनेट** : बिलअनुसार

विद्यादेवी भण्डारी

- **भत्ता (मासिक)** : ५० हजार
- **इन्धन (मासिक)** : २०७ लिटर (पेट्रोल)
- **सुरक्षाकर्मी** : २० जना
- **सुरक्षाकर्मीलाई घरभाडा (मासिक)** : एक लाख
- **सचिवालय** : स्वकीय सचिव (उपसचिव), कार्यालय सहयोगी र चालक
- **पत्रपत्रिका खर्च (मासिक)** : तीन हजार
- **टेलिफोन (मासिक)** : एक हजार
- **बिजुली, पानी र इन्टरनेट** : बिलअनुसार

(भण्डारीले आवास र गाडी सुविधा भने लिएकी छैनन्)

■ पूर्वउपराष्ट्रपतिद्वयलाई पनि सचिवालयसहितको सुविधा दिने प्रस्ताव

पूर्वउपराष्ट्रपतिद्वय परमानन्द झा र नन्दबहादुर पुनलाई भने गाडी र चालकको सुविधा मात्र दिइएको छ। उनीहरूलाई पनि यसबाहेक मासिक भत्ता र स्वकीय सचिवालयलगायतको सुविधा दिनेबारे छलफल भइरहेको स्रोत बताउँछ। पूर्वउपराष्ट्रपति झा र पुनले सुविधाका लागि आग्रह गर्दै आएका छन्। तर, यसबारे निर्णय भने भइसकेको छैन।

कोशीमा पूर्वमुख्यमन्त्री र सत्तारुढ दलहरूका नेतालाई गाडीसहितका सुविधा दिन अध्यादेश नै जारी

झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेशले पूर्वमुख्यमन्त्रीसँगै सत्तारूढ पार्टीका संसदीय दलका नेताहरूलाई गाडीसहित पदाधिकारीको सुविधा दिने भएको छ। प्रदेश सभाको अधिवेशन अन्त्य गरेर मन्त्रिपरिषद् बैठकले ६ माघमा 'केही ऐन संशोधन गर्न बनेको अध्यादेश'जारी गर्दै प्रदेश सभामा बहालवाला सदस्य रहेका पूर्वमुख्यमन्त्री र सरकारमा सहभागी रहेका दलका संसदीय दलका नेताहरूलाई पनि गाडी, चालक, इन्धन र मोबिल दिने व्यवस्था गरेको हो। ती पदाधिकारीले थप पारिश्रमिकसमेत पाउनेछन्।

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड 'ख' थप गरेर सुविधा पाउने पदाधिकारी बढाइएको हो। अध्यादेशमार्फत थप गरिएका पदाधिकारीमा 'प्रदेश सभाको बहालवाला सदस्य रहेको पूर्वमुख्यमन्त्री र सरकारमा सहभागी रहेका दलहरूका संसदीय दलका नेता हुन्। यसअघि सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेता सत्तापक्षका प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक, प्रतिपक्षी दलका नेता, सत्तापक्ष दलका सचेतक र संसदीय समितिका सभापतिले प्रदेश सभा पदाधिकारीबापतको सुविधा पाउँदै आएका थिए।

सरकारले ल्याएको अध्यादेशको लाभ पूर्वमुख्यमन्त्रीसमेत रहेका एकीकृत समाजवादीका संसदीय दलका नेता राजेन्द्र राईसँगै सत्तारूढ दुई पार्टीका संसदीय दलका नेताले लाभ पाउने भएका हुन्। जसमा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र जनता समाजवादी पार्टीका संसदीय दलका नेता निर्मला लिम्बू

» पृष्ठ २ मा क्रमशः

तीन तहका सरकारबीच क्षेत्राधिकार विवाद टुंग्याउन निर्णायक गृहकार्य

माघ अन्तिम साता राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक, तीनै तहको क्षेत्राधिकारमा स्पष्टता ल्याउने 'कार्यविस्तृतीकरण परिमार्जन'को मस्यौदा पेस हुँदै

कार्यविस्तृतीकरण परिमार्जनबाट खासगरी करका क्षेत्र, प्राकृतिक स्रोत, कर्मचारी परिचालनलगायत विषयमा तीन तहबीच देखिएका विवादको गाँठो फुकाउने प्रयास हुने

कृष्ण रिजाल/नयाँ पत्रिका

तीन तहका सरकारबीच क्षेत्राधिकार विवाद टुंग्याउन निर्णायक गृहकार्य सुरु भएको छ। तीनै तहका सरकारको अधिकारमा स्पष्टता ल्याउने गरी 'कार्यविस्तृतीकरणलाई परिमार्जन गर्ने' मुख्य एजेन्डासहित राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक माघ अन्तिम साता काठमाडौंमा बस्ने भएको छ।

प्रधानमन्त्रीको अध्यक्षता रहने परिषद्को दोस्रो बैठकमा 'कार्यविस्तृतीकरण परिमार्जन'को प्रतिवेदनको मस्यौदा पेस हुने भएको छ। 'कार्यविस्तृतीकरण परिमार्जन'मार्फत करका क्षेत्र, प्राकृतिक स्रोत, कर्मचारी परिचालनलगायत विषयमा तीन तहबीच देखिएका विवादको गाँठो फुकाउने प्रयास हुनेछ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले गरेको व्यवस्थाअनुसार गठित परिषद्को पहिलो बैठक गत १६ असारमा पोखरामा बसेको थियो। उक्त बैठकले तीनै तहको अधिकारमा स्पष्टता ल्याउन 'कार्यविस्तृतीकरण परिमार्जन'को मस्यौदा तयार गरी परिषद्को अर्को बैठकमा पेस गर्ने निर्णय गरेको थियो। त्यसका लागि सिफारिस समितिसमेत गठन गरिएको थियो।

> गृहमन्त्री र प्रदेशका आन्तरिक मामिलामन्त्रीहरूको बैठक **प्रहरी समायोजनको काम अघि बढाउने निर्णय**

सिफारिस समितिले कार्यविस्तृतीकरण परिमार्जन मस्यौदा टुंग्याएको छ। उक्त मस्यौदा परिषद्को आगामी बैठकमा पेस हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा परिषद् सदस्यसचिव एकनारायण अर्यालले बताए। यसका साथै बैठकमा दोहोरो अनुदान बन्द गर्ने र एकै प्रकृतिका कामका लागि बनाइएका अलग-अलग संरचना हटाउने प्रतिवेदनसमेत पेस हुनेछ।

'परिषद्को पहिलो बैठकले कार्यान्वयनमा देखिएको अस्पष्टता र दोहोरोपना हटाउने सम्बन्धमा निर्णय गरेको थियो,' उनले भने, 'सोहीअनुसार विभिन्न मस्यौदा र प्रतिवेदन तयार भएका छन्।

» पृष्ठ २ मा क्रमशः

समाजकल्याण परिषद्की उपाध्यक्षसँग अमेरिकी पिआर

उजुरी परेपछि राजीनामा दिने तयारी



● **काशीराज दाहाल,** संविधानविद्

अहिलेको संविधानअनुसार सार्वजनिक पदमा बसेको व्यक्तिले पिआर लिएको छ भने उक्त व्यक्ति पदमा बस्न योग्य हुँदैन। यो व्यवस्था संघीय निजामती सेवा ऐनमा पनि छ। राज्यको ढुकुटीबाट तलब खाने पदाधिकारी भए त्यो व्यवस्था संविधानमै छ। त्यसैअनुसार जसले नियुक्ति गर्छ त्यसैले बर्खास्त गर्नुपर्छ। निजामती भए विभागीय कारबाही हुन्छ, त्यसले पेन्सन पाउँदैन।

सुवास भट्ट/नयाँ पत्रिका

समाजकल्याण परिषद्की उपाध्यक्ष मोनिका भट्टराई अधिकारीले पदमा रहँदै अमेरिकी स्थायी बसोवास अनुमतिपत्र (पिआर) लिएको खुलेको छ। सासू उमा रेग्मी मन्त्री हुँदा सत्ता र शक्तिको दुरुपयोग गरेर परिषद्मा नियुक्ति पाएकी भट्टराईले अमेरिकी पिआरसमेत लिएको भेटिएको हो।

पिआर लिएकोलगायतका उजुरी मन्त्रालयदेखि अख्तियारसम्म परेपछि उपाध्यक्ष भट्टराईले पदबाटै राजीनामाको बाटो लिएकी छिन्। आफूले राजीनामा दिइसकेको भट्टराईले नयाँ पत्रिकालाई बताइन्। तर, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले भने राजीनामाको मौखिक जानकारी पाए पनि औपचारिक पत्र आइनसकेको बताए। 'स्वास्थ्य अवस्थाका कारण राजीनामा दिन लागेको विषय उहाँले मौखिक रूपमा जानकारी गराउनुभएको छ,' मन्त्री आचार्यले भने।

परिषद्मा नियुक्त हुँदा नै भट्टराईसँग अमेरिकी पिआर थियो। गत २५ भदौ ०७९ (१० नोभेम्बर २०२२) र ११ भदौ ०८० (२८ अक्टोबर २०२३) मा उनी अमेरिका गएको 'ट्राभल डकुमेन्ट'मा पनि प्रस्थान उद्देश्य (पर्पोज अफ डिपार्चर) 'पर्मानेन्ट रेसिडेन्ट' अर्थात् स्थायी बसोवास उल्लेख छ।

अमेरिकी पिआर बोकेर उपाध्यक्ष रहन मिल्छ ? भन्ने नयाँ पत्रिकाको प्रश्नमा भट्टराईले आफ्नो विवाह अमेरिकी नागरिकसँग भएका आधारमा पिआर पाएको बताइन्। यद्यपि, अहिले पिआर रद्दको प्रक्रिया अघि बढाएको उनको दाबी छ। 'मैले अमेरिकी नागरिकसँग विवाह गरेकी हुँ। अमेरिकाबाहिर ६ महिना बसेपछि स्टाटस आफैं रद्द हुन्छ, अमेरिका आफैंले रद्द गर्ने प्रक्रियामा लान्छ,' उनले भनिन्। तर, हालैको ट्राभल हिस्ट्रीले पिआर रद्दको प्रक्रिया चलेको देखाउँदैन। उनले वर्षमा दुईपटक अमेरिका

» पृष्ठ २ मा क्रमशः



मोनिका भट्टराई अधिकारी, उपाध्यक्ष, समाजकल्याण परिषद्

> मैले अमेरिकी नागरिकसँग विवाह गरेकी हुँ। अमेरिकाबाहिर ६ महिना बसेपछि स्टाटस आफैं रद्द हुन्छ, अमेरिका आफैंले रद्द गर्ने प्रक्रियामा लान्छ।

सासू मन्त्री हुँदा दिएकी थिइन् नियुक्ति

२ मंसिर ०७८ मा बसेको मन्त्रिपरिषद् बैठकले अधिकारीलाई परिषद्को उपाध्यक्षमा नियुक्ति गरेको थियो। नियुक्ति लिँदादेखि नै उनी विवादमा थिइन्। तत्कालीन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले भट्टराईलाई परिषद् उपाध्यक्ष बनाएकी थिइन्। उनी मन्त्री रेग्मीकी छोराबुहारी हुन्। रेग्मीको सिफारिसमै मन्त्रिपरिषद्ले अधिकारीलाई परिषद् उपाध्यक्ष नियुक्त गरेको थियो।



उमा रेग्मी

मन्त्रालयअन्तर्गतको परिषद् उपाध्यक्षलाई नेपाल सरकारको सचिवसरह तलब, सुविधा हुन्छ। रेग्मीले आफ्नी बुहारी नाताले नभई थुप्रै सामाजिक काम गरेका कारण सरकारले सक्षम ठानेर नियुक्त गरेको दाबी गरेकी थिइन्। भट्टराईको नियुक्तिमै सरोकारवालाहरूले प्रश्न उठाएका थिए। लोकतान्त्रिक गैरसरकारी संस्थाहरूको महासंघ (फेडेन)ले मन्त्री रेग्मीलाई ध्यानाकर्षणपत्र नै बुझाएको थियो। भट्टराईको नियुक्ति सुशासन ऐन प्रतिकूल भएको र यसले स्वार्थको द्वन्द्व निम्त्याउने फेडेनको धारणा थियो। परिषद् उपाध्यक्षको कार्यकाल चार वर्ष हुनेमा भट्टराई नियुक्त भएको दुई वर्ष मात्र पूरा भएको छ।

मन्त्रालयदेखि अख्तियारसम्म उजुरी

समाजकल्याण परिषद्की उपाध्यक्ष मोनिका भट्टराई अधिकारीले पिआर लिएको विषयमा मन्त्रालयदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा पनि उजुरी परेको छ। परिषद् अध्यक्षसमेत रहेका मन्त्री सुरेन्द्रराज आचार्यले पनि उपाध्यक्षको अमेरिकी पिआरसहित परिषद्का अन्य विषयमा मन्त्रालयमा उजुरी परेको र त्यसको छानबिन चलिरहेको बताए। तर, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले भने राजीनामाको मौखिक जानकारी पाए पनि औपचारिक पत्र आइनसकेको बताए। 'स्वास्थ्य अवस्थाका कारण राजीनामा दिन लागेको विषय उहाँले मौखिक रूपमा जानकारी गराउनुभएको छ,' मन्त्री आचार्यले भने।



सुरेन्द्रराज आचार्य

भारतको खर्चमा दुई संसदीय समितिका २८ सांसद दिल्ली र हिमाञ्चल जाँदै

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय समितिका सांसदहरू अध्ययन भ्रमणका लागि भारत जाने भएका छन्। प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका २८ सांसद भ्रमणमा जान लागेको संसद् सचिवालयले जनाएको छ। भ्रमणको खर्च भारतीय पक्षले नै व्यहोर्नेछ।

सचिवालयका अनुसार भारतीय संसद्को अन्तर्राष्ट्रिय समितिको निमन्त्रणामा सभापति राजकिशोर यादवको नेतृत्वमा ११ सदस्यीय टोली मंगलबार राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको उडानबाट नयाँदिल्ली प्रस्थान गर्दै छ। त्यसपछि कृषि समितिका २० जना सदस्य बाँदर बन्ध्याकरण प्रविधिको स्थलगत अध्ययन गर्न फेब्रुअरी दोस्रो साता भारतको हिमाञ्चल प्रदेश जाने तयारीमा छन्।

अन्तर्राष्ट्रिय समिति सभापति यादवले ३० जनवरीदेखि ६ फेब्रुअरीसम्म भारतको संसदीय व्यवस्थाबारे अध्ययन गर्न जान लागेको बताए। उनका अनुसार कांग्रेसबाट योगेश गौचन, एमालेबाट सुनिता बराल, हरि उप्रेती, सम्झना

» पृष्ठ २ मा क्रमशः

● **भारतीय संसद्को अन्तर्राष्ट्रिय समितिको निमन्त्रणामा सभापति राजकिशोर यादवको नेतृत्वमा ११ सदस्यीय टोली मंगलबार नयाँदिल्ली प्रस्थान गर्दै**





● **कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिकी सभापति डा. आरजु राणाको नेतृत्वमा २० सदस्य बाँदर बन्ध्याकरण प्रविधिको स्थलगत अध्ययन गर्न फेब्रुअरी दोस्रो साता भारतको हिमाञ्चल जाने तयारीमा**

● अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सभापति राजकिशोर यादव नेतृत्वको प्रतिनिधिमण्डलले भारतीय नयाँ संसद् भवनको निरीक्षणका साथै त्यहाँका सभामुखसँग भेट गर्नेछ। 'भारतीय संसद्को नयाँ भवनमा बैठक हुनेछ। उनीहरूको संसदीय प्रक्रिया कसरी चल्छ, त्यसबारे जानकारी गराउनुहुन्छ,' उनले भने। प्रतिनिधिमण्डलले भारतीय संसद्को अन्तर्राष्ट्रिय समितिका सभापति र सदस्यहरूसँग द्विपक्षीय अनुभव आदान-प्रदान गर्नेछ। राज्यसभाको भ्रमण तथा राज्यसभाका अध्यक्ष एवं उपराष्ट्रपतिसँग भेट गर्नेछ।

● समितिले कृषि र वन मन्त्रालयसँग समन्वय गरेर १० जना भेटेरिनरी डक्टर र पाँचजना फरेस्ट रेन्जरलाई फेब्रुअरी पहिलो साता तालिमका लागि हिमाञ्चल पठाउँदै छ, यसमा भारत सरकारको सहयोग रहनेछ। त्यसपछि दोस्रो साता समितिका सभापति डा. आरजु राणाको नेतृत्वमा २० जना सांसदको टोली भारत जाने तयारी रहेको समिति सचिवालयले जनाएको छ।

■ भिजिट भिसाको सेटिङ

नौ कर्मचारीसहित २२ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस

काठमाडौं/ अध्यागमन कार्यालयको मिलेमतोमा संगठित रूपमा भएको भिजिट भिसासम्बन्धी 'सेटिङ'को प्रहरीले अनुसन्धान पूरा गरी रायसहितको प्रतिवेदन बुझाएको छ। नौ अध्यागमन कर्मचारीसहित २२ जनालाई प्रतिवादी बनाउन प्रहरीले सिफारिस गरेको छ।

१० जनालाई पक्राउ गरेकोमा यसमा संलग्न देखिएका थप १२ जनालाई फरार प्रतिवादीका रूपमा मुद्दा दायर गर्न जिल्ला प्रहरी परिसर, काठमाडौंले आइतबार सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको हो। फरारमध्ये आठजना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, कार्यालयका अध्यागमन अधिकृत छन्। प्रहरीले अध्यागमन अधिकृत नरवीर खड्का र अन्य नौ बिचौलियालाई पक्राउ गरिसकेको छ। बिचौलियाको काम गर्ने दिनेश ज्ञवाली, रविन अर्याल, विनोद कार्की, गीता शाह, अरुण दाहाल, सरोजकुमार यादव, पदम लामा, मनोज लामा, रामप्रसाद भण्डारी पनि प्रहरी थुनामा छन्।

अध्यागमन अधिकृतहरू ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागो फरार छन्। ९ माघमा अदालतले उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। पक्राउ परेकाउपर अनुसन्धान पूरा गरी लिखत किर्ते तथा संगठित अपराधको कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको परिसरका प्रहरी नायब उपरीक्षक(डिएसपी) अंगुर जिसीले बताए।

त्यस्तै, सिनामंगलको बाल्टिन इन होटेलका सञ्चालक केदारबहादुर खड्का पनि गिरोहमा संलग्न रहेको खुलेको छ। बाराकी कौशिला मगर, सोलुखुम्बुकी लक्ष्मी राई, सिन्धुलीकी रीता दमाईंविरुद्ध पनि पक्राउ पुर्जी जारी भइसकेकोमा उनीहरू फरार छन्।

थुनामा रहेका अधिकृत खड्काको बयान र उनको मोबाइल परीक्षणबाट थप व्यक्तिको संलग्नता खुलेको हो। सुरुमा आफूलाई अधिकृत ताराबहादुर कुँवरले सेटिङ गिरोहसँग आबद्ध गराइदिएको र सबै कर्मचारी मिलेरै सेटिङ चल्दै आएको उनले बयान दिएको प्रहरी स्रोत बताउँछ। प्रहरीले खड्कालाई दुई लाख नगदसहित पक्राउ गरेको थियो। उनीमाथि अनुसन्धानको क्रममा अध्यागमन डेस्कमा जोसुकै भए पनि सेटिङ चल्ने पुष्टि भएको प्रहरीले जनाएको छ। जसले अध्यागमनमा संगठित रूपमै सेटिङ चल्दै आएको प्रहरी निष्कर्ष छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले यस प्रकरणमा दुई महिनाअघि प्रारम्भिक छानबिन गरी विस्तृत अनुसन्धानका लागि परिसरमा बुझाएको थियो। अनुसन्धानको क्रममा कर्मचारीलाई प्रतिवादी नबनाउन प्रहरीमाथि दबाब र प्रभाव थियो। गृह मन्त्रालयमा अध्यागमनका अधिकारीलाई नै राखेर प्रहरीले ब्रिफिङ गरेपछि अनुसन्धान अघि बढेको हो। त्यसविरुद्ध कर्मचारीले भने कामसमेत रोकेर विरोध गर्दै आएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केही दिनयता बढेको प्रहरी र अध्यागमन टकरावको एउटा कारण पनि यही भएको स्रोत बताउँछ। प्रहरीले प्रतिवादी बनाउन सिफारिस गरे पनि सरकारी वकिलमार्फत कर्मचारीलाई जोगाउन अझै प्रयास जारी छ।

भारतको खर्चमा...

पृष्ठ १ बाट क्रमशः

थपलिया, माओवादीबाट छिरिङ ल्हामु लामा (तामाङ), रास्वपाबाट शिशिर खनाल र नागरिक उन्मुक्तिका गंगाराम चौधरी भ्रमणमा जानेछन्। यसैगरी, समिति सचिव बबिता खनालसहित उपसचिव र शाखा अधिकृतसमेत तीनजना सचिवालय सदस्य पनि भ्रमण दलमा हुनेछन्।

सभापति यादवको नेतृत्वको नेपाली संसदीय प्रतिनिधिमण्डलले भारतीय नयाँ संसद् भवनको निरीक्षणका साथै त्यहाँका सभामुखसँग भेट गर्नेछ। 'भारतीय संसद्को नयाँ भवनमा बैठक हुनेछ। उनीहरूको संसदीय प्रक्रिया कसरी चल्छ, त्यसबारे जानकारी गराउनुहुन्छ,' उनले भने। सभापति यादवका अनुसार नेपाली प्रतिनिधिमण्डलले भारतीय संसद्को अन्तर्राष्ट्रिय समितिका सभापति र सदस्यहरू द्विपक्षीय अनुभव आदानप्रदान गर्नेछ। राज्यसभाको भ्रमण तथा राज्यसभाका अध्यक्ष एवं उपराष्ट्रपतिसँग भेट गर्नेछ।

यसका अलावा भारतीय विदेशमन्त्री र पर्यटनमन्त्रीसँग भेट्ने कार्यक्रम तय भएको सभापति यादवले बताए। त्यसपछि नेपाली राजदूतावासमा पूर्वभारतीय राजदूतहरूसँग छलफल गर्ने कार्यतालिका छ। कार्यतालिका अनुसार अर्को दिन नेपाली प्रतिनिधिमण्डल मुम्बई जानेछ। मुम्बईमा महाराष्ट्रका गर्भनर र मुख्यमन्त्रीसँग भेट्ने कार्यक्रम छ। त्यहाँका उद्योगी व्यवसायीसँग पर्यटन क्षेत्रमा लगानी भित्र्याउने गरी छलफल गर्ने कार्यतालिका छ। मुम्बईबाट नेपाली प्रतिनिधिमण्डल गोवा गएर त्यहाँको पर्यटन विकासको मोडलबारे जानकारी लिनेछ।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिनिधिमण्डल फेब्रुअरी दोस्रो साता भारत भ्रमणमा निस्किँदै छ। समिति सभापति डा. आरजु राणा देउवाका अनुसार बाँदरको बन्ध्याकरण प्रविधि बुझ्न सांसदहरू हिमाञ्चल प्रदेश जान लागेका हुन्। नेपालको कानुनले बाँदर मार्नुलाई अपराध मानेकाले बन्ध्याकरण गर्ने मोडलमा बहस भइरहेको छ। बाँदरले बाली नष्ट गर्दा हजारौं कृषक मर्कामा छन्। कृषकका तर्फबाट बाँदर नियन्त्रणमा पहल गरिदिन समितिमा उजुरी नै परेको छ। समितिले कृषि र वन मन्त्रालयसँग समन्वय गरेर १० जना भेटेरिनरी डक्टर र पाँचजना फरेस्ट रेन्जरलाई फेब्रुअरी पहिलो साता तालिमका लागि हिमाञ्चल पठाउँदै छ, यसमा भारत सरकारको सहयोग रहनेछ। त्यसपछि दोस्रो साता २० जना सांसदहरूको टोली भारतको सहयोगमा त्यसतर्फ जाने तयारी रहेको समिति सचिवालयले जनाएको छ।

समाजकल्याण...

पृष्ठ १ बाट क्रमशः

जानुको कारण स्वास्थ्य उपचारका लागि भएको पनि दाबी गरिन्।

नेपालको विद्यमान संविधान, कानुन, मापदण्ड र अभ्यासले पनि विदेशी पिआरधारीलाई सार्वजनिक नियुक्ति दिन नमिल्ने भनेको छ। तर, कानुनको उल्लंघन गर्दै भट्टराई परिषद्को उपाध्यक्षमा वहाल छिन्। 'अहिलेको संविधानअनुसार सार्वजनिक पदमा बसेको व्यक्तिले पिआर लिएको छ भने उक्त व्यक्ति पदमा योग्य हुँदैन। यो व्यवस्था संघीय निजामती सेवा ऐनमा पनि छ,' संविधानविद् तथा प्रशासनविज्ञ काशीराज दाहाल भन्छन्।

सार्वजनिक पदाधिकारीको हकमा पनि निजामती सेवा ऐनको व्यवस्थालाई नै आधार मानिने भएकाले पिआर लिनु गैरकानुनी हुने उनको तर्क छ। 'राज्यको ढुकुटीबाट तलब खाने पदाधिकारी भए त्यो व्यवस्था संविधानमै छ। त्यसैअनुसार जसले नियुक्ति गर्छ त्यसैले बर्खास्त गर्नुपर्छ। निजामती भए विभागीय कारबाही हुन्छ, त्यसले पेन्सन पाउँदैन,' उनले भने, 'कानुन र संविधानमा केही नभए नैतिकता हुन्छ, संविधानमै लेखेपछि त कानुनी प्रश्न नै भयो।'

पूर्वसचिव पूर्णचन्द्र भट्टराई पनि सार्वजनिक सेवामा रहेकाको हकमा पिआरको विषय अन्य कानुनमा स्पष्ट नभए पनि निजामती सेवाको कानुनलाई नै आधार मान्ने अभ्यास रहेको बताउँछन्। 'पिआर लिएपछि व्यक्तिको उत्तरदायित्व दुईतिर हुन्छ,' उनी भन्छन्, 'यो सामान्यतया मिल्ने कुरा होइन।'

निजामती सेवा ऐन, २०४९ को दफा ४९ 'ख'मा निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिन नहुने उल्लेख छ। स्थायी आवास अनुमति भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोवास गर्न पाउने नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी एमिग्रेन्ट भिसा (डिभी), पर्मानेन्ट रेजिडेन्ट भिसा (पिआर) वा ग्रिनकार्ड सम्झनुपर्ने र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउने ऐनमा उल्लेख छ। पिआर लिएमा वा सोका लागि आवेदन दिएमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने व्यवस्था ऐनको दफा ६१ मा छ।

समाजकल्याण परिषद्को पदाधिकारी मनोनयनसम्बन्धी मापदण्ड, २०७३ ले स्पष्ट नभए पनि उपाध्यक्ष नियुक्तिको योग्यतामा नेपालको नागरिक भएको हुनुपर्ने, नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएकोलगायतका व्यवस्था छन्।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टांडी, चितवन तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको तथ धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५(पन्ध्र) दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१५ गते सोमवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०८/२२ गते शुक्रवारको चितवन पोष्ट् राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणी तथा जमानतकताले कर्जा चुक्ता नगरेकाले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय टांडी, चितवनमा** दिनको ठीक ३ :०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क.ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय भरतपुर, चितवनमा सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम मिति २०७०/०२/०५ मा दर्ता नं. संस्था/१०९०/२०६९/२०७० मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर, करदाता सेवा कार्यालय भरतपुर चितवनबाट मिति २०७०/०२/१७ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०११५५३८७ को प्रमाणपत्र प्राप्त **उपरदाङगढी कृषि तथा पशुपंक्षीपालन सहकारी संस्था लि. । ठेगाना :** चितवन जिल्ला कालिका न.पा.वडा नं.०८, (साविक शक्तिखोर गा.वि.स.वडा नं.०४)।	**सञ्चालक तथा जमानतकर्ता : बद्रीनाथ घिमिरे** (ना.प्र.प.नं.११९७३ जारी मिति २०३४/०३/१९ जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। ठेगाना : चितवन जिल्ला देवौलि गा.वि.स.वडा नं.५ (हाल रत्ननगर न.पा.वडा नं.२)। बाबु : मार्कण्ड घिमिरे। बाजे : लक्ष्मण घिमिरे।
सञ्चालक तथा जमानतकर्ता : अर्जुन पाण्डे (ना.प्र.प.नं.४५९८ जारी मिति २०३९/०१/१३, जारी गर्ने कार्यालय जि.प्र.का चितवन)। ठेगाना : चितवन जिल्ला जुटपानी गा.वि.स.वडा नं.४ (हाल कालिका न.पा. वडा नं.२)। बाबु : लाल बहादुर पाण्डे। बाजे : टिका बहादुर पाण्डे।	**सञ्चालक तथा जमानतकर्ता : सीताराम पोखरेल** (ना.प्र.प.नं. ४१९६ जारी मिति २०३७/०६/०५ जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। ठेगाना : चितवन जिल्ला पंचकन्य गा.वि.स.वडा नं.९, (हाल रत्ननगर न.पा.वडा नं.२,)। बाबु : जिवनाथ पोखरेल। बाजे : नारायण दत्त पोखरेल।
सञ्चालक तथा जमानतकर्ता : भिम बहादुर नेपाल (ना.प्र.प.नं. ३५/३३०३ जारी मिति २०४४/११/३० जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। ठेगाना: चितवन जिल्ला रत्ननगर न.पा.वडा नं.३। बाबु : हरि बहादुर नेपाल। बाजे :मुकुन्द प्रसाद नेपाल।	**सञ्चालक तथा जमानतकर्ता : शिवलाल श्रेष्ठ** (ना.प्र.नं. १३७०/०३५ जारी मिति २०५२/०१/०४ जारी गर्ने कार्यालय जि.प्र.का चितवन)। ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा.वडा नं.१० (साविक रत्ननगर न.पा.वडा नं. ८)। बाबु : हरि नारायण श्रेष्ठ। बाजे : लक्ष्मी प्रसाद श्रेष्ठ।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. **बद्री घिमिरे र भिम बहादुर नेपालको** संयुक्त नाममा मालपोत कार्यालय **खैरहनी** चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला उपरदाङगढी गा.वि.स. वडा नं.४ नक्सा सिट नं.४घ स्थित कित्ता नं. २७, ४५, ३९,४०, ५१, ४६ र ४८ को क्षेत्रफल ०-६-२-०, ०-१०-०-०, ०-६-०-०, ०-१२-०-०, ०-२-०-०, ०-११-१७.५-० र ०-८-२-० जग्गा तथा सो जग्गाले चर्चेको सर्मपूण लिगलगापात समेत........१

२. **बद्री घिमिरेको** नाममा मालपोत कार्यालय **खैरहनी** चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला उपरदाङगढी गा.बि.स. वडा नं. ४, नक्सा सिट नं. ४घ स्थित कित्ता नं.२४, २६, ६१ र ६२ को क्षेत्रफल ०-६-५-०, ०-६-२-०, ०-५-०-० र ०-५-०-० जग्गा तथा सो जग्गाले चर्चेको सर्मपूण लिगलगापात समेत........१

३. ऋणी **उपरदाङगढी कृषि तथा पशुपंक्षीपालन सहकारी संस्था लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, शाखा कार्यालय टाँडी चितवन र अन्य शाखा कार्यालयहरु**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय टाँडी चितवनमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

पूर्वराष्ट्रपतिद्वयको...

पृष्ठ १ बाट क्रमशः

घरभाडासहित मासिक करिब चार लाख रुपैयाँबराबरको सुविधा बुझ्दै आएका छन्। निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले घरभाडा र गाडी लिएकी छैनन्, अरू सुविधा भने लिइरहेकी छिन्।

भण्डारीको सुरक्षामा खटिएका सुरक्षाकर्मी बस्ने घरको भाडासमेत सरकारले तिर्न थालेको छ। उनी बसिरहेको भंगालस्थित निवासछेउमै सुरक्षाकर्मीका लागि अर्को घर भाडामा लिइएको छ। जसको मासिक एक लाख भाडा गृह मन्त्रालयले तिर्न थालेको छ।

कार्यकाल सकिएर गत २९ फागुनमा भण्डारी शीतलनिवासबाट बाहिरिएकी थिइन्। त्यसअघि माघमै उनको सचिवालयले अवकाशपछि भण्डारीले सरकारी सेवा-सुविधा नलिने जानकारी सञ्चारमाध्यमलाई गराएको थियो।

अर्थ मन्त्रालय स्रोतका अनुसार पूर्वराष्ट्रपति भण्डारीले चैतदेखि असारसम्मको सेवा-सुविधाबापत एकमुस्ट सात लाख चार हजार नौ सय १३ रुपैयाँ बुझेकी छिन्। साउनदेखि भने उनी र उनका सचिवालयका कर्मचारीको खातामा मासिक रूपमा भत्ता तथा तलब जाने गरेको छ। उनको सुरक्षामा खटिएका सुरक्षाकर्मी बस्ने घरभाडाको निर्णय भने गत असोजमा मात्र भएको स्रोत बताउँछ। चैतदेखि असोजसम्मको एकमुस्ट भुक्तानी गरिएकामा त्यसयता हरेक दुई-दुई महिनाको भाडा गृहले भुक्तानी गर्दै आएको छ। सुरक्षाकर्मीकै लागि मासिक एक लाख तिरेर घर भाडामा लिएको विषयमा गृह र अर्थका कर्मचारीसमेत सन्तुष्ट छैनन्। तर, मन्त्रिपरिषद्बाटै निर्णय भएपछि भुक्तानी गरिएको छ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले पूर्वविशिष्ट व्यक्तिलाई दिइने सुविधासम्बन्धी मापदण्डअनुसार नै सुरक्षाकर्मीका लागि घरभाडा उपलब्ध गराउन थालिएको बताए। 'पूर्वराष्ट्रपतिले घरभाडालगायत सुविधा पाउने कार्यविधि सरकारले बनाएको छ,' उनले भने 'त्यही कार्याविधिअनुसार हामीले सेवा-सुविधा उपलब्ध गराउँदै आएका छौं, मापदण्डविपरीत कसैलाई दिइएको छैन।' पूर्वविशिष्टहरूलाई यसरी नै सुविधा दिने हो भने राज्यले थेग्नै नसक्ने अवस्था आउने अर्थ मन्त्रालयका कर्मचारीको भनाइ छ।

डा. यादवलाई मात्र वार्षिक ५० लाखको सेवा-सुविधा

गणतन्त्रपछिका प्रथम राष्ट्रपति डा. रामवरण यादवको सेवा-सुविधामा सुरक्षाकर्मीबाहेक नै सरकारले गृह मन्त्रालयमार्फत वार्षिक करिब ५० लाख खर्च गर्दै आएको छ। उनी बस्दै आएको घरको मासिक भाडा एक लाख ९२ हजार छ, जुन गृह मन्त्रालयले तिर्छ। आफ्नो घर साँघुरो भएको भन्दै उनी ललितपुरमा भाडाको घरमा बस्दै आएका छन्।

यादवलाई सरकारले मासिक ५० हजार रुपैयाँ भत्ता उपलब्ध गराउँछ। उपसचिवस्तरको एक स्वकीय सचिव, एक कार्यालय सहयोगी र एक सवारीचालकको सुविधा पनि दिइएको छ। उनीहरूको खातामै तलब पठाउने गरिएको छ। त्यस्तै, सरकारी गाडी तथा मासिक दुई सय सात लिटर इन्धन पनि यादवले गृहबाट लिँदै आएका छन्।

त्यस्तै, अतिथि सत्कारका लागि पूर्वराष्ट्रपति यादवले मासिक १० हजार, पत्रपत्रिका खर्च मासिक तीन हजार, टेलिफोन खर्च मासिक एक हजार सुविधा पाउँछन् भने बिजुली, पानी र इन्टरनेटको बिलअनुसारको भुक्तानी गर्ने गरिएको गृह मन्त्रालयले जनाएको छ। यादवको सुरक्षामा सेनासहित २१ सुरक्षाकर्मी खटिएका छन्। यसबाहेक पूर्वराष्ट्रपति यादवले पटक-पटक गरेर राज्यबाट एक करोडभन्दा धेरै उपचार खर्च लिइसकेका छन्।

के-के सुविधा लिएकी छिन् निवर्तमान राष्ट्रपति भण्डारीले ?

निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी भंगालस्थित छोरीको घरमा बस्दै आएकी छिन्। उनले घरभाडा र गाडी सुविधा लिएकी छैनन्। तर, सुरक्षाकर्मीका लागि घर नै भाडामा लिएर सरकारमार्फत तिर्न लगाइएको छ। कार्यविधिमा पूर्वराष्ट्रपतिलाई घरभाडा दुई लाखसम्म दिन सकिने, तर सुरक्षाकर्मीका लागि छुट्टै घरभाडा तिर्न मिल्ने प्रावधान छैन। तैपनि राष्ट्रपतिकै आवासका रूपमा व्याख्या गरी मन्त्रिपरिषद्ले भाडा उपलब्ध गराउन थालेको हो।

भण्डारीले पनि मासिक ५० हजार भत्ता पाउँछिन्। सरकारी सुविधाको गाडी नलिए पनि मासिक दुई सय सात लिटर इन्धन लिने गरेकी छिन्। उपसचिवस्तरका एक स्वकीय सचिव, एक कार्यालय सहयोगी र एक चालकको सुविधा गृहले उनलाई उपलब्ध गराएको छ। गृह मन्त्रालयमार्फत उनीहरूले तलब-भत्ता बुझ्छन्।

त्यस्तै, पत्रपत्रिका खर्च मासिक तीन हजार र टेलिफोन खर्च मासिक एक हजार सुविधा भण्डारीले लिने गरेकी छिन्। बिजुली, पानी र इन्टरनेटको खर्च भने बिलअनुसार भुक्तानी गर्ने गरिएको छ। भण्डारीको सुरक्षामा २० सुरक्षाकर्मी खटिएका छन्। सुरक्षाकर्मीका लागि चम्पा सुवेदीको घर भाडामा लिइएको छ। सुवेदीका अनुसार घरवहाल कर आफैँले तिर्ने गरी सो घरभाडाको सम्झौता भएको छ। 'अघिल्लो चैतदेखि पूर्वराष्ट्रपति विद्या भण्डारीज्यूको सुरक्षार्थ खटिनुभएका सुरक्षाकर्मीहरूका लागि गृह मन्त्रालयले मेरो घर आवासका रूपमा प्रयोग गरेको छ। मन्त्रालयको प्रस्तावअनुसार मैले भाडाका लागि दिएको हुँ। गृह मन्त्रालयले घरभाडा सम्झौता गरेको छ,' उनले भनिन्, 'सम्झौताअनुसार मासिक रूपमा एक लाख रुपैयाँ दिने गर्छ। त्यसबाट करबापतको रकम मैले राज्यलाई बुझाउने गरेकी छु।'

भण्डारीका स्वकीय सचिव राजकुमार राईले पूर्वघोषणाअनुसार आवास र गाडी सुविधा भने नलिएको बताए। 'पूर्वराष्ट्रपतिज्यूले अवकाश लिनुअघि सरकारी आवास, मासिक रूपमा आवासको मर्मतसम्भार खर्च र सरकारले दिने गाडी सुविधा नलिने घोषणा गर्नुभएको थियो। ती सुविधा अवकाशपछि अहिलेसम्म लिनुभएको छैन,' उनले भने, 'सहयोगीका रूपमा स्वकीय सचिवालयमा मसहित ड्राइभर र एकजना कार्यालय सहयोगी कार्यरत छौं। तीनजनाको मासिक तलब सरकारले सबैको अलग-अलग बैंक खातामा उपलब्ध गराउँदै आएको छ।' सरकारबाट छुट्टै एकमुस्ट सात लाख रुपैयाँ बुझेको सूचना गलत भएको उनको दाबी छ।

आफैँले बनाएको निजी निवास भएकाले कम्पाउन्डभित्र सुरक्षाकर्मी बस्ने छुट्टै ठाउँ नहुँदा सुरक्षामा खटिने सेनाका क्याप्टेन नेतृत्वको टोलीलाई गृह मन्त्रालयले नजिकैको घर भाडामा लिएर राखेको राईले बताए। 'पूर्वराष्ट्रपतिलाई सुरक्षा दिने दायित्व सरकारको हो। त्यसैले कसरी सुरक्षाकर्मीको व्यवस्थापन गर्ने, के गर्ने सबै सरोकार र दायित्व सरकारकै भएकाले पूर्वराष्ट्रपतिज्यूको सचिवालयको खास सरोकार र चासो रहने कुरा भएन। घरबेटीसँग भाडा सम्झौता गरेर गृह मन्त्रालयले सुरक्षाकर्मीका लागि बस्ने व्यवस्था गरेको छ,' उनले भने। तर, पूर्वराष्ट्रपति भण्डारीले सुरक्षाकर्मी बस्ने घरको भाडा तिरिदिन यसअघि नै गृह मन्त्रालयलाई आग्रह गरेकी थिइन्।

पूर्वसचिव शारदाप्रसाद त्रितालले देशको आर्थिक अवस्था कमजोर भएको वेला पूर्वराष्ट्रपतिले वर्षमा ५० लाख रुपैयाँका लागि मुख ताक्नु लाजमर्दो भएको बताए। 'सरकारले कानुन बनाएर सुविधा दिनु नराम्रो होइन,' उनले भने, 'तर, पूर्वराष्ट्रपतिज्यूहरूको अवस्था कमजोर छ जस्तो पनि लाग्दैन, आफ्नो पदको गरिमाका लागि पनि यो सुविधा लिन्नौं भन्नुपर्छ। यस्तो सुविधा नलिँदा नै पूर्वराष्ट्राध्यक्षहरूको पदको गरिमा बढ्ने हो।'

ट्रान्सपरेन्सी इन्टरनेसनलकी अध्यक्ष पद्मिनी प्रधानांग भूतपूर्व राष्ट्रपतिहरूलाई देशले पाल्न नसक्ने बताउँछिन्। यस्तो सुविधा लिने प्रवृत्तिले देश आर्थिक भारमा पर्नुका साथै गणतन्त्रलाई समेत बदनाम गरेको उनको भनाइ छ। 'हिजो राजा विलासी भए भनेर हामीले गणतन्त्र ल्यायौँ,' उनले भनिन्, 'अहिले राजाकै शैलीमा पूर्वराष्ट्रपतिहरूसमेत सुविधाभोगी हुने हो भने राजतन्त्र र अहिलेमा के फरक भयो ?' धनी देशका राष्ट्रपतिहरू अवकाशपछि काम गर्ने गरेको उदाहरण दिँदै प्रधानांगले सादा जीवन बाँचेर समाजमा नागरिकका लागि उदाहरणीय बन्न पूर्वराष्ट्रपतिद्वयलाई सुझाव दिइन्। देश ऋणमा भएका वेला यसरी सुविधा लिनु गम्भीर नैतिकताको विषय भएको उनको भनाइ छ। 'आफ्नो घर भाडामा लगाएर सरकारसँग आफू बस्ने घरको भाडा माग्नु नैतिकताका आधारमा पटक्कै नसुहाउने कुरा हो,' उनले भनिन्।

पूर्वउपराष्ट्रपतिद्वयलाई पनि सचिवालयसहितको सुविधा दिने प्रस्ताव

पूर्वउपराष्ट्रपतिहरूलाई पनि गाडी र चालकबाहेक नियमित भत्ता र सचिवालयसहितको सुविधा दिने प्रस्ताव अघि बढे पनि निर्णय भने भइनसकेको गृह मन्त्रालय स्रोत बताउँछ। पूर्वउपराष्ट्रपति परमानन्द झा र नन्दबहादुर पुनले सुविधाका लागि आग्रह गर्दै आएका छन्।

अहिले पूर्वउपराष्ट्रपतिद्वयलाई गाडी र चालकको सुविधा मात्र दिइएको छ। उनीहरूलाई पनि मासिक भत्ता, स्वकीय सचिवलगायतको सुविधा दिनेबारे छलफल भइरहेको स्रोत बताउँछ। 'पूर्वउपराष्ट्रपतिज्यूहरूले पनि सुविधा माग्नुभएको छ,' गृहका एक अधिकारीले भने, 'तर, यस सम्बन्धमा मन्त्रिपरिषद्बाट कुनै निर्णय भएर आइसकेको छैन।'

कानुनविना नै सुविधा

सरकारले पूर्वविशिष्टहरूलाई कानुनविना नै सेवा-सुविधा दिइरहेको छ। सर्वोच्च अदालतले यसअघि कानुन बनाएर मात्र पूर्वविशिष्टलाई सेवा-सुविधा दिन भनेको थियो। तर, अहिलेसम्म कानुन बनाइएको छैन। मन्त्रिपरिषद्बाट पारित सामान्य कार्यविधिका आधारमा उनीहरूलाई सुविधा दिने गरिएको छ। सर्वोच्चले २२ मंसिर ०६८ मा संसद्बाट कानुन बनाएर मात्रै पूर्वविशिष्टहरूलाई सेवा-सुविधाको व्यवस्था गर्न आदेश दिएको थियो। तर, अहिलेसम्म यससम्बन्धी कानुन बनेको छैन। मन्त्रिपरिषद्बाट सामान्य कार्यविधिका आधारमा यस्तो सुविधा दिइँदै आइएको छ। सर्वोच्चकै पूर्वप्रधानन्यायाधीशहरूले पनि कानुनविना नै गाडीलगायत सुविधा लिँदै आएका छन्।

कोशीमा...

पृष्ठ १ बाट क्रमशः

रहेका छन्। अध्यादेशमा थपिएका पदाधिकारीको पारिश्रमिक भने उल्लेख छैन। 'पारिश्रमिक कति दिने के दिने भनेर ऐनको अनुसूची परिवर्तन भएको छैन। यो सरकारलाई सोध्नुपर्छ,' प्रदेश सभाका सचिव गोपालप्रसाद पराजुलीले भने, 'थपिएका पदाधिकारीलाई दिने गाडी हामी (प्रदेश सभा सचिवालय)सँग छैन सरकारले नै दिन्छ होला।'

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईले नेताहरूको सुरक्षालाई दृष्टिगत गरेर सुविधा बढाइएको जिकिर गरे। 'यो निर्णय विलासिताका लागि होइन। पहिचानवादीको आन्दोलनले पूर्वमुख्यमन्त्री र शीर्ष नेतालाई सुरक्षा थ्रेड छ। उहाँहरूलाई सुरक्षा दिनुपर्छ। सांसद गाउँ जाँदा ढुंगामुढा हुने अवस्था छ,' राईले भने, 'सुरक्षा दिन ऐन संशोधन हो। पूर्वमुख्यमन्त्री सदनमा रहँदासम्म स्थानमाथि नै हुने भएकाले सम्मान पनि गर्नुपर्दछ।'

तर, प्रमुख प्रतिपक्षले सत्ता टिकाउन सुविधा बाँडिएको आरोप लगाएको छ। प्रमुख प्रतिपक्षी एमाले कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सत्ता टिकाउन सुविधा बाँडिएको आरोप लगाए। गठबन्धन दलका शीर्ष नेतालाई रिझाउने गरी अध्यादेश ल्याइए पनि कालान्तरमा यसले राज्यको व्ययभार थप्ने उनले बताए। 'सरकारले अध्यादेश ल्याएर प्रदेश संरचनाप्रति वितृष्णा पैदा गरेको छ। अध्यादेशमा सत्तारुढ पार्टीका दलका सबै नेतालाई गाडी दिने उल्लेख छ। यो सम्भव हुने कुरा हो ?' उनले प्रतिप्रश्न गरे, 'सुविधा बाँडेर र बढाएर सरकार टिकाउने खेल गलत छ। नेता रिझाउने खेल भयो। जनताले तिरेको कर नेतालाई बाँडेर संरचना बदनाम गर्ने कुराको एमालेले सशक्त विरोध गर्छ।'

तीन तहका...

पृष्ठ १ बाट क्रमशः

परिषद्को आगामी बैठकले पारित गरेपछि अधिकार र कार्यक्षेत्र अझ स्पष्ट हुनेछ।'

संविधानले तीनै तहका लागि कार्यक्षेत्र र अधिकार तोकेको भए पनि त्यसमा विवाद हुँदै आएको छ। योजना तथा कार्यक्रम कार्यान्वयनदेखि राजस्व संकलनमा विवाद देखिँदै आएको छ। संविधानको अनुसूची ५ देखि ९ सम्मका सूचीहरूले तीन तहका सरकारको एकल तथा साझा अधिकार सूची निर्दिष्ट गरेको छ।

संविधानबमोजिम तीन तहबीच अधिकार क्षेत्र स्पष्ट गर्न १८ माघ ०७३ मा मन्त्रिपरिषद्बाट कार्यविस्तृतीकरण स्वीकृत गरे पनि तीन तहका सरकारबीच अधिकार क्षेत्रमाथिको विवाद साम्य भएको छैन। यसैलाई निर्क्योल गरी स्पष्टता ल्याउन सरकारले परिमार्जनको प्रक्रिया अघि बढाएको हो।

कार्यविस्तृतीकरण परिमार्जनबाट खासगरी करका क्षेत्र, प्राकृतिक स्रोत, कर्मचारी परिचालनलगायत विषयमा तीन तहबीच देखिएका विवादको गाँठो फुकाउने प्रयास गरिएको हो। अहिले कार्यविस्तृतीकरण परिमार्जनको मस्यौदालाई अन्तिम रूप दिने काम भइरहेको सिफारिस समितिकी सदस्यसचिव एवं सहसचिव रेखा दासले जानकारी दिइन्।

राजनीतिक तहबाट लिइयो सुझाव

कार्यविस्तृतीकरण परिमार्जन मस्यौदा प्रतिवेदनमाथि आइतबार राजनीतिक दलका प्रतिनिधिबीच छलफल गरिएको छ। छलफलमा उपप्रधानमन्त्रीहरू, दुवै सदनका संसदीय समितिका सभापतिहरू र संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि सहभागी थिए। पाँच घन्टासम्म चलेको बैठकमा सहभागीले मस्यौदामाथि आ-आफ्ना सुझाव राखेका थिए। 'आजको कार्यक्रमले मस्यौदालाई थुप्रै सुझाव दिएको छ,' सहसचिव रेखा दासले भनिन्, 'अब थप छलफल गरेर मस्यौदालाई अन्तिम रूप दिएर सिफारिस समितिमा पेस गरिनेछ।' समितिले मस्यौदामा थप छलफल गर्दै अन्तिम टुंगो लगाएर परिषद्को सचिवालयमा पेस गर्नेछ। 'प्रधानमन्त्रीज्यूले माघको अन्तिमसम्ममा परिषद्को बैठक राख्ने तयारी गर्न निर्देशन दिनुभएको छ, सोहीअनुसार तयारी भइरहेको छ,' उनले भनिन्।

■ प्रहरी समायोजनको

काम अघि बढाउने निर्णय

काठमाडौं/ लामो समयदेखि अल्झिएको प्रदेशमा प्रहरी समायोजनको कामले गति लिने भएको छ। गृहमन्त्री नारायणकाजी श्रेष्ठको संयोजकत्वमा आइतबार बसेको विषयगत समितिको बैठकले प्रहरी कर्मचारी सामायोजन प्रक्रिया अघि बढाउने निर्णय गरेको हो।

सातै प्रदेशका आन्तरिक मामिलामन्त्रीहरू उपस्थित रहेको बैठकले प्रहरी कर्मचारी समायोजन ऐन ०७६, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन ०७६ लगायत विषय सम्बद्ध अन्य ऐन पनि संशोधन गर्ने र समायोजन प्रक्रियालाई पनि सँगसँगै अघि बढाउने निर्णय गरेको छ। सरकारले ऐन संशोधनअघि नै प्रहरी कर्मचारी समायोजन प्रक्रिया अघि बढाउनेछ र यस क्रममा कानुनी जटिलता आए तत्काल ऐन संशोधन गर्नेछ।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले विषयगत समिति बैठकले प्रहरी समायोजन तत्काल अघि बढाउने निर्णय गरेको र उक्त निर्णय बुधबार (१७ माघ) बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकमा पेस हुने बताए। 'प्रहरी समायोजनको विषय लामो समयदेखि अड्किएर बसेको थियो। यसलाई तत्काल अघि बढाउने निर्णय भएको छ। निर्णय अब बस्ने राष्ट्रिय समन्वय परिषद्को बैठकमा पेस हुनेछ। त्यसपछि समायोजनको काम अघि बढ्नेछ,' उनले भने।

प्रधानमन्त्रीको नेतृत्वमा रहने राष्ट्रिय समन्वय परिषद्को बैठकले समायोजन समिति गठन गर्ने र त्यसैले प्रहरी कर्मचारी समायोजनको काम अघि बढाउनेछ। बैठकमा सहभागी बागमती प्रदेशका आन्तरिक मामिलामन्त्री गंगानारायण श्रेष्ठले भने, 'आइतबारको बैठकले प्रहरी कर्मचारी समायोजन कार्य अघि बढाउने र कानुनी जटिलता आए ऐन संशोधन गर्दै जाने निर्णय गरेको छ। निर्णयअनुसार १७ गते (बुधबार) राष्ट्रिय समन्वय परिषद्को बैठक बस्नेछ। बैठकमा प्रहरी कर्मचारी समायोजनको विषयले प्रवेश पाउनेछ। बैठकले समायोजनका निम्ति समिति गठन गर्नेछ। त्यसपछि प्रहरी कर्मचारी समायोजनको प्रक्रिया अघि बढ्नेछ। त्यसो हुँदा यसलाई प्रहरी समायोजनको कामले गति लिएको मान्नुपर्छ।' राष्ट्रिय समन्वय परिषद्को बैठकमा संघसहित प्रदेश र स्थानीय तहका प्रतिनिधि सहभागी हुने कानुनी व्यवस्था छ।

संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, ०७७ को दफा २२ मा विषयगत समितिको व्यवस्था गरिएको छ। बैठकको अध्यक्षता सम्बन्धित विषयसँग सम्बन्धित मन्त्रालयका मन्त्रीले गर्ने र सदस्यका रूपमा सातै प्रदेशका सम्बन्धित विषयको मन्त्री रहने व्यवस्था छ। बैठक वर्षमा एकपटक बस्ने भनिए पनि कानुन कार्यान्वयन भएयता हालसम्म कुनै पनि बैठक बस्न सकेको थिएन। सोही बैठक गृहमन्त्री श्रेष्ठले आइतबार डाकेका थिए। बैठकमा सातै प्रदेशका आन्तरिक मामिलामन्त्री सहभागी थिए।

प्रहरी कर्मचारी समायोजन ऐन, ०७६ को दफा १८ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन ०७६ को दफा १४ मा क्रमशः समन्वय समिति र प्रहरी समन्वय समितिको व्यवस्था गरिएको छ। कानुनअनुसार समितिको संयोजक संघीय सरकारको गृहमन्त्री रहने व्यवस्था छ। सम्बन्धित सातै प्रदेशको आन्तरिक मामिलामन्त्री, गृह मन्त्रालयको सचिव र नेपाल प्रहरीको प्रहरी महानिरीक्षक सदस्य रहने व्यवस्था छ। तर, हालसम्म उक्त समितिको बैठक बस्न सकेको छैन। कानुन कार्यान्वयनमा आएको चार वर्षसम्म पनि प्रहरी कर्मचारी समायोजन नभएपछि प्रदेश सरकार संघीय सरकारसँग रुष्ट छ। यस क्रममा प्रदेशका आन्तरिक मामिलामन्त्रीदेखि मुख्यमन्त्रीले समेत सरकारको पटक-पटक ध्यानाकर्षण गराएका छन्।

'राजनीतिक प्रकृतिका मुद्दा फिर्ता लिने' प्रावधान हटाउन सांसदहरूको माग

केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकमाथिको छलफलका क्रममा निष्ठामै प्रश्न उठाएको भन्दै संसदीय समितिमा मन्त्री गुरुङको आपत्ति

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा आइतबार केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको दफा ६४ मा संशोधनकर्ता सांसदसँग छलफल भएको छ। सर्वाधिक चासोका रूपमा हेरिएको दफा ६४ ले राजनीतिक प्रकृतिका जुनसुकै मुद्दा फिर्ता लिन मिल्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ लाई संशोधन गर्न खोजेको छ। अपराधलाई राजनीतिक आवरणमा संरक्षण गर्न नहुने भन्दै ३३ जना सांसदले २८ वटा संशोधन हाल्दै विधेयकबाट दफा ६४ हटाउन माग गरेका छन्।

विधेयकको दफा ६४ ले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ (क) थपेर 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' प्रस्ताव गरेको छ। दफा ११६ मा फिर्ता गर्न नमिल्ने मुद्दाको सूची छ। सरकारले ल्याएको विधेयकमा राजनीतिक नेता-कार्यकर्ताविरुद्ध चलाइएका जुनसुकै विचाराधीन मुद्दा फिर्ता लिन मिल्ने गरी व्यवस्था गरिएको छ।

मुलुकी फौजदारी अपराध संहितामा नकारात्मक र सकारात्मक सूचीका मुद्दा छुट्याइएर सकारात्मक सूचीमा रहेका मुद्दा अहिले पनि अदालतको सहमतिमा फिर्ता लिन सकिने प्रावधान छ। नकारात्मक सूचीका मुद्दा फिर्ता लिन नमिल्नेमा 'राजनीतिक प्रकृतिका मुद्दा फिर्ता लिन मिल्ने' भन्ने प्रावधान राखेर अपराधलाई राजनीतिक रंग दिएर उन्मुक्ति दिन खोजेको धेरैको आशंका छ। यही स्पिरिटमा संशोधनकर्ता सांसदले आफ्नो संशोधन प्रस्तुत गर्दै कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङको निष्ठामाथि नै प्रश्न उठाए। टीकापुर घटना काण्डमा रेशम चौधरीलाई रिहा गर्न तत्कालीन सरकारले अध्यादेश ल्याउँदा सामाजिक सञ्जालमार्फत विरोध गरेका गुरुङ मन्त्री भएपछि फेरिएको, बेथितिलाई साथ दिएको भन्दै सांसदले समितिमा आलोचना गरे। सुशासनको पक्षमा बोलिरहने, सरकारलाई प्रश्न गर्ने स्पष्ट नेताको छवि बनाएका गुरुङले मन्त्री भएपछि निरन्तर प्रश्नको सामना गरिरहनुपरेको छ। सबैभन्दा बढी 'हिंसालाई राजनीतिक संरक्षण दिएर दण्डहीनतालाई प्रश्रय दिने' कानुन बनाउन खोजेको भनेर उनको आलोचना भइरहेको छ।

गुरुङले कानुनमन्त्रीको हैसियतमा २६ वैशाखमा यो विधेयक प्रतिनिधिसभामा दर्ता गरेका थिए। अहिले कानुन समितिमा दफावार छलफलका क्रममा छ। आइतबार समितिमा उपस्थित संशोधनकर्ता स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विगतमा आफैँले विरोध गरेको विषयमा युटर्न हुने गरी किन फेरिएको भनेर प्रश्न उठाए। 'तपाईं पहिला स्ट्यान्ड लिने मान्छे हो। यही इस्युमा तपाईंको ट्विट स्टाटस पढेको थिएँ। अहिले तपाईं किन फेरिनुभयो ?' उनले सोधे।

रास्वपाकी सांसद सुमना श्रेष्ठले मन्त्री गुरुङको नियतमै प्रश्न उठाउँदै भनिन्, 'यो विधेयकमा जस्केलाबाट सुटुक्क छिराइएको छ, कसैले थाहा नपाई पारित होस् भन्ने नियत देखिन्छ।' उनले अदालतको नजिर, संविधानको धारा २१ को पीडितको हकविरुद्ध, धारा ४६ को संवैधानिक उपचारको हकविरुद्ध विधेयक मस्यौदा हुँदा कानुन मन्त्रालयबाट किन स्वीकृति दिएको भनेर प्रश्न गरिन्। रास्वपाकै गणेश पराजुलीले पनि मन्त्रीको मनसायमा प्रश्न उठाउँदै भने, 'जस्केला होइन, झ्यालबाट छिराइएको छ। राजनीतिले अपराधलाई स्विकारेको छ।' राप्रपाका ज्ञानबहादुर शाहीले धेरै कानुनको बीचमा छिराएर अपराधी छोडेर नेपालको इज्जत अन्तर्राष्ट्रिय समुदायमा धज्जी उडाउन खोजेको आरोप लगाए।



■ **सुमना श्रेष्ठ**, सांसद, रास्वपा

यो विधेयकमा जस्केलाबाट सुटुक्क छिराइएको छ, कसैले थाहा नपाई पारित होस् भन्ने नियत देखिन्छ।



■ **धनराज गुरुङ**, कानुनमन्त्री

पिजोनहोलमा राखेर, दिनदिनै पढ्नुस् भनेर, सैद्धान्तिक छलफल गरेर यहाँ प्रत्येक दफादफामा छलफल गर्न आइपुग्यौँ। तैपनि सुटुक्क छिराएछ, जस्केलाबाट छिराएछ, हुँदाहुँदा अझ झ्यालबाट छिराएछ, कुरो गजब छ बा। यत्रो छलफलको यात्राका क्रममा यहाँसम्म आइपुग्यौँ। तर, यी भनाइबाट माननीयको कार्यक्षमतामा प्रश्न उठाउनुपर्ने भयो। गलत आचरण गरेको भए नैतिकताको प्रश्न उठाउनुस्। तर, विनासित्तिमा कसैको नैतिकतामाथि प्रश्न उठाउन पाइन्छ, कसैको नियतमाथि प्रश्न उठाउन पाइन्छ ?

एमालेका सूर्य थापाले अहिले दफा ६४ आवश्यक नभएको बताए। 'तत्कालीन सरकारले विप्लव नेतृत्वको समूह र सिके राउतको समूहलाई राजनीतिको मूलधारमा ल्याउन सम्झौता गरेको थियो। त्यसका निम्ति मस्यौदा त्यतिवेला आवश्यकता महसुस गरिएको होला। तर, अहिले आवश्यक छैन,' उनले भने। कांग्रेस सांसद प्रदीप पौडेलले राजनीतिक आवरणमा अपराधलाई उन्मुक्ति दिने कुरा लोकतन्त्रको खिलाप हुने भएकाले दफा ६४ हटाउन माग गरे। माओवादी द्वन्द्वको विषय संक्रमणकालीन न्यायसम्बन्धी ऐनले समेट्ने भन्दै हिंसालाई कानुनी रूपमै संस्थागत गर्न नमिल्ने उनले जिकिर गरे।

सांसदहरूको टिप्पणीपछि कानुनमन्त्री गुरुङले आफूले हिंसालाई राजनीतिक आवरणमा उन्मुक्ति दिनुहुँदैन, यो प्रावधान संशोधन हुनुपर्छ भनेर बोलेको सुनाउँदै भने, 'सायद त्यतिखेर मैले राखेको कुरामा माननीय सदस्यहरूको अलिकत ध्यान नपुगेको हो कि वा ध्यान पुगेर पनि नपुगेजस्तो हो ? यति भनिसकेपछि पनि फेरि पुच्छर निमोठ्न नछोड्ने अचम्मको बानी छ।'

मन्त्री गुरुङले सांसदहरूको भनाइमा प्रतिवाद गरे। सुटुक्कसँग पास गर्न ल्याएको, बीचमा छिराएको भन्ने अभिव्यक्तिमा मन्त्री गुरुङले संसद्को प्रक्रियाबाटै समितिमा छलफल गरिरहेको स्मरण गराए। यद्यपि, आफूले सांसदको कार्यक्षमतामा प्रश्न नउठाउने, तर सुटुक्क पास गर्न खोज्यो भनेर कसैको नैतिकतामा प्रश्न उठाउन नपाइने उनको भनाइ थियो।

■ सबै दलका नेतालाई एउटै मञ्चमा राखेर चिनियाँ नेतृ सुनले भनिन्-

नेपाल–चीन सम्बन्ध र बिआरआईबारे भ्रम फैलाइयो



आइतबार होटेल सोल्टीमा आयोजित नेपाल-चीन सम्बन्धबारे अन्तर्क्रिया। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल भ्रमणमा रहेको चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) अन्तर्राष्ट्रिय विभागको प्रतिनिधिमण्डलले प्रमुख राजनीतिक दलका दोस्रो पुस्ताका नेताहरूसँग नेपाल-चीन सम्बन्धबारे छलफल गरेको छ। आइतबार आयोजित छलफलमा सिपिसी अन्तर्राष्ट्रिय विभाग उपप्रमुख सुन हैयानले नेपाल-चीन सम्बन्धमा भ्रम उत्पन्न गर्न र खेल्न खोज्नेहरू धेरै भएको आरोप लगाइन्। तर, उनले नेपाल-चीन सम्बन्धमा भ्रम छर्नेहरू को हुन् भन्ने खुलाइनन्।

माल्दिभ्सका राष्ट्रपतिदेखि उच्च अधिकारी भेटेर नेपाल आएकी सुनले भूराजनीतिक संकेत गरेकी थिइन्। 'हाम्रो सम्बन्धमा भ्रम उत्पन्न गर्न खोजिएको छ। हाम्रोबीचमा खेल्न खोज्नेहरू धेरै छन्,' सुनले भनिन्, 'नेपाल-चीन सम्बन्ध एकल गायन प्रस्तुति मात्रै होइन, यो बहुआयामिक छ भन्ने कुरा सबैले बुझ्नुपर्छ। क्षेत्रीय विभाजन हटाएर देशहरूबीच सहकार्यमा जोड दिनुपर्छ,' उनले भनिन्। विश्व परिस्थिति अशान्त र तरल रहेको उल्लेख गर्दै उनले नेपाल-चीन सम्बन्ध यो समयमा झन् महत्त्वपूर्ण रहेको बताइन्।

होटेल सोल्टीमा आयोजित छलफलमा उपमन्त्री सुनले यस वर्ष नेपाल-चीन सम्बन्धको योजना बनाउने समय रहेको पनि बताइन्। 'दुई देशका जनताको सम्बन्धमा विश्वास अघि बढाउने गरी काम गर्नुपर्ने समय आएको छ। यसमा मिलेर योजना बनाउनुपर्छ,' उनले भनिन्।

नेपालका लागि चिनियाँ राजदूत चेन सोङले पनि सुनको समर्थन गर्दै नेपाल-चीन सम्बन्धमा भ्रम उत्पन्न गर्न खोजिएको, तर त्यसको स्रोत आफूले भन्न नचाहेको टिप्पणी गरे। 'सञ्चारमाध्यममा नेपाल-चीन सम्बन्धबारे गलत प्रचार भएको छ। यसको स्रोत उल्लेख गर्न चाहन्न। तर, गलत प्रचार भएको छ,' उनले भने, 'बिआरआईबारे गलत प्रचार भएको छ। बिआरआई परियोजना धेरै चिनियाँ अनुदानबाट अघि बढेका छन्। तर, यसबारे गलत प्रचार भइरहेको छ। नेपालको चीनमा न्यून ऋण छ, तर चिनियाँ ऋणजाल भनिएको छ। नेपाललाई चीन धेरै नै सहयोग गर्न चाहन्छ। बिआरआईले नेपाललाई डुबाउँदैन,' उनले भने।



■ **सुन हैयान**, उपप्रमुख सिपिसी अन्तर्राष्ट्रिय विभाग

हाम्रो सम्बन्धमा भ्रम उत्पन्न गर्न खोजिएको छ। हाम्रोबीचमा खेल्न खोज्नेहरू धेरै छन्। नेपाल-चीन सम्बन्ध एकल गायन प्रस्तुति मात्रै होइन, यो बहुआयामिक छ भन्ने कुरा सबैले बुझ्नुपर्छ। क्षेत्रीय विभाजन हटाएर देशहरूबीच सहकार्यमा जोड दिनुपर्छ। दुई देशका जनताको सम्बन्धमा विश्वास अघि बढाउने गरी काम गर्नुपर्ने समय आएको छ। यसमा मिलेर योजना बनाउनुपर्छ।

चिनियाँ राजदूत सोङले नेपालमा होङ्सी सिमेन्टको स्थापना गेम चेन्जर रहेको जिकिर गरे। 'अन्य गेम चेन्जर परियोजना पनि अघि बढाउनुपर्छ,' उनले भने, 'कृषि उत्पादन बढाउने, विदेशमा नेपालका उत्पादन निर्यात गर्ने काम गेम चेन्जर हुन सक्छन्।' नेपाललाई आधुनिक कृषि प्रधान देश बनाउनुपर्ने उनको भनाइ थियो। 'पशुपालन र पशुजन्य उत्पादन निर्यात पनि गेम चेन्जर हुन सक्छ। यसका लागि पूर्वाधार तयार गर्नुपर्छ,' उनले भने। नेपालमा चिनियाँ परियोजना कार्यान्वयनमा भएको ढिलाइबारे नेपालले आत्मसमीक्षा गर्नुपर्ने उनको संकेत थियो। 'किन ढिलाइ भएको छ भनेर धेरैले सोध्नुहुन्छ। तपाईंहरू आफैँले आफैँलाई सोध्नुस् त,' राजदूत सोङले भने, 'नेपालमा मात्रै किन चिनियाँ वा चिनियाँ संलग्नताको परियोजना समयमा सम्पन्न हुँदैन ? हामी मित्रका रूपमा सँगै बसेर समाधान खोज्नुपर्छ। समस्याको स्रोत र समाधानमा जानुपर्छ।'

■ नेताहरूले भने- चीनले सम्झौता कार्यान्वयन गरोस्

एमाले महासचिव शंकर पोखरेलले एक चीन नीति नेपालले व्यावहारिक रूपमा कार्यान्वयन गर्दै गएको बताए। 'ताइवान स्वतन्त्रताको विपक्षमा नेपाल छ। हङकङ, मकाउ, तिब्बत चीनका अभिन्न अंग हुन् भन्नेमा नेपाल स्पष्ट छ,' उनले भने, 'नेपालको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने चिनियाँ नीतिको प्रशंसा गर्दछौँ।'

पोखरेलले नेपालमा चिनियाँ ठूला परियोजना आवश्यक रहेको बताए। विगतमा चिनियाँ अनुदानमा निर्माण भएका बाँसबारी छालाजुत्ता कारखाना, भृकुटी कागज उद्योगलगायत सञ्चालन गर्न नसकिएको उल्लेख गर्दै बिआरआई परियोजना कार्यान्वयन गर्नुपर्ने उनले बताए। 'हामी बिआरआई कार्यान्वयनको पक्षमा छौँ,' उनले भने, 'चिनियाँ परियोजना समयमै सम्पन्न हुनुपर्छ। कोभिडका वेला बन्द भएका केही नाका खुलेका छन्, चीनले सबै नाका खोल्नुपर्छ। कोदारी राजमार्ग, रसुवागढी, स्याफ्रुबेँसी बाटो स्तरोन्नति हुनुपर्छ।' चीनबारे भएका प्रचारबारे चिन्ता नलिन उनले आग्रह गरे। 'विश्व राजनीतिको उतारचढावमा विभिन्न कुरा आउँछन्। नेपाल-चीन सम्बन्धबारे उत्पन्न भएका भ्रमको निवारण हामी गर्छौं, तपाईंहरूले चिन्ता लिनुपर्दैन,' पोखरेलले भने। नेपाल भ्रम हटाउन सक्षम रहेको र चीनले विगतका सम्झौता कार्यान्वयन गर्नुपर्ने उनले बताए।

कांग्रेस नेता डा. शशांक कोइरालाले कांग्रेस एक चीन नीतिमा प्रतिबद्ध रहेको बताए। 'छिमेकीसँग पञ्चशीलका आधारमा सम्बन्ध सुदृढ गर्ने चीनको प्रयासलाई कांग्रेस समर्थन गर्दछ। नेपाल-चीन सम्बन्धलाई कांग्रेसले उच्च महत्त्व दिएको छ,' उनले भने, 'हामी चीनको सुरक्षालगायत चासोप्रति संवेदनशील छौँ र त्यही चाहन्छौँ।' चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चीनको रूपान्तरण उदाहरणीय भएको उनले बताए। नेपाल र चीनबीच राजनीति, अर्थतन्त्र र सुरक्षामा सहकार्य गर्नुपर्ने उनको भनाइ थियो। 'छिमेकीहरूसँग सम्बन्ध विस्तार गर्ने हाम्रो नीति हो। विशाल जनसंख्या र बजार (चीन र भारत)सँग नेपाल सहकार्य गर्न चाहन्छ,' उनले भने।

राप्रपा नेता सगुन लावतीले दुई देशबीच सुखदुःखको समावेशी र आपसी सम्बन्ध सुदृढ हुनुपर्नेमा जोड दिए। जसपा नेता अर्जुन थापाले बिआरआईबारे नेपाल र चीनबीच साझा बुझाइको कमी रहेको भन्दै यसबारे साझा धारणा तय गरेर अघि बढ्नुपर्ने बताए। रास्वपाका नेता शिशिर खनालले नेपालको आर्थिक विकासमा चीनसँग सहकार्य गर्नुपर्नेमा जोड दिए। राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्यालले नेपाल-चीन सम्बन्ध सुमधुर हुनुपर्ने बताइन्। माले महासचिव सिपी मैनाली, क्रान्तिकारी कम्युनिस्ट पार्टीका सिपी गजुरेल, धर्मेन्द्र बास्तोला, जनमत पार्टीका नेताहरू पनि छलफलमा सहभागी थिए। तर, उनीहरूले बोल्ने अवसर पाएनन्।

चिनियाँ टोलीले आइतबार साँझ माओवादीका दोस्रो तहका नेताहरूसँग रात्रिभोजसहित छलफल गरेको पार्टी सचिव गणेश साहले जानकारी दिए। सुन हैयानले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल, नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छे र रास्वपा सभापति रवि लामिछानेसँग भेटेकी थिइन्। सुनले आइतबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेकी छन्।

म्याग्दीको मिस्ट्री खोला–२ जलविद्युत्को आइइई सर्वोच्चले गऱ्यो बदर

काठमाडौं/ सर्वोच्च अदालतले म्याग्दीमा १२ मेगावाट क्षमताको मिस्ट्री खोला-२ जलविद्युत् आयोजनाको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (आइइई) र सार्वजनिक सुनुवाइ बदर गरेको छ। सर्वोच्चका न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको आइतबारको संयुक्त इजलासले अन्नपूर्ण गाउँपालिका- ५ स्थित कालीगण्डकी नदीको निर्माणाधीन मिस्ट्री खोला-२ जलविद्युत्को आइइई र सार्वजनिक सुनुवाइ बदर गर्दै प्रक्रियागत रूपमा फेरि गर्न ऊर्जा मन्त्रालयसहितका नाममा आदेश दिएको हो। अब आयोजना अघि बढाउन पाइनेछैन।

ऊर्जा मन्त्रालय सचिवस्तरको २३ साउन ०७९ को निर्णयअनुसारको आइइई कानुनविपरीत रहेकाले बदरको माग गर्दै प्रभावित क्षेत्रका १८ जनाले सर्वोच्चमा रिट दायर गरेका थिए। यो मुद्दामा स्थानीयका तर्फबाट अधिवक्ता पदमबहादुर श्रेष्ठले बहस गरेका थिए। श्रेष्ठका अनुसार तातोपानी कुण्डको प्राकृतिक स्रोतलाई प्रत्यक्ष असर पर्ने गरी आइइई स्वीकृत गरिएको थियो। आइइई स्वीकृत हुनुअघि सार्वजनिक सुनुवाइ गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कपी सुनुवाइ हुने स्थानमा उपलब्ध नगराएको, तातोपानी कुण्डको सम्बन्धमा भूगर्भविज्ञको रायसहितको वैज्ञानिक प्रमाण माग गरेकोमा सोसमेतको ग्यारेन्टी नगरी २२ फागुन ०७८ मा सार्वजनिक सुनुवाइ सम्पन्न नभई अध्यक्षता गर्ने व्यक्तिले नै कार्यक्रम समापन गरेको रिट निवेदकहरूको तर्क थियो।

जलविद्युत् आयोजना बनाउँदा तातोपानी कुण्डको 'प्राकृतिक स्रोत सुक्दैन वा कुनै असर पुग्दैन' भन्ने ग्यारेन्टी गनुपर्ने मागसहित स्थानीयले आन्दोलनसमेत गरेका थिए। यो जलविद्युत् आयोजना अन्नपूर्ण संरक्षित क्षेत्रभित्र पर्छ।

संक्षेप

धोकाबाट बनेको गठबन्धन सरकार धोकाबाटै ढल्न सक्छ : ओली

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले गठबन्धनभित्रको धोकाधडीकै कारण कुनै पनि वेला सरकार ढल्ने सम्भावना औँल्याएका छन्। एसिडपीडितको कथामा आधारित 'नमेटिने घाउ' चलचित्र घोषणा समारोहमा आइतबार उनले धोकाबाट बनेको सरकार धोकाबाटै ढल्न सक्ने दाबी गरे। 'केन्द्रमा उलटपुलट हुने सम्भावना सधैँ हुन्छ। यो धोकाबाट बनेको सरकार, धोकाबाटै जान सक्छ,' कोशी प्रदेशमा सरकार विस्तारमा ढिलाइ र राष्ट्रिय सभा चुनावमा गठबन्धनभित्रै भएको धोकाधडीबारे सञ्चारकर्मीको जिज्ञासामा ओलीले भने, 'केटाकेटीको एउटा खेल छ- गोलोगोलो घुम बाबु गीत सुन्दै घुम भनेजस्तै गोलोगोलो घुमाउने कि कता फर्काउने ?' उनले सरकारले सहिदको सूची थप्न गरिरहेको गृहकार्यमाथि आपत्ति जनाए। 'जति सहिद भए भइहाले, सहिद थप्दै लानु हुँदैन। सहिद थप्ने भनेको मान्छे मार्ने होइन, त्यो गर्नु हुँदैन,' उनले भने। एसिडीपडितको कथामा आधारित 'नमेटिने घाउ'मा ओलीलाई प्रधानमन्त्रीको भूमिकामा खेलाउने आयोजकले जनाएको छ। उनले त्यो अनुरोधलाई स्वीकार गरेको जानकारी गराएका छन्।

ओलीले दरबार हत्याकाण्डलाई भयानक षड्यन्त्रको संज्ञा दिँदै ज्ञानेन्द्र शाह कहिल्यै राजा नबनेको दाबी पनि गरे। 'हत्याकाण्ड भएपछि दुनियाँभरि एउटा प्रेम कहानीको चर्चा चलाइयो। दीपेन्द्रको प्रेम कहानी भनेर यस्ता वाहियात कुराको पछाडि नेपाली जनता कुद्न हुन्छ ? त्यो भयानक षड्यन्त्र थियो, त्यसले राजा, रानी, युवराज, अधिराजकुमारी अन्त्य गऱ्यो, राजतन्त्र समाप्त भयो, राजाको जेठो छोरो राजा हुन्छ, कान्छोसमेत मारिसकेपछि, छोरीसमेत मारिसकेपछि राजतन्त्र समाप्त भो,' ओलीले भने, 'त्यतिवेलाको सरकारको कमजोरी हो। अलिक समय राजतन्त्र भनेर फेरि ज्ञानेन्द्र शाहलाई ल्याएर सजाउने, राख्ने काम भयो। ज्ञानेन्द्र शाह राजा होइनन्। बाहुनले टपरीमा बाहुन भनेर कुशको बाहुन राखेजस्तै उनी त्यस्तै कुशको राजा मात्र हुन्। यस्ता कुरामा के बेकार बहस गर्ने।'

जलाउँदै गरेको शव लिखु नदीले बगायो

रामेछाप/ उमाकुण्ड गाउँपालिका- १ गुम्देलस्थित लिखु नदी किनारमा जलाउँदै गरेको शव लिखु नदीले बगाएको छ। शनिबार साँझ गुम्देल- १ का मृतक झपडबहादुर थापाको शव जलाउने क्रममा लिखु- २ जलविद्युत् आयोजनाले विद्युत्गृहबाट विनासूचना एकैपटक ड्याम खोलिदिँदा शव नदीले बगाएको हो। जल्दै गरेको शव चितासहित बगाएको छ। अकस्मात् नदीमा बाढी आएपछि शव दाहसंस्कारका लागि नदी किनारमा पुगेका मलामीको समेत भागदौड मच्चिएको थियो।

साँझको समयमा आएको बाढीले नदी किनारमा भागदौड मच्चिँदा मलामीसमेत सर्म्पकविहीन भएका थिए। नदीले शवसँगै मलामीसमेत बगाएको आंशका गरिए पनि सबै मलामी आइतबार बिहान मात्रै सम्पर्कमा आएको स्थानीय राजेन्द्र बस्नेतले जानकारी दिए। 'जलविद्युत् आयोजनाका कर्मचारीको ज्यादतीले गर्दा नदी किनारमा शवसमेत जलाउन पाएका छैनौँ,' उनले भने। अहिले पनि हराएको शवको खोजीमा जुटेको उनले बताए। नदीमा जलाउँदै गरेको शव बगाएको र दाहसंस्कारका लागि गएका मलामीसमेत हराएको आशंकामा शनिबार साँझदेखि नै सोलुको किम्जा प्रहरी चौकी र रामेछापको बाम्तीको प्रहरी चौकीबाट शव खोजीका लागि प्रहरी परिचालन गरिएको छ। स्थानीय र प्रहरी शव खोजीमा जुटे पनि अहिलेसम्म शव फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीले जानकारी दिए।

अझै पनि अस्थिरताको बादल मडारिरहेको छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मुलुकमा अझै अस्थिरताको बादल मडारिरहेको बताएका छन्। जनताको निराशा, प्रतिरोध र आक्रोशको भावनालाई उपयोग गर्दै प्रतिगमनकारी तथा पश्चगमनकारीबाट विद्यमान व्यवस्था परिवर्तनको नाममा विभिन्न गतिविधि सञ्चालन गरी राजनीतिक अस्थिरता सिर्जना गर्ने र सामाजिक सद्भाव खलबलाउने कोसिस भइरहेको नेपालले दाबी गरेका छन्। एकीकृत समाजवादीको केन्द्रीय परिषद्को दोस्रो बैठकलाई आइतबार राजधानीमा सम्बोधन गर्दै नेपालले भने, 'यतिवेला मुलुकमा राजनीतिक स्थिरता र सरकारको स्थिरताको प्रश्न पनि उठिरहेको छ।' सत्ताच्युत भएर प्रमुख प्रतिपक्षमा पुगेको एमालेले अत्यन्त गैरजिम्मेवार ढंगले नकारात्मक भूमिका निर्वाह गरिरहेको आरोप लगाए। 'एमाले विभिन्न ढंगले सरकार सञ्चालनमा रहेको वर्तमान गठबन्धन तोड्न उद्यत् छ। पुनरुत्थानवादी, प्रतिगामी तथा पश्चगामी शक्तिहरूको क्रियाकलाप र प्रतिपक्षका गतिविधिबाट मुलुकलाई अस्थिरतातर्फ धकेल्न खोजेको आभास पाइन्छ,' उनले भने।

मुलुकसिंहसँगको लेनदेनमा तीन परिवारको बिल्लीबाठ

ऋणको बदला जग्गा धितोको राजीनामा पास, त्यसपछि घरजग्गा कब्जा

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको कमल गाउँपालिका- ३ का मुलुकसिंह राई यस्ता पात्र हुन्, जोसँग कारोबार गर्ने हरकोहीका दुःखका दिन सुरु हुन्छन्। ऋण लगानी गरेर जग्गा धितोको राजीनामा पास गराउने र त्यसपछि घरजग्गा हत्याउने उनको शैली छ।

मुलुकसिंहसँगको लेनदेनमा तीन परिवारको बिल्लीबाठ नै भएको छ। मुलुकसिंह, उनका भाइ लीला र मुलुकसिंहकी श्रीमती शोभाविरुद्ध मिटरब्याजविरुद्ध उजुरी दर्ता भए पनि जिल्ला प्रशासन कार्यालय झापाले छिनोफानो गर्न सकेको छैन।

आफूले ऋण नलिए पनि ऋण खोज्नेसँग मुलुकसिंहको भेट मात्र गराइदिएका झापा दमक नगरपालिका- ६ का सौरव शर्माले दमकमा रहेको दुईतले घर र शिवसताक्षीमा रहेको पाँच कट्ठा जग्गा गुमाएका छन्। 'हामीले पैसा लिएको होइन। चन्दन जिम्दालले मुलुकसिंहबाट कति पैसा लिएका थिए त्यो पनि थाहा छैन,' सौरवका बुबा रमेश भन्छन्, 'छोरा सौरवलाई कुटपिट गरे। ज्यान नै जोखिममा परेपछि घरखेत नै साहुको नाममा गरिदियौँ।'

घटना ०७१ बाट सुरु हुन्छ। कमल गाउँपालिका- ३ केर्खा बजारमा हार्डवेयर पसल गर्दै आएका सौरव शर्मालाई चिनजानका चन्दन जिम्दालले ब्याजमा पैसा खोजिदिन आग्रह गरे। चन्दनको घर दमक- ७ हो। र, उनले साहुकार कमल गाउँपालिका- ३ का मुलुकसिंह राईसँग भेट गराइदिए। जिम्दाल र राईबीचको कारोबारबारे शर्मालाई जानकारी थिएन। तर, जिम्दाल ०७३ भदौमा सम्पर्कविहीन भएपछि मुलुकसिंह र उनका भाइ लीला राईले शर्मालाई ऋण तिर्न दबाब मात्र दिएनन् कोठाबाट उठाए। कुटपिट गरे।

त्यतिखेर मुलुकसिंहले शर्मालाई धम्क्याएर एक करोड ६० लाखको कागज गराएका थिए भने ३०-३० लाख लेखेर ९० लाखको तीनवटा चेक बनाएर शर्माको हस्ताक्षर पनि गरे। ६ फागुन ०७३ मा सौरवको बिहेको मिति तय गरिएको थियो। तर, ४ फागुनमा कुरा गर्न भन्दै इलाका प्रहरी कार्यालय दमक बोलाइयो। 'इलाका प्रहरी कार्यालयमा गएको त सीधै भित्र (हिरासत) हाले। त्यहाँ प्रहरीले अर्काको पैसा खान्छस् भन्दै कुटे,' सौरवले सुनाए।



झापाको कमल गाउँपालिका- ३ का मुलुकसिंह राईसँग ऋण लिएर घरजग्गा गुमाएका रमेश शर्मा र उनका छोरा सौरव ऋणको तमसुक देखाउँदै।

बिहेको दुई दिनअघि मात्र छोरा थुनिएपछि बुबा रमेशले घरको मूल्य ९० लाख र बाँकी ३१ लाख रुपैयाँ दिनुपर्ने गरी कागज गरे। अनि छोरी शालु शर्माको नाममा दमकमा रहेको दुईतले घर र शिवसताक्षीमा रहेको पाँच कट्ठा जग्गा ०७३ चैतमा मुलुकसिंहकी श्रीमती शोभा राईको नाममा पास गरिदिएको रमेशले बताए।

शर्मा परिवारसँग चन्दन जिम्दाल आएपछि घर फिर्ता गर्ने गरी मुलुकसिंहले गरेको कागजात पनि छ। रमेशको घरखेत पास भएको केही समयपछि चन्दन आए। मुलुकसिंहले नै ठगीमा मुद्दा दायर गरेपछि जेल चलान भएका छन्।

तर, मुलुकसिंहले अझै घर फिर्ता दिएका छैनन्। शर्मा परिवारले मुलुकसिंह, उनका भाइ लीला र मुलुकसिंहकी श्रीमती शोभाविरुद्ध जिल्ला प्रशासन कार्यालय झापामा मिटरब्याजविरुद्ध उजुरी दर्ता गराएका छन्। जिल्ला प्रशासन कार्यालयले वडा कार्यालयबाट घर फिर्ता दिने गरी भएको कागजात प्रमाणित गरेर ल्याउन भनेको छ। तर, दमक- ६ का वडाध्यक्ष टेकबहादुर थापाले कागजात प्रमाणित गरिदिनै नमानेको पीडित रमेशको दुखेसो छ।

०००

मुलुकसिंहले कमल गाउँपालिका- ५ की रेणु राईको एक कट्ठा जग्गा पनि हडपेका छन्। रेणुले सात वर्षअघि मुलुकसिंहसँग चार लाख ऋण लिएकी थिइन्। त्यसको बदला रेणुले आफ्नो जग्गा धितोका रूपमा राजीनामा पास गरेर दिएकी थिइन्। 'धितो राख्नु भनेको राजीनामा दिनु होइन रहेछ। त्यो मलाई थाहा नभएर राजीनामा पास नै गरेर दिएँ। ६ महिनासम्म ब्याज नलाग्ने र ६ महिनापछि कानुनअनुसार ब्याज लाग्ने भनेर कागज गरेको छ। मैले ब्याज पनि तिरेँ,' उनी भन्छिन्, 'बाँकी पैसा लिन मान्दैन। सम्पर्कमै छैन। दुःख गरेर कमाएको सम्पत्ति अर्काको नाममा गयो।'

झापा शिवसताक्षी- ११ का हर्कधन सेवा अहिले मुलुकसिंह र उनका भाइ लीलाका कारण बिखलबन्दमा छन्। उनको बन्दै गरेको तीनतले घर र पूर्व-पश्चिम राजमार्गसँग जोडिएको शिवसताक्षी- ११ दुधेको एक बिघा दुई कट्ठा जग्गा पनि डुबेको छ।

०७३ मा मुलुकसिंह र उनका भाइ लीला राईबाट घर बनाउन भनेर हर्कधनले ८३ लाख ऋण लिएका थिए। ऋण दिन मुलुकसिंह र लीलाले सर्त राखे, जग्गा राजीनामा पास गर्नुपर्छ। घर बनाउने ठाउँको एक बिघा दुई कट्ठा जग्गा उनले मुलुकसिंह र लीला राईको नाममा राजीनामा पास गरिदिए।

०७८ मा पैसा तिरिसक्ने र जग्गा फिर्ता गर्ने गरी सर्तनामा कागज पनि गरियो। हर्कधनले ६० लाख रुपैयाँ र ब्याजबापत १५ धुर जग्गा दिएका छन्। तर, अहिले उनको करिब १५ करोडको जग्गा साहुकार मुलुकसिंह, लीला र शोभा राईको परिवारको स्वामित्वमा छ।

'त्यसवेला लीला राईले म त भूपू लाहुरे हुँ। सम्पत्तिको स्रोत देखाउन सजिलो हुन्छ, जग्गा मेरो नाममा राखौँ। अनि तँ त्यो पैसाले व्यापार गर्नु भने,' हर्कधनले भने, 'अहिले मलाई डुबाएर जग्गा हत्याइछाडे।' अहिले हर्कधनले तिर्ने रकम चार करोड ३९ लाख देखाइएको छ। त्यो तिरे जग्गा फिर्ता गर्ने साहुकारले बताउँदै आएका छन्। तर, उनीसँग तिर्ने पैसा छैन।

अहिले जिल्ला प्रशासन कार्यालय झापामा मिटरब्याजी राई परिवारविरुद्ध उनले उजुरी हालेका छन्। तर, उनको फिर्तीनामा कागज शिवसताक्षी- ११ का वडाध्यक्ष बहादुर आङ्बोले प्रमाणीकरण गरिदिन नमान्दा समस्या भएको पीडित हर्कधन बताउँछन्। मुलुकसिंहले पीडित हर्कधनको जग्गा मात्र खाइदिएनन्, उनलाई पटक-पटक थुनाएर दुःखसमेत दिए। 'चेक दिँदै गर्नु, पछि जग्गा फिर्ता गरिदिन्छु भनेर मैले चेक दिएको थिएँ। मलाई एक वर्षअगाडि इलाका प्रहरी कार्यालय दमक र झिलझिलेमा गरी ४५ दिन थुनाए पनि,' उनले भने।

अन्तर्राष्ट्रिय अदालतको आदेशपछिका विश्व प्रतिक्रिया

इजरायल-प्यालेस्टिनी संकटमा अदालतले स्पष्ट रूपमा युद्धविरामको आदेश नदिए पनि युद्धविरामविना अदालतको आदेश पालना हुन सक्ने अवस्था छैन





● पामिर गौतम

अग्रलेख

इजरायलले गाजामा नरसंहार गरेको आरोप लगाउँदै दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय अदालत (इन्टरनेसनल कोर्ट अफ जस्टिस, आइसिजे)मा ल्याएको मुद्दामा, सो अदालतले शुक्रबार इजरायललाई ६ वटा आपत्कालीन उपाय अविलम्ब अपनाउन अन्तरिम आदेश दिएको छ। अदालतको आदेशमा इजरायली सरकार र सेनालाई नरसंहार महासन्धिको उल्लंघन गर्ने कुनै पनि कार्यबाट अलग रहन, नरसंहारका लागि कुनै उक्साहटलाई रोक्न र दण्डित गर्न, गाजापट्टीमा प्यालेस्टाइनीहरूले सामना गरिरहेको जीवनको प्रतिकूल परिस्थितिलाई सम्बोधन गर्न र तत्काल आवश्यक आधारभूत सेवा र मानवीय सहायताको प्रावधान सुनिश्चित गर्न, मुद्दासँग सम्बन्धित प्रमाणको विनाश रोक्न र एक महिनाभित्र अनुपालन प्रतिवेदन पेस गर्न भनिएको छ। अदालतका अध्यक्ष जोन ई डोनोघुएले अदालत गाजा क्षेत्रमा भइरहेको मानवीय क्षति, पीडा र त्रासदीका विषयमा सचेत र चिन्तित रहेको बताए। अदालतले जारी गरेको ६ वटा आदेशलाई मुद्दामा संलग्न न्यायाधीशहरूको भारी बहुमतले अनुमोदन गरेको हो। १७ जना न्यायाधीशमध्ये युगान्डाली मूलकी न्यायाधीश जुलिया सेबुटिन्डेले कुनै पनि आदेशमा समर्थन जनाइनन् भने इजरायली सर्वोच्च अदालतका पूर्वअध्यक्ष हारोन बाराकले भने चारवटा आदेशलाई अनुमोदन गर्न अस्वीकार गरे। राष्ट्रसंघका लागि युगान्डाका राजदूतले अन्तर्राष्ट्रिय अदालतकी न्यायाधीश सेबुटिन्डेको तर्क प्यालेस्टाइनको मुद्दामा युगान्डा सरकारको आधिकारिक अडानलाई प्रतिनिधित्व नगर्ने बताएका छन्। अदालतले स्पष्ट रूपमा दक्षिण अफ्रिकाले अनुरोध गरेअनुसार युद्धविरामको आदेश नदिए पनि युद्धविरामविना अदालतको आदेश पालना हुन सक्ने अवस्था छैन। ७ अक्टोबरमा हमासका लडाकुले इजरायलमा आक्रमण गरी १२०० भन्दा बढी इजरायलीको हत्या र लगभग २५० जनालाई बन्धक बनाएपछि प्रतिरक्षामा हमास लडाकुलाई समाप्त गर्ने भन्दै इजरायलले प्यालेस्टाइनमाथि आक्रमण गरेको थियो। इजरायल र हमासबीचको हालको युद्ध पाँचौँ र अहिलेसम्मको सबैभन्दा घातक साबित भएको छ, जसमा २७ हजारभन्दा बढीले ज्यान गुमाइसकेका छन्।

इजरायलविरुद्ध अन्तर्राष्ट्रिय अदालतमा मुद्दा ल्याएको दक्षिण अफ्रिकाले निर्णयलाई "अन्तर्राष्ट्रिय कानुनी शासनको निर्णायक विजय र प्यालेस्टिनी जनताका लागि न्यायको खोजीमा महत्त्वपूर्ण कोसेढुंगा रहेको" बताएको छ। दक्षिण अफ्रिकाका न्यायमन्त्रीले आइसिजेको फैसलाले दक्षिण अफ्रिकाका स्वतन्त्रता नायक नेल्सन मन्डेला आफ्नो समाधिमा मुस्कुराएको हुनुपर्ने टिप्पणी गरेका छन्। प्यालेस्टाइनी विदेश मामिला र प्रवासी मन्त्रालयले यस निर्णयले कानुन कुनै पनि राज्यभन्दा माथि रहेको भन्ने मान्यतालाई पुष्टि गरेको बताउँदै निर्णयको स्वागत गरेको छ। विदेशमन्त्री रियाद मलिकीले अन्तर्राष्ट्रिय समुदाय र इजरायललाई अन्तर्राष्ट्रिय न्यायालयको आदेशको सम्मान सुनिश्चित गर्न आग्रह गरेका छन्। हमासका एक वरिष्ठ अधिकारी सामी अबु जुहरीले यो निर्णय विश्व समुदायमा इजरायललाई एक्लो पार्ने र गाजामा भएका अपराधको पर्दाफास गर्न योगदान पुऱ्याउने महत्त्वपूर्ण घटना भएको बताए। अर्कातर्फ इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इजरायल आत्मरक्षाका लागि न्यायोचित युद्ध लडिरहेकाले आइसिजेको निर्णयलाई 'अपमानजनक' भन्दै त्यसको आलोचना गरेका छन्। अदालतको आदेशलगत्तै एक सन्देशमा उनले अन्तर्राष्ट्रिय कानुनको पालना गर्दै इजरायलले आफ्नो र आफ्ना नागरिकको रक्षा गर्न जारी राख्ने बताए। अदालतको फैसलामा टिप्पणी गर्दै इजरायली रक्षामन्त्री योभ ग्यालान्टले इजरायललाई नैतिकताबारे व्याख्यान गर्न आवश्यक नरहेको बताएका छन् भने इजरायलका राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन गभिरले अदालतलाई यहुदीविरोधी बताउँदै इजरायलको अस्तित्वलाई खतरामा पार्ने निर्णयको बेवास्ता गर्ने र पूर्ण विजय नभएसम्म शत्रुलाई पराजित गर्न जारी राख्ने बताए।

मध्यपूर्व एसियाका दुई प्रमुख अरब राष्ट्र साउदी अरेबिया र कतारले इजरायलविरुद्धको नरसंहार मुद्दामा अन्तर्राष्ट्रिय अदालतको अन्तरिम आदेशको स्वागत गरेका छन्। हमासले इजरायलमा आक्रमण गर्नुअघि अमेरिकाले साउदी अरबलाई सुरक्षा ग्यारेन्टी र आणविक कार्यक्रम स्थापना गर्न सहयोग गर्ने र यसको बदलामा साउदी अरेबियाले इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्ने विषयमा मध्यस्थता प्रयास गरिरहेको थियो। सेप्टेम्बरमा मात्र नेतन्याहुले यस्तो सम्झौताले मध्यपूर्वको राजनीति परिवर्तन हुने बताएका थिए। तर, हमासको आक्रमणपछि इजरायलको जवाफी कारबाही बढेसँगै अरब बहुल प्यालेस्टाइनको समर्थन गर्न साउदी अरेबियामा दबाब बढ्दै गएको छ। यही परिप्रेक्ष्यमा साउदी अरेबियाले प्यालेस्टाइन राज्यका लागि विश्वसनीय मार्ग नबनेसम्म इजरायलसँगको सम्बन्धलाई सामान्य बनाउन नसकिने बताएको छ। आइसिजेको आदेशपछि साउदी विदेश मन्त्रालयले गाजापट्टीमा प्यालेस्टिनी जनताविरुद्ध नरसंहार गर्ने कुनै पनि अभ्यास या कथन रोक्न यो निर्णय महत्त्वपूर्ण रहेको भन्दै इजरायलको आधिपत्य अभ्यास र इजरायलद्वारा हुने नरसंहारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको उल्लंघन आफूविरुद्ध हुने बताएको छ। त्यस्तै, युद्ध सुरु भएदेखि हमास र इजरायलबीचको मुख्य मध्यस्थकर्ताका रूपमा काम गरिरहेको कतारले पनि उक्त निर्णयको स्वागत गर्दै विज्ञप्ति जारी गरेको छ। कतारी विदेश मन्त्रालयले इजरायललाई सबै नरसंहारकारी कार्य रोक्न सबै आवश्यक कदम चाल्न दिएको आदेशले मानवता, कानुनको शासन र अन्तर्राष्ट्रिय न्यायको विजय भएको बताएको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले कतारको भूमिकालाई 'समस्याग्रस्त' भएको आरोप लगाउँदै गर्दा अमेरिकी सरकारका उपप्रवक्ता वेदान्त पटेलले कतारलाई अहिले चलिरहेको द्वन्द्वका साथै यस क्षेत्रको भूराजनीतिक गतिविधिमा अमेरिकाको एक अभिन्न र अपरिवर्तनीय साझेदार भएको बताएका छन्।

मध्यपूर्वको अर्को महत्त्वपूर्ण राष्ट्र इरानका परराष्ट्रमन्त्री हुसेन अमिराब्दुल्लाहियानले अदालतको आदेशपछि इजरायली अधिकारीलाई न्यायको दायरामा ल्याउन आह्वान गरेका छन्। सामाजिक सञ्जाल एक्स (ट्विटर)मा उनले लेखेका छन्- 'आज नक्कली इजरायली शासनका अधिकारीहरू विश्वको जनमतमा सबैभन्दा घृणित व्यक्ति हुन् जसलाई प्यालेस्टिनीविरुद्ध नरसंहार र अभूतपूर्व युद्ध अपराध गरेकामा तुरुन्तै न्यायको कठघरामा ल्याइनुपर्छ।' मध्यपूर्वको प्रमुख शक्तिका रूपमा आफूलाई स्थापित गराउन प्रयासरत इरान यस क्षेत्रमा अमेरिकी प्रभाव घटेको हेर्न चाहन्छ। साउदी अरेबिया, अमेरिका र इजरायलबीचको त्रिपक्षीय सम्झौता, अथवा साउदी अरेबिया र अमेरिकाबीचको सुदृढ सम्बन्ध वा मजबुत इजरायल इरानको स्वार्थविपरीत हुनेछ। इरानले हमास, लेबनानमा हिजबुल्लाह र यमनमा हुथी विद्रोहीलाई समर्थन गर्दै आएको छ। हुथी मिलिसियाले केही समययता इजरायलविरुद्धको कारबाही भन्दै लाल सागर, स्वेज नहरको प्रवेशद्वार र भूमध्यसागरमा अन्तर्राष्ट्रिय व्यावसायिक जहाजमा मिसाइल र सशस्त्र ड्रोन प्रहार गरिरहेका छन्। हमासको प्रमुख समर्थक रहेको इरान हमासको आक्रमणबारे पहिले नै जानकार भएको हुन सक्ने धेरैले टिप्पणी गरेका छन्।

> अन्तर्राष्ट्रिय अदालतले इजरायललाई सबै नरसंहारकारी कार्य रोक्न आवश्यक कदम चाल्न दिएको आदेशले मानवता, कानुनको शासन र अन्तर्राष्ट्रिय न्यायको विजय भएको छ

इजरायल-प्यालेस्टाइन मुद्दामा युरोपेली संघका सदस्य राष्ट्रहरू विभाजित मात्र भएनन्, एक हदसम्म युरोपेली संघलाई धेरैले इजरायलप्रति पूर्वाग्रही रहेको आरोप लगाउँदै युक्रेन र प्यालेस्टाइन मुद्दाले युरोपेली संघको दोहोरो मानक चरित्र र पक्षपाती नीति उजागर भएको आरोपसमेत लगाएका थिए। नैतिकताको कठघरामा उभिएका युरोपेली संघका सदस्य राष्ट्रहरूका विदेशमन्त्रीले गत सोमबार ब्रसेल्समा गाजा युद्धबारे छलफल गर्न भेटेका थिए जहाँ उनीहरूले प्यालेस्टाइन राज्यको निर्माण नै मध्यपूर्वमा शान्ति प्राप्त गर्ने एक मात्र विश्वसनीय तरिका रहेको बताए। युरोपेली संघका विदेशमन्त्रीहरूले इजरायली अधिकारी र कूटनीतिज्ञ दुई राज्य समाधानमा अनिच्छुक रहेका र इजरायली सैन्य कारबाहीले पुस्तौँसम्मका लागि घृणाको बीउ रोपिरहेको भन्दै चिन्ता प्रकट गरेका थिए। अन्तर्राष्ट्रिय अदालतको अन्तरिम आदेशपश्चात् युरोपेली संघले शुक्रबार इजरायलले गाजामा हुने नरसंहार रोक्नुपर्ने अदालतको आदेशलाई युरोपेली संघले तत्काल कार्यान्वयन गर्न चाहेको बताएको छ। "अन्तर्राष्ट्रिय न्यायालयका आदेश बाध्यकारी रहने भएकाले युरोपेली संघले ती आदेशको पूर्ण, तत्काल र प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्छ," युरोपियन युनियनले आफ्नो विज्ञप्तिमा बताएको छ। जर्मन विदेशमन्त्री एनालेना बेरबकले इजरायलले अदालतको निर्णयलाई पालना गर्नुपर्ने र सोही निर्णयअनुरूप हमासले बाँकी बन्धकलाई रिहा गर्नुपर्ने बताइन्। युरोपमा प्यालेस्टिनीविरुद्ध इजरायली आक्रमणको सबैभन्दा ठूलो आलोचकमध्ये एक स्पेनले पनि अदालतको आदेशको स्वागत गरेको छ। स्पेनका प्रधानमन्त्रीले आफ्नो राष्ट्रले शान्ति, बन्धकको रिहाइ, मानवीय सहायतामा पहुँच र दुवै राष्ट्र शान्ति र सुरक्षामा एकसाथ रहन इजरायलसँगै प्यालेस्टिनी राज्य स्थापनाका लागि वकालत गर्न जारी राख्ने बताएका छन्। आयरल्यान्डका विदेश मामिलामन्त्री माइकल मार्टिनले अदालतको आदेशलाई 'अन्तिम र बाध्यकारी' बताउँदै इजरायलले ती आदेशलाई असल विश्वासका साथ र अत्यावश्यकताका रूपमा कार्यान्वयन गर्ने आयरल्यान्डले अपेक्षा गरेको बताएका छन्। त्यस्तै स्कटल्यान्डका मन्त्री हुम्जा युसुफले आइसिजेको आदेश स्पष्ट रहेको र गाजामा हत्या र विनाश रोकिनुपर्ने बताए।

आइसिजेको आदेशलाई लिएर स्टेट डिपार्टमेन्टले उक्त निर्णय अमेरिकी अडानसँग सुसंगत भएको बताएको छ। स्टेट डिपार्टमेन्टको विज्ञप्तिमा अमेरिकाले इजरायललाई बारम्बार सामान्य नागरिकको हानि न्यूनीकरण गर्न, मानवीय सहायताको प्रवाह बढाउन र अमानवीय बयानबाजीलाई सम्बोधन गर्न सबै सम्भावित कदम चाल्न सचेत गराउँदै आएको उल्लेख गरेको छ। विज्ञप्तिमा स्टेट डिपार्टमेन्टले इजरायलमाथि लगाइएको नरसंहारका आरोप निराधार रहेको पनि उल्लेख गरेको छ। यदि इजरायलमाथि कुनै राष्ट्रको प्रभाव छ भने त्यो हो अमेरिका। इजरायल मध्यपूर्वमा अमेरिकाको सबैभन्दा नजिकको रणनीतिक साझेदार मात्र होइन, इजरायलको सुरक्षा ग्यारेन्टर पनि हो अमेरिका। बाइडेन प्रशासनले इजरायल-प्यालेस्टाइन संकट समाधान गर्न दुई राज्य समाधानका लागि अमेरिकी समर्थनलाई पुनः अगाडि बढाए पनि त्यस दिशामा वार्ता सुरु गर्न सकेको छैन। अमेरिका इजरायल र अरब देशबीचको सम्बन्धलाई सामान्य बनाउनमा बढी केन्द्रित देखिन्छ। यद्यपि, प्यालेस्टाइनमा मृतकको संख्या बढ्दै जाँदा र नोभेम्बरको चुनाव नजिकिँदै जाँदा बाइडेन प्रशासनमाथि पनि दबाब बढ्दै गएको छ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **डम्बर खतिवडालाई**



राष्ट्रिय सभा निर्वाचन परिणामलाई कसरी हेर्नुभएको छ ?

हाम्रो राष्ट्रिय सभाको अहिलेको संरचना र निर्वाचन प्रणालीका कारण यसको नतिजामा आश्चर्य मान्नुपर्ने केही छैन। यसपटक पनि अनुमानभन्दा बाहिरको परिणाम आएको छैन भन्दा हुन्छ। कोसीमा एक सिट एमालेले हात पार्नुचाहिँ अनुमानबाहिरको विषय भयो। यसबाट गठबन्धनभित्र कसले कसलाई कति अन्तर्घात गऱ्यो भन्ने प्रश्न उठ्न सक्छ। यद्यपि, यो त्यति ठूलो अन्तर्घात होइन। जितहारमा फरक पार्न सक्ने 'क्याल्कुलेट' गरेरै गरिएको अन्तर्घात हुन सक्छ यो। त्यसैले, यो अनपेक्षित परिणाम होइन।

राष्ट्रिय सभा निर्वाचनले संविधानको मर्मलाई कति आत्मसात् गरेको देख्नुहुन्छ ?

राष्ट्रिय सभाको संवैधानिक व्यवस्था किन गरिएको हो भन्ने विषयमै बहस गर्नुपर्ने अवस्था आएको छ। अमेरिका, बेलायतलगायत देशका माथिल्लो सदनको विशिष्ट स्थान छ। तर, हामीकहाँ भने प्रतिनिधिसभाको निर्वाचनमा पराजित हरुवाहरूलाई थन्क्याउने स्थान बनेको छ राष्ट्रिय सभा। यो समावेशी पनि बन्न सकेको छैन। यसपटक पनि अधिकांश विजयी उम्मेदवार खस-आर्य समुदायकै छन्। यसले राष्ट्रिय सभाको औचित्यमाथि नै प्रश्न उठाएको छ। दलहरूले राष्ट्रिय सभालाई पनि प्रतिनिधिसभाजस्तै बनाउन खोजिरहेका छन्।

राष्ट्रिय सभा राष्ट्रिय सभाजस्तो हुन सकेन भन्ने गुनासो कति जायज छ ?

यो गुनासो एकदमै जायज छ। राष्ट्रिय सभालाई विज्ञ र अल्पसंख्यकको सदन बनाउनुपर्ने हो। राउटे, माझी, मुसहर, चेपाङजस्ता अति पिछडिएका समुदाय र राष्ट्रिय जीवनमा उल्लेख्य योगदान दिएका व्यक्तित्वहरूबाट प्रतिनिधित्व गराउन सकेमा मात्र यसको विशेष अर्थ हुने थियो।

प्रेरक प्रसंग

आत्मविश्वासको परिणाम

कुनै समय कहिल्यै सूर्य नअस्ताउने साम्राज्यको परिचय बनाएको इंग्ल्यान्डमा नौसेनाका अधिकारीहरूको छनोटका लागि अन्तर्वार्ता चलिरहेको थियो। त्यसका लागि थुप्रै उम्मेदवार सम्मिलित थिए। ती अनेकौँ उम्मेदवारमध्ये माउन्ट बेटन नाम गरेका व्यक्ति पनि थिए। पालैपालो एकपछि अर्को व्यक्तिको अन्तर्वार्ता लिइसकेपछि बेटनको पालो आयो।

आफ्नो पालो आएको जनाउ पाएपछि माउन्ट बेटन अन्तर्वार्ता भइरहेको कोठामा प्रवेश गरे। उनी अन्तर्वार्ता लिने अधिकारीलाई अभिवादन गरेर आफ्ना लागि निर्धारित सिटमा बडो आत्मविश्वासका साथ बसे। अन्तर्वार्ताकारले अप्रत्याशित रूपमा उनलाई सोधे, 'यदि समुद्रमा भीषण आँधी आयो भने तिमी के गर्छौ ?' प्रश्न सुनेपछि बेटन मुसुक्क मुस्काए र बडो आत्मविश्वासपूर्वक सीधा जवाफ दिए, 'लंगर लगाएर जहाजलाई स्थिर गर्नेछु।'

उनको जवाफ सुनिसकेपछि ती प्रश्नकर्ताले पुनः प्रश्न गरे, 'ल ठीकै छ, एउटा आँधी आएपछि तिमी लंगर लगाएर जहाज स्थिर गरौला। तर, यदि फेरि अर्को भीषण आँधी आएर जहाजलाई घेऱ्यो भने त्यतिखेर तिमी के गर्छौ ?' हँसिलो अनुहार बनाउँदै बेटनले जवाफ दिए, 'यदि अर्को भीषण आँधी आयो भने म फेरि अर्को लंगर लगाएर जहाजलाई अड्याउँछु।' प्रश्नकर्ताले फेरि यही प्रश्न दोहोऱ्याए, बेटनले पनि फेरि त्यही जवाफ दोहोऱ्याए।

यो सवाल-जवाफको क्रम केहीबेर चलिरह्यो। सवाल पनि दोहोरिइरह्यो र जवाफ पनि दोहोरिइरह्यो। एकछिनपछि प्रश्नकर्ताले मुस्कुराउँदै सोधे, 'तिम्रो कुरा त ठीकै हो युवक, तर समुद्रमा आँधीमा घेरिएको विपत्तिको क्षणमा तिमीले यति धेरै लंगरचाहिँ कहाँबाट ल्याउँछौ ?' प्रश्नकर्ताको आशय बुझेपछि मुसुक्क हाँस्दै कुनै अप्ठ्यारो नमानी उनले जवाफ फर्काए, 'त्यहीँबाट श्रीमान्, जहाँबाट तपाईं यसरी एकपछि अर्को भीषण आँधी ल्याइरहनुभएको छ।'

माउन्ट बेटनको जवाफ सुनिसकेपछि प्रश्नकर्तासित उनलाई सोध्नका लागि कुनै पनि प्रश्न बाँकी थिएनन्। बेटनको आत्मविश्वास र सवाल-जवाफमा निपुर्णता देखेर उनैलाई रोजियो। यिनै माउन्ट बेटन पछि गएर भारतका लागि प्रथम गभर्नर जनरल बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शिक्षाको उच्च तहमा यसो गर्ने कि ?

हाम्रो देशमा विगत लामो समयदेखि विभिन्न किसिमबाट शिक्षाको धार बगिरहेको छ। उच्च शिक्षाको मुख्य भार त्रिभुवन विश्वविद्यालयले धानिरहेको छ। यसलाई व्यवस्थित रूपमा चलाउने मुख्य भूमिका उपकुलपतिकै हो। लामो समयदेखि प्रधानमन्त्री कुलपति हुने र राजनीतिक नियुक्तिबाट उपकुलपति नियुक्त हुने गरेको देखिन्छ। यसले त्रिभुवन विश्वविद्यालयको स्तरमा सुधार आउनुको साटो उल्टो बाटो हिँडाइरहेको देखिन्छ। अब साँच्चै त्रिविको सुधार गर्ने नै हो भने कुलपति प्रधानमन्त्री हुने व्यवस्था परिवर्तन गरी प्राज्ञिक व्यक्तिलाई कुलपति बनाउने व्यवस्था लागू गर्नुपर्छ। यसरी नियुक्त हुने कुलपति कुनै राजनीतिक धारको हुनुहुँदैन। साथै, उपकुलपति नियुक्ति पनि राजनीतिक नेतृत्वको आशीर्वाद थापेर होइन, उच्च क्षमता र प्राज्ञिक व्यक्तिलाई चयन गरिनुपर्छ। यसतर्फ सबैको ध्यान अविलम्ब जाओस्।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

८८ करोड असुल गर

८८ करोड खर्च भइसकेपछि फोहोर पानी प्रशोधन केन्द्रलाई अलपत्र पारेर ठेक्का तोडिएको विषयसम्बन्धी समाचार पढियो। यसरी राज्यको ढुकुटीबाट यति ठूलो रकम खर्च भइसकेपछि आयोजना अलपत्र पार्ने ठेकेदार कम्पनी या ठेक्का रद्द गर्ने सरकारी निकाय, को दोषी हो ? छानबिन गरी यथार्थ पत्ता लगाऊ र खर्च भएको ८८ करोड रकम तिनैबाट असुलउपर गर। यसरी राज्यकोष हिनामिना गर्ने अधिकार कसैलाई छैन।

● **बाबिका बस्नेत**
शंखमूल, काठमाडौं

प्रशोधन केन्द्र किन अलपत्र ?

निर्माणाधीन तीन फोहोर पानी प्रशोधन केन्द्र अलपत्र परेको समाचार पढेपछि केही लेख्न मन लाग्यो। काठमाडौं उपत्यकाका नदीहरूमा पानी कम फोहोर ज्यादा बग्ने गर्छ। त्यसलाई प्रशोधन गरी नदीनालामा स्वच्छ र सफा पानी बगाउन सरकारले निर्माण सुरु गरेका तीन प्रशोधन केन्द्रमा राज्यकोषबाट ८८ करोड खर्च भइसकेपछि ठेक्का तोडिँदा आयोजना नै अलपत्र पर्नु राज्यको गैरजिम्मेवारी हो। तत्काल यी केन्द्रको निर्माणलाई गति देऊ।

● **सम्झना बडाल**
गट्ठाघर, भक्तपुर

आशा जगाउने मन्त्री नियुक्त गर

वर्तमान सरकारको आयु एक वर्ष पुगेको उपलक्ष्यमा प्रधानमन्त्री प्रचण्डले देशवासीको नाउँमा सम्बोधन गर्दै आफूले चाहेअनुसारको प्रतिफल दिन नसकेको हुँदा काम गर्न नसक्ने मन्त्रीलाइ स्वेच्छाले पद छोड्न चेतावनी दिँदै नभए आफैँले बाध्य भई हटाउने सन्देश दिनुभएको थियो। उहाँको सम्बोधनले तत्कालै मन्त्रिपरिषद्मा केही परिवर्तन होला भन्ने आशा गरिएको थियो। तर, सत्तारूढ गठबन्धनको प्रमुख घटक कांग्रेसका सभापति शेरबहादुर देउवाको अनिच्छाले गर्दा प्रधानमन्त्री प्रचण्डले कुनै पनि मन्त्री परिवर्तन गर्न सकेका छैनन्।

कांग्रेस सभापति देउवाले राष्ट्रिय सभा निर्वाचनलाई देखाएर मन्त्रिपरिषद् परिवर्तन रोकेको बताइन्छ। त्यो अवस्था ११ माघदेखि हटेको छ। अब पनि प्रचण्डले काम गर्न नसक्ने मन्त्रीलाई हटाएर काम गर्न सक्ने योग्य नेताहरूलाई मन्त्रीमण्डलमा समावेश गर्न नसके उहाँ वास्तवमै कमजोर र छाया प्रधानमन्त्री मानिनुहुनेछ र वास्तविक प्रधानमन्त्री देउवा ठहरिनेछन्। अब प्रधानमन्त्री प्रचण्डले आफ्नो बोलीको मान राख्ने वेला आएको छ। उहाँले देउवालाइ भन्नुपर्छ- म काम गर्न आएको हुँ। तर, केही मन्त्रीले काम गर्न नसक्दा पूरै सरकार नै असफलझैँ देखिएको छ। सरकारलाई प्रभावकारी बनाउन मन्त्री फेर्नैपर्छ। यसमा मलाई साथ र सहयोग दिनुहोस्। साथै, देउवाले पनि यस कार्यमा भाँजो हाल्ने होइन, काम नगर्ने अक्षम मन्त्री जोसुकै र जुनसुकै गुटका भए पनि तिनलाई हटाउन प्रधानमन्त्रीलाई साथ दिन आवश्यक छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बिरामी ग्रहमा स्वस्थ मानिस रहन सक्दैन

अस्पतालले स्वास्थ्य र जलवायु संकट जोडिएको समस्यालाई सम्बोधन गर्ने मामिलामा समाजको नेतृत्व गर्न सक्नुपर्छ



देश/विदेश

● जेन फोन्डा

करिब एक वर्षअगाडि सेन्टा मोनिका, कलिफको प्रोभिडेन्स सेन्ट जोन्स स्वास्थ्य केन्द्रले चार महिनाको किमोथेरापीपछि मलाई क्यान्सरमुक्त घोषणा गरेको थियो। मलाई लो-ग्रेड बि सेल नन-हज्किन लिम्फोमा देखिएको थियो। यसभन्दा केही वर्षअगाडि मलाई स्तन क्यान्सर देखिएको वेला मलाई रेडिएसनबाट उपचार गरिएको थियो र पछि मैले पूर्ण 'मेस्टेक्टोमी' (स्तन छेदन) नै गर्नुपरेको थियो। म आफूलाई भाग्यशाली ठान्छु, किनभने मलाई निकै राम्रोसँग हेरचाह गर्ने चिकित्सक र नर्सले जोगाएका थिए। यसक्रममा मैले क्यान्सरमा अनुसन्धान अत्यधिक भएको पनि थाहा पाएँ र यी अनुसन्धानकर्ताप्रति म कृतज्ञ छु।

क्यान्सरमा ठूलो अनुसन्धान र प्रगति भए पनि यो रोगले प्रकोपको रूप लिँदै छ। अमेरिकामा करिब ४० प्रतिशत मानिसले आफूलाई क्यान्सर रोगी भएको पाउँछन् र अमेरिकामा सन् २०२३ मा १९ लाख ६० हजारभन्दा बढी नयाँ क्यान्सर बिरामी पत्ता लाग्ने अनुमान राष्ट्रिय क्यान्सर संस्थानले जनाएको छ। म क्यान्सरबाट उम्किन सफल क्यान्सर सर्भाइभर मात्रै होइन, म एक जलवायु अभियन्ता पनि हुँ। यसकारण वातावरण र स्वास्थ्य विशेषतः क्यान्सर एकअर्कासँग जोडिएका छन् भनेर मैले राम्रैसँग थाहा पाएकी छु। जलवायु संकट निम्त्याउने तिनै जीवाश्म इन्धनले स्वास्थ्य संकट पनि निम्त्याइरहेका छन्।

इन्भाइरनमेन्ट प्रोटेक्सन एजेन्सी डाइअक्सिन, बेन्जिन, र नेप्थालिनजस्ता क्यान्सर गराउने रसायन जीवाश्म इन्धनबाट आउँछन्। यी रसायनलाई हावा, पानी, खाद्य पदार्थ, फर्निचर, कपडा, खाना पकाउने भाँडाकुँडामा भेट्न सकिन्छ। स्वभावतः यी रसायनले हाम्रो शरीरमा पनि प्रवेश पाएकै हुन्छन्। यतिमात्रै होइन, नवजात शिशुको सालनालमा पनि यस्ता विषाक्त रसायन भेटिएका छन्।

हार्भर्ड सेन्टर फर पब्लिक हेल्थको एक अध्ययनले जीवाश्म इन्धन सम्बन्धित प्रदूषणका कारण सन् २०१८ मा ८० लाख मानिसले ज्यान गुमाएका छन्। मृत्युको यो आँकडा तीन वर्षको अवधिमा फैलिएको कोभिड-१९ महामारीका कारण भएको मृत्युभन्दा बढी हो। वास्तवमा यो अवस्था आउनु भनेको संकट हो। तेल, ग्यास र कोइलाले ग्रह, मानिस र जनावरलाई बिरामी बनाइरहेका छन्। मानिसलाई रोगबाट निको बनाउने मामिलामा स्वास्थ्य सेवा संस्थानले उदाहरणीय काम गरिरहेका छन्। तर, अब यत्तिले पुग्दैन। स्वास्थ्य संस्थाले दायरा फराकिलो बनाएर क्षति गराउने तत्त्वलाई नै सुरुमा रोक्न मद्दत गर्नुपर्छ। किनभने, आखिर रोकथाम नै पहिलो कदम हो। तर, यसो हुन सकिरहेको छैन। वातावरणीय संस्था स्ट्यान्ड डट अर्थका अनुसार अमेरिकाका चार स्वास्थ्य सेवा पेन्सन कोष, क्रमशः मायो क्लिनिक, क्यान्सर पर्मानेन्ट, एचसिए हेल्थकेयर र एसेन्सन हेल्थले जीवाश्म इन्धन कम्पनीमा चार अर्ब ५० करोड डलरभन्दा बढी पैसा लगानी गरेका छन्। अमेरिकाको स्वास्थ्य सेवा प्रणालीले मुलुककै हरितगृह ग्यास उत्सर्जनमा नौ प्रतिशत हिस्सा ओगट्छ। यसका पछाडि जीवाश्म इन्धन जिम्मेवार छ किनभने पेट्रोकेमिकल प्लास्टिकजन्य उपकरण निर्माण गर्ने, अस्पतालका सुविधा सञ्चालन गर्ने र अस्पताल प्रयोजनका लागि आवश्यक एनेस्थेटिक ग्यास उत्पादनलगायतका काम जीवाश्म इन्धनबाट गरिन्छ।

हेल्थ केयर विदाउट हार्म (एचसिडब्लुएच)का सहसंस्थापक ग्यारी कोहेनले मलाई आशावादी बनाउनुभएको छ। एचसिडब्लुएचले विशेषतः नर्सको नेतृत्वमा ठूला परिवर्तनको पहलकदमी लिएको छ। जब मेडिकल वेस्ट इन्सिनरेटर अमेरिकामा क्यान्सर गराउने डाइअक्सिन उत्सर्जनको प्रमुख स्रोत हुन् भन्ने एचसिडब्लुएच पत्ता लगायो तब हजारौँ इन्सिनरेटर बन्द गरिएका थिए। यसको प्रतिक्रियामा अस्पतालहरूले आफ्नो फोहोरलाई कम गर्ने उपाय अपनाएका थिए जहाँ सम्भव भएसम्म सामग्रीको पुनः प्रयोग र पुनर्चक्रण गर्ने अभ्यास अपनाइएका थिए। यसबाहेक अस्पतालले सम्भावित विषाक्त पदार्थलाई जिम्मेवारीपूर्वक मिल्काउन सुरक्षित फोहोर प्रशोधन प्रविधिसमेत लागू गरेका थिए। जब फुटेको मर्करी थर्मोमिटरका कारण पानी र माछामा डरलाग्दो तहमा पारो बढेको पाइयो तब स्वास्थ्य क्षेत्रले अमेरिकामा मात्रै नभई विश्वभर नै मर्करी थर्मोमिटरको विकल्प रोजियो। एचसिडब्लुएचले अस्पताल र स्वास्थ्य संस्थालाई निकट भविष्यमा शून्य कार्बन उत्सर्जनमा जान प्रतिबद्ध बनाएको छ। अहिले अमेरिकासहित विश्वका ७५ सरकारले न्यून कार्बन एवं जलवायु अनुकूलन गर्ने स्वास्थ्य प्रणाली लागू गर्ने प्रतिबद्धता जनाएका छन्।



तस्बिर : जिम डेभिस/बोस्टन ग्लोब

स्वास्थ्य हेरचाह समुदाय, विशेषतः अस्पतालले स्वास्थ्य र जलवायु संकट जोडिएको समस्यालाई सम्बोधन गर्ने मामिलामा समाजको नेतृत्व गर्न सक्नुपर्छ। स्मरण रहोस्, विश्व स्वास्थ्य संगठनले यो समस्यालाई 'मानवताका लागि सबैभन्दा ठूलो स्वास्थ्य खतरामध्येको एक'को संज्ञा दिएको छ। केही महत्त्वपूर्ण कदम चाल्न आवश्यक छ। अस्पतालले क्यान्सर निको पार्न जुन तदारुकता देखाउँछ त्यसरी नै स्वस्थ वातावरणका लागि पहलकदमी लिनुपर्छ। अस्पतालले आफूलाई नवीकरणीय ऊर्जा स्रोतबाट चलाउन सक्छन् र यातायातबाट हुने कार्बन खपत घटाउन औषधिदेखि खाद्य पदार्थसम्मका वस्तुलाई नजिकको आपूर्तिकर्ताबाट अस्पतालले खरिद गर्न सक्छन्। यसले स्थानीय दिगो विकासलाई समर्थन गरेर समुदायलाई पनि मद्दत गर्नेछ। अस्पतालले एकल प्रयोग प्लास्टिकको प्रयोग पनि कम गर्न सक्छन्, प्रदूषण गराउने एनेस्थेटिक ग्यास हटाउन सक्छन्, अस्पतालको एम्बुलेन्सलाई विद्युतीकरण गर्न सक्छन्, टेलिमेडिसिनमा जान सक्छन्, र औषधि र अन्य आपूर्तिको अनावश्यक खपत घटाउन सक्छन्। स्वास्थ्य हेरचाहले अमेरिकी अर्थतन्त्रको १७ प्रतिशत हिस्सा ओगट्छ र यस अवस्थामा यो क्षेत्रमा नवीकरण हुन्छ भने कति सुधार हुन्छ होला आफैँ सोचौँ।

जलवायु-अनुकूल स्वास्थ्य हेरचाह ठूलो मात्राको रोकथाम औषधि हो। अन्त्यमा बिरामी ग्रहमा हामी स्वस्थ मानिस रहन सक्दैनौँ।

(फोन्डा ओस्कार विजेता अभिनेत्री हुन्)
टाइम म्यागजिनबाट

■ बिहारमा सत्ताको दाउपेच

गठबन्धन फेरेर नितीश कुमार फेरि मुख्यमन्त्री

बिहार/ बिहारमा नितीश कुमार नवौँपटक मुख्यमन्त्री नियुक्त भएका छन् । नितीशले आइतबार बिहान मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए, तर भारतीय जनता पार्टी (भाजपा)सँग गठबन्धन गरेर आइतबारै पुनः मुख्यमन्त्रीको शपथग्रहण लिएका हुन् । राजीनामापछि उनले आफ्नो पार्टी जनता दल युनाइटेड (जेडियु) महागठबन्धनबाट अलग भएको घोषणा गरेका थिए ।

बिहारमा राष्ट्रिय जनता दल (आरजेडी), भारतीय राष्ट्रिय कांग्रेस र वाम दलहरू सम्मिलत महागठबन्धनमा जेडियू आबद्ध थियो । नितीश कहिले नेसनल डेमोक्रेटिक अलाएन्स (एनडिए) त कहिले महागठबन्धनको पल्लामा जाने गरेका छन् । डेढ वर्षअघि नितीशले भाजपा नेतृत्वको एनडिएसँगको सम्बन्ध तोड्दै महागठबन्धन बनाएका थिए । भारतमा यसै वर्ष आमनिर्वाचन हुँदै छ र चुनावअघि अनेकौँ दाउपेच भइरहेका छन् ।



नितीशले आइतबार नै राष्ट्रिय जनता दलबाट बनेका मन्त्रीहरूको स्थानमा भाजपाका नेताहरूलाई मन्त्री बनाएका छन् । पार्टीका नेताहरू सम्राट चौधरी, विजय सिन्हालगायतले राजभवनमा नितीशसँगै शपथ लिएका छन् । त्यसअघि उनले बिहारको राजभवनमा राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरलाई भेटेर राजीनामापत्र बुझाएका थिए । उनले पार्टीको रायका आधारमा महागठबन्धनबाट अलग हुने निर्णय गरेको बताएका थिए ।

'हामीले राज्यमा महागठबन्धनसँग सम्बन्ध तोड्ने निर्णय गरेका छौँ,' राजभवनमा राज्यपाललाई भेटेर नितीशले भनेका थिए, 'आज मैले पदबाट राजीनामा दिएको छु । हामीले पार्टीको र जनताको कुरा सुनेर सरकार अन्त्य गर्ने घोषणा गर्‍यौँ। हामी आज गठबन्धनबाट अलग भयौँ । ' एक दशकमा ७२ वर्षीय नितीशले क्याम्प परिवर्तन गरेको यो पाँचौँपटक हो ।

आइतबार फेरि एनडिए क्याम्पमा सामेल हुँदा उनले विपक्षी ब्लकसँगको आफ्नो निराशालाई यसरी पोखे, 'हामीले बनाएको नयाँ गठबन्धन (अगस्ट २०२२ मा) राम्रो अवस्थामा छैन । अवस्था राम्रो देखिँदैन ।'

प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ सरकारलाई बधाई दिएका छन् । 'बिहारमा गठन भएको एनडिए सरकारले राज्यको विकास र जनताको आकांक्षा पूरा गर्न कुनै कसर बाँकी राख्नेछैन । म नितीश कुमारलाई मुख्यमन्त्रीको रूपमा र सम्राट चौधरी र विजय सिन्हालाई उपमुख्यमन्त्रीको रूपमा शपथ लिएकोमा बधाई दिन्छु । म विश्वस्त छु कि यो टोलीले पूर्ण समर्पणका साथ सेवा गर्नेछ,' मोदीले भनेका छन् ।

२४३ सदस्यीय बिहार विधान सभामा ७९ सिटसहित आरजेडी सबैभन्दा ठूलो दल हो भने भाजपा ७८ दलसहित दोस्रो ठूलो दल हो । त्यस्तै नितीश कुमारको जनता दल युनाइटेड ४५ सिटसहित तेस्रो स्थानमा रहेको छ । त्यसैगरी, भारतीय राष्ट्रिय कांग्रेसको १९ सिट छ भने बाँकी सिटमा अन्य दल रहेका छन् ।

इतिहासमा आज

जनवरी २९



सन् १९९६ : फ्रान्सद्वारा आणविक परीक्षण बन्दको घोषणा । फ्रान्सले दक्षिण प्रशान्त क्षेत्रमा आणविक उपकरण विस्फोट गरेको भोलिपल्ट राष्ट्रपति ज्याक्स सिराकले फ्रान्सको आणविक परीक्षण कार्यक्रम अन्त्यको घोषणा गरे ।

१८१९ : ब्रिटिस इस्ट इन्डिया कम्पनीका प्रशासक सर स्ट्यामफोर्ड राफल्सद्वार सिंगापुरको बन्दरगाह स्थापना ।

सन् १९५० : रंगभेदको नीतिलाई लिएर दक्षिण अफ्रिकाको जोहानेसबर्गमा दंगा भड्कियो ।

सन् १९६७ : भियतनाममा अमेरिकी हेलिकोप्टर आक्रमणमा ३७ जना सर्वसाधारणको मृत्यु ।

सन् १९९१ : इराकी सेनाले साउदी अरबको काफ्जी सहरमा आक्रमण गरे ।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/१०/१५)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

शाखा कार्यालयः चारआली, झापा

ऋणीको विवरण	धितोको विवरण	ब्यक्तिगत धन जमानी दिनेको विवरण		
नामः कला देवी ढकाल वास्तोला श्रीमान्: तुला राम वास्तोला बुवाः हरि प्रसाद ढकाल ठेगानाः चरम्बी-९, भोजपुर कर्जा शिर्षकः ब्यक्तिगत कर्जा	कला देवी ढकालको नाममा दर्ता रहेको झापा जिल्ला धुलावारी वडा नं. ०२ स्थित कित्ता नं. २८९९ को क्षेत्रफल ०-२-० (बि-क-धु), जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**तुला राम वास्तोला** बुवाः राम प्रसाद वास्तोला बाजेः लक्ष्मण वास्तोला ठेगानाः धुलावारी-०२, झापा	**अस्मिता वास्तोला** बुवाः तुला राम वास्तोला बाजेः राम प्रसाद वास्तोला ठेगानाः मेचीनगर-०६, झापा	**आइष्मा वास्तोला** बुवाः तुला राम वास्तोला बाजेः राम प्रसाद वास्तोला ठेगानाः मेचीनगर-०६, झापा

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

प्रभु बैंक लिमिटेड शाखा कार्यालय अमवा, रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१५ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीका लागि मिति २०८०/०४/०५ गते शुक्रबारको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहको सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सुचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि बैंकले पूनः यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्र स्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, अमुवा रुपन्देहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) **बैंकको शाखा कार्यालय, अमुवा रुपन्देहीमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. ऋणी : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०६८/०६/०८ मा दर्ता भई प्रा.फ..र.नं. २७१२६/०६८ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तिरक राजस्व विभाग, आन्तिरक राजस्व कार्यालय, बुटवल रुपन्देहीबाट मिति २०६८/०६/०८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५०६७२७० को प्रमाणपत्र प्राप्त रुपन्देही जिल्ला शुद्धोधन गा.पा वडा नं. ३ (साविक सौ.फर्साटिकर गा.वि.स. वडा नं. २) । स्थित रजिष्ट्र्ड ठेगाना रहेको **दुर्गा पुजा किराना स्टोर्स ।**

प्रोप्राईटर तथा जमानतकर्ता : दुर्गा प्रसाद पोखरेल (ना.प्र.नं.३९-०१-६९-०६९५७ जारी मिति २०६९/११/३० जारी गर्ने कार्यालय जि.प्र.का. पाल्पा) ठेगाना : पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. २ (साविक देउराली गा.वि.स. वडा नं. १) स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : गुण निधि पोखरेल । बाजे : धितानन्द पोखरेल । पत्नी : कोपिला पोखरेल ।	**जमानतकर्ता : कोपिला पोखरेल** (ना.प्र.नं. ९९४०२ जारी मिति २०६०/०२/११ जारी गर्ने कार्यालय जि.प्र.का. पाल्पा) । ठेगाना : पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. २ (साविक देउराली गा.वि.स. वडा नं. १) स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : नन्द लाल नेपाल । ससुरा : गुण निधि पोखरेल । पति : दुर्गा प्रसाद पोखरेल ।
जमानतकर्ता : पुजा पोखरेल (ना.प्र.नं.३७-०२-७३-०३८७४ जारी मिति २०७३/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : दुर्गा प्रसाद पोखरेल । बाजे : गुण निधि पोखरेल । आमा : कोपिला पोखरेल ।	**जमानतकर्ता : पुजन पोखरेल** (ना.प्र.नं.३७-०२-७८-०४६९८ जारी मिति २०७८/०८/०२ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : दुर्गा प्रसाद पोखरेल । बाजे : गुण निधि पोखरेल । आमा : कोपिला पोखरेल ।

ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण

१. कोपीला पोखरेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. १ क, स्थित कित्ता नं. १००२ र १११५ को क्रमस क्षेत्रफल ०-०-१९-० र ०-१-०-० विघाहा को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. दुर्गा प्रसाद पोखरेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ क, स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-०-११.५ विघाहा को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी **दुर्गा पुजा किराना स्टोरको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

२. ऋणी : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देहीमा फर्म रजिष्ट्रेशन ऐन, २०१४ अर्न्तगत मिति २०७६/०२/२६ मा उ.द.नं. १८६७१/०७५/७६ मा दर्ता भइ रुपन्देही जिल्ला शुद्धोधन गा.पा वडा नं. ३ स्थित रजिष्टर्ड ठेगाना रहेको **भिलेज भ्यु रेष्टुरेन्ट एण्ड कटेज ।**

प्रोप्राईटर तथा जमानतकर्ता : दुर्गा प्रसाद पोखरेल (ना.प्र.नं.३९-०१-६९-०६९५७ जारी मिति २०६९/११/३० जारी गर्ने कार्यालय जि.प्र.का. पाल्पा) ठेगाना : पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. २ (साविक देउराली गा.वि.स. वडा नं. १) स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : गुण निधि पोखरेल । बाजे : धितानन्द पोखरेल । पत्नी : कोपिला पोखरेल ।	**जमानतकर्ता : कोपिला पोखरेल** (ना.प्र.नं. ९९४०२ जारी मिति २०६०/०२/११ जारी गर्ने कार्यालय जि.प्र.का. पाल्पा) । ठेगाना : पाल्पा जिल्ला रिब्दीकोट गा.पा. वडा नं. २ (साविक देउराली गा.वि.स. वडा नं. १) स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : नन्द लाल नेपाल । ससुरा : गुण निधि पोखरेल । पति : दुर्गा प्रसाद पोखरेल ।
जमानतकर्ता : पुजा पोखरेल (ना.प्र.नं.३७-०२-७३-०३८७४ जारी मिति २०७३/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : दुर्गा प्रसाद पोखरेल । बाजे : गुण निधि पोखरेल । आमा : कोपिला पोखरेल ।	**जमानतकर्ता : पुजन पोखरेल** (ना.प्र.नं.३७-०२-७८-०४६९८ जारी मिति २०७८/०८/०२ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला शुद्धोधन गा.पा. वडा नं. ३ । बाबु : दुर्गा प्रसाद पोखरेल । बाजे : गुण निधि पोखरेल । आमा : कोपिला पोखरेल ।

ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण

१. कोपीला पोखरेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. १ क, स्थित कित्ता नं. १००२ र १११५ को क्रमस क्षेत्रफल ०-०-१९-० र ०-१-०-० विघाहा को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. दुर्गा प्रसाद पोखरेलको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सौ.फर्साटिकर गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ क, स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-०-११.५ विघाहा को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी **भिलेज भ्यू रेष्टुरेण्ट एण्ड कटेजको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय अमुवा रुपन्देही**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा अमुवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०११९८/०७५/०७६, अन्तर्गत मिति २०७५/११/०९ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ५, स्थित **मेडिलिङ्क फर्मा प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: सत्येन्द्र कुमार चौरसिया** स्थायी ठेगाना : पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, विर्ता बाबु : शिववचन प्रसाद वरै बाजे : दुखी प्रसाद वरै	**रिमा चौरसीया** स्थायी ठेगाना : पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, विर्ता बाबु : महेश प्रसाद चौरसीया ससुरा : शिववचन प्रसाद वरै पति : सत्येन्द्र कुमार चौरसिया
	धितोको विवरण	
	१) दुखी प्रसाद वरैको नाती, शिववचन प्रसाद वरैको छोरा, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, विर्ता बस्ने सत्येन्द्र कुमार चौरसियाको नाममा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज न.पा. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३२२ को क्षेत्रफल ३३८.६३ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) महेश प्रसाद चौरसीयाकी छोरी, शिववचन प्रसाद वरैकी बुहारी, सत्येन्द्र कुमार चौरसियाकी पत्नि, पर्सा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, विर्ता बस्ने रिमा चौरसीयाको नाममा मालपोत कार्यालय पर्सा, वीरगंजको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४९ को क्षेत्रफल १६९.३० (व. मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । ३) मेडिलिङ्क फर्मा प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ३३४४/४६२ अन्तर्गत मिति २०७०/०१/१७ मा, प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, गौर न.पा. वडा नं. १, स्थित **साहु गल्ला एण्ड कमिशन ऐजेन्ट** **प्रोप्राईटर तथा जमानीकर्ता: धर्मेन्द्र कुमार साह**	१) किसुन साहको नाती, पारस नाथ साहको छोरा, रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बस्ने धर्मेन्द्र कुमार साहको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा वैरिया गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २३१५, २३१६ र २३१४ को क्षेत्रफल क्रमशः ०-१-०, ०-१-५ र ०-०-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत । २) साहु गल्ला एण्ड कमिशन ऐजेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) धर्मेन्द्र कुमार साह स्थायी ठेगाना : रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बाबु : पारस नाथ साह बाजे : किसुन साह	**२) महालक्ष्मी गुप्ता** स्थायी ठेगाना : सुनसरी जिल्ला, दुहवी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ३ बाबु : हिरालाल साहु ससुरा : पारस नाथ साह पति : धर्मेन्द्र कुमार साह
३)	**गुरु प्रसाद थारु** स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : हरिश चन्द्र चौधरी बाजे : पतिलाल चौधरी	शिवनारायणचौधरीकोनाती, पतिलालचौधरीकोछोरा, बाँकेजिल्ला, हसनापुरगा.वि.स. वडानं. ३स्थायीठेगानाभईहालबाँकेजिल्ला, बैजनाथगा.पा. वडानं. ८बस्नेहरिशचन्द्र चौधरीकोनाममामालपोतकार्यालयनेपालगंज, बाँकेकोलगतमादर्ताकायमरहेको, बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ६६३ र ६६६ को क्षेत्रफल क्रमशः ४२७.५० र १२०२.५० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) रिता कुमारी थारु	२) हरिश चन्द्र चौधरी	३) कृष्ण कुमारी चौधरी
स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : कृष्ण प्रसाद थारु ससुरा : हरिश चन्द्र चौधरी पति : गुरु प्रसाद थारु	स्थायी ठेगाना : बाँके जिल्ला, हसनापुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : पतिलाल चौधरी बाजे : शिवनारायण चौधरी	स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.पं. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : झरफारी चौधरी ससुरा : पतिलाल चौधरी पति : हरिश चन्द्र चौधरी

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचनाः

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १५ माघ ०८०

थप चार सय मेगावाट विद्युत् किन्ने भारतको प्रस्ताव

प्राधिकरण भन्छ- अब ११ सय मेगावाट विद्युत् भारतमा निर्यात हुन्छ



मध्यकालीन मोडलमा थप विद्युत्‌को प्रस्ताव आएको छ

● **प्रदीप थिके,** उपकार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

मध्यकालीन मोडलमा बर्खामा दुई सय मेगावाट विद्युत् खरिद-बिक्री गर्ने सम्झौता गत जेठमा भइसकेको छ। त्यसअन्तर्गत गएको बर्खामा एक सय १० मेगावाट विद्युत् भारतको हरियाणामा बिक्री भएको थियो। बाँकी ९० मेगावाटका लागि भारतबाट परियोजना स्वीकृतिको प्रक्रियामा छ। सोही मोडलमा थप चार सय मेगावाट विद्युत् किन्ने भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले प्रस्ताव पठाएको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतले बर्खायाममा थप चार सय मेगावाट विद्युत् किन्ने प्रस्ताव नेपाललाई पठाएको छ। भारतले हरियाणा प्रदेशमा खपत गर्ने गरी पाँच वर्षसम्म (मध्यकालीन मोडल) सोबराबरको विद्युत् किन्ने प्रस्ताव नेपाल विद्युत् प्राधिकरणलाई पठाएको हो।

दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरेको (पुस १९ गते) एक महिनाभित्रै अर्थात् माघ पहिलो साता भारतले उक्त प्रस्ताव पठाएको छ। यसअघि मध्यकालीन मोडलमै बर्खामा दुई सय मेगावाट विद्युत् खरिद-बिक्री गर्ने गरी गत जेठमा भारतसँग सम्झौता भइसकेको छ। त्यसअन्तर्गत गएको बर्खामा एक सय १० मेगावाट विद्युत् भारतको हरियाणामा बिक्री पनि गरिएको थियो। बाँकी ९० मेगावाटका लागि भारत सरकारबाट परियोजना स्वीकृतिको प्रक्रियामा छ। सोही मोडलमा थप चार सय मेगावाट विद्युत् किन्ने गरी भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)ले प्रस्ताव पठाएको प्राधिकरणका उपकार्यकारी निर्देशक प्रदीप थिकेले जानकारी दिए।

खोलामा पानी कम हुँदा हिउँदमा स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्छ। त्यसैले बर्खायाममा मात्रै सोबराबरको विद्युत् बिक्री गर्ने गरी सम्झौता गरिने उनले बताए।

अब आयोजना छनोट गरेर एनभिभिएनसँग विद्युत् खरिद-बिक्रीको अन्तिम सम्झौता गरिने उनले बताए। 'निश्चित जलविद्युत् आयोजनालाई स्रोत देखाएर भारतबाट स्वीकृति लिनुपर्ने भारतीय सर्त यसमा पनि लागू हुन्छ। कुन-कुन आयोजनाबाट सोबराबरको विद्युत् निर्यात गर्न मिल्छ र सकिन्छ भनेर अहिले अध्ययन गरिरहेका छौँ,' उनले भने, 'प्रारम्भिक रूपमा आयोजना छनोट भएपछि एनभिभिएनसँग सम्झौता गर्छौं।'

आगामी असारभित्र पाँच सय मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा थपिने अनुमान छ। त्यसबाटै यसका लागि विद्युत् व्यवस्थापन गरिने प्राधिकरणको योजना छ। 'अहिले सञ्चालित आयोजनाहरूबाट सोबराबरको थप विद्युत् निर्यात गर्न पुग्दैन। स्वदेशी माग र यसअघि स्वीकृत कोटामै विद्युत् निर्यात गर्न ठिक्क हुन्छ,' उनले भने, 'तसर्थ, यो आवमा सञ्चालनमा आउने आयोजनाबाटै यसका लागि विद्युत् व्यवस्थापन गर्नुपर्छ। यद्यपि, यसअघि डे-अहेड बजारमा विद्युत् बिक्री गरिँदै आइएको आयोजना पनि यसमा राख्न सक्छौं।'

यो सम्झौतापछि प्राधिकरणले मध्यकालीन मोडलमा भारतलाई ६ सय मेगावाट बिक्री गर्न सक्नेछ। भारतीय इनर्जी एक्सचेन्ज बजारको डे-अहेडमा सहित ११ सय मेगावाटभन्दा बढी बिजुली भारत निर्यात गर्न सकिने प्राधिकरणको दाबी छ।

यसअघि मध्यकालीन मोडलमा दुई सय मेगावाट बिक्री गर्ने गरी भएको सम्झौताअन्तर्गत गएको बर्खामा सोलु दूधकोसीबाट ८३.४२ मेगावाट र दोर्दी खोलाबाट २७ मेगावाट गरेर एक सय १० मेगावाट बिजुली भारतको हरियाणामा बिक्री गरिएको थियो। प्राधिकरणले त्यसबाहेक बर्खामा पाँच सय ४७ मेगावाट विद्युत् भारतको डे-अहेड बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरेको थियो। अब चार सय मेगावाट विद्युत् थप हुँदा ११ सय मेगावाट विद्युत् भारतमा निर्यात हुने प्राधिकरणको दाबी छ। भारतले आगामी १० वर्षमा नेपालबाट मध्यकालीन तथा दीर्घकालीन रूपमा १० हजार मेगावाट विद्युत् खरिद गर्ने बताएको छ। सोहीअन्तर्गत भारतमा थप चार सय मेगावाट विद्युत् मध्यकालीन रूपमा बिक्री गर्ने गरी सम्झौता गर्न लागिएको प्राधिकरणका उपकार्यकारी निर्देशक थिकेले जानकारी दिए।

■ पिपिए दर बढाइने

पहिलाको भन्दा बढी मूल्यमा विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न पनि दुवै देश सहमतिनजिक पुगेका छन्। यसअघि प्रतियुनिट ५.२५ भारुमा विद्युत् खरिद-बिक्री गर्ने गरी भारतसँग मध्यकालीन विद्युत् व्यापार सम्झौता गरिएको थियो। अब भने त्योभन्दा पनि बढी मूल्यमा सम्झौता हुने उपकार्यकारी निर्देशक थिकेले बताए। 'यो सम्झौतामा पिपिए दर ५.२५ भारुभन्दा केही पैसा बढी हुनेछ। यसमा भारत सहमत छ,' उनले भने, 'थप छलफलमार्फत यसलाई टुंगोमा पुर्‍याउनेछौँ।'

प्राधिकरणले डे-अहेड बजारमा प्रतिस्पर्धी मूल्यमा विद्युत् खरिद-बिक्री गर्दै आएको छ, त्यसका लागि अधिकतम सीमा प्रतियुनिट १० भारु तोकिएको छ। यसमा भने निश्चित दर तोकेर नै विद्युत् खरिद-बिक्री गरिनेछ। डे-अहेड बजारमा मूल्य बढी पाउने सम्भावना भए पनि त्यसलाई सुनिश्चित बजार मानिँदैन। तर, मध्यकालीन विद्युत् व्यापार सम्झौताले न्यूनतम पाँच वर्षका लागि बजार सुनिश्चित गरेको हुन्छ। त्यसैले यो सम्झौता बढी महत्त्वपूर्ण हुने प्राधिकरणका अधिकारीहरू बताउँछन्।

■ भारतीय बजार सुनिश्चित हुँदै

नेपाली बिजुलीका लागि भारतीय बजार अपरिहार्य छ। पहिला मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारबारे ठोस सम्झौता नहुँदा भने यो अन्योलमा थियो। अब भने भारतीय बजार सुनिश्चित हुँदै गएको प्राधिकरणको विश्वास छ। बढ्दो जलवायु परिवर्तनका कारण कोइला र डिजेलबाट उत्पादित विद्युत् बढी प्रयोग गरेको भारतलाई नेपालको स्वच्छ विद्युत्‌को आवश्यकता पनि बढ्दै छ। तसर्थ, भारतलाई नेपाली बिजुली किन्नुपर्ने दबाब पनि बढ्दै गएको छ। नेपाल र भारतबीच विद्युत् व्यापार गर्ने गरी ०१४ मै सम्झौता भएको थियो। सोही आधारमा अहिले नेपालले भारतसँग अल्पकालीन विद्युत् व्यापार गर्दै आएको छ। गत जेठ १७-२० गतेसम्म भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा दीर्घकालीन विद्युत् व्यापारबारे प्रारम्भिक सहमति भएको थियो।

विद्युत् विधेयक फिर्ता लिन निजी क्षेत्रको माग

काठमाडौं/ निजी क्षेत्रले संसद्‌मा दर्ता गरेको 'विद्युत् विधेयक, २०८०' फिर्ता लिन सरकारलाई माग गरेको छ। आइतबार पूर्वाधार विकास समितिअन्तर्गतको ऊर्जा, जलस्रोत तथा सिँचाइ उपसिमितिमा भएको छलफलमा निजी क्षेत्रले यस्तो माग गरेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय २७ भदौमा संसद्‌मा विधेयक दर्ता गरेको थियो। उक्त विधेयकभन्दा २०४९ कै ऐन संशोधन गरेर विद्युत् व्यापार र संघीयताका विषय थप गर्नुपर्ने स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अधिकारीहरू बताउँछन्। विधेयकका प्रावधानहरू २०४९ को विद्युत् ऐनभन्दा निकै पश्चगामी भएको उनीहरूको भनाइ छ। इप्पानका अध्यक्ष गणेश कार्कीले अहिलेको विधेयक निजी क्षेत्रलाई एकैपटक नभई घाँटी रेटी-रेटी मार्ने उद्देश्यले आएको बताए। उनले विद्युत् उत्पादकहरूले १४ वटा मन्त्रालय र दुई सयभन्दा बढी टेबलमा धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्ने गरी विधेयकमा ऊर्जा मन्त्रालयमै शक्तिशाली एकद्वार प्रणालीको व्यवस्था हुनुपर्ने बताए।

यस्तै, उपसमितिका संयोजक गोकर्ण विष्टले निजी क्षेत्रका माग पूरा भए मात्रै विधेयक संसद्‌बाट पारित हुने बताए।

सबै राजनीतिक दलका शीर्ष नेताहरूले नै यसमा संशोधन प्रस्ताव राखेको स्मरण गराउँदै विष्टले ऊर्जा उत्पादकहरूका कुरा समेटेर लगानीको सुरक्षा हुने गरी मात्रै विधेयक आउनेमा ढुक्क हुन निजी क्षेत्रका प्रतिनिधिलाई आग्रह गरे।

इप्पानका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले अहिलेको विधेयक निजी क्षेत्रलाई कसरी नियन्त्रण गर्ने भन्ने मानसिकताबाट मात्रै आएको बताए। २०४९ को ऐनमा टेकेर निजी क्षेत्रले ७० प्रतिशत हिस्सा लिएको बताउँदै आचार्यले बगेर जाने पानी भोलि हाइड्रोजनले विस्थापित गर्न सक्ने भएकाले निजी क्षेत्रले उपयोग गरेको कुरामा ईर्ष्या नगर्न आग्रह गरे।

इप्पानका उपाध्यक्ष तथा नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स)का सञ्चालक उत्तम ब्लोनले विद्युत् विधेयकमा विद्युत् व्यापार गर्ने कम्पनीलाई २५ वर्षका लागि मात्रै अनुमति दिने कुरा राखिएकाले सरकारलाई कर तिरेर व्यापार गर्ने कम्पनीको अनुमतिपत्रको अवधि स्वतः नवीकरण हुने व्यवस्था गर्नुपर्ने बताए। वरिष्ठ अधिवक्ता केदार कार्कीले २०४९ को ऐनलाई संशोधन गरेर विद्युत व्यापार, सुरक्षा, संघीयतालगायतका चार-पाँचवटा बुँदा थप्दा पुग्ने भएकाले नयाँ विधेयक नचाहिने बताए।

ऋण लिने-दिने प्लेटफर्मको लाइसेन्स खुलाउन सुझाव

प्रारम्भिक चरणमा साना कर्जा लेनदेन गराउन 'पिटुपी'को लाइसेन्स खुलाउन सकिने केन्द्रीय बैंकको अध्ययनले देखाएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालमा अनलाइनबाटै ऋण लेनदेन गराउने प्लेटफर्मको इजाजतपत्र खुलाउन सकिने एक अध्ययनले देखाएको छ। दुईभन्दा बढी ऋणीले कुनै एक व्यक्तिलाई ऋण दिन सकिने गरी पियर-टु-पियर (पिटुपी) प्लेटफर्म सञ्चालन गर्न सकिने राष्ट्र बैंकको अध्ययनले देखाएको हो।

केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले गरेको अध्ययनअनुसार प्रारम्भिक चरणमा साना कर्जा लेनदेन हुने गरी वेबमा आधारित यो प्लेटफर्मको लाइसेन्स दिन सकिने देखिएको हो। व्यक्तिगत रूपमा ऋण दिन र लिन चाहने दुवै व्यक्तिले यो माध्यममा एकाउन्ट खोल्न सक्नेछन्। यसमा पिटुपी प्लेटफर्मले मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेछ। यो प्लेटफर्मले ऋण दिन र लिन इच्छुक दुवै पक्षको सूचना लिएर राख्छ। जसका आधारमा ऋणको लेनदेनमा सहजीकरण गराउन 'म्याचमेकर'को भूमिका निर्वाह गर्छ।

हाल नेपालमा बैंक तथा वित्तीय संस्था एवं सहकारीहरूले ऋण प्रवाह गर्दै आइरहेका छन्।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

यो परम्परागत खालको बैंकिङ प्रणालीमा वित्तीय संस्थाहरूले निक्षेप संकलन गरेर त्यसलाई कर्जाका रूपमा लगानी गर्दै आइरहेका छन्। जसमा ऋण डुब्ने अवस्थामा वित्तीय संस्था जोखिममा पर्नुका साथै निक्षेपकर्ताको निक्षेप पनि प्रभावित हुन सक्छ। तर, पिटुपी वित्तीय कारोबारको वैकल्पिक माध्यम हो, जसमा ऋण डुब्ने अवस्थामा यस्ता प्लेटफर्मले सञ्चालकलाई कुनै असर पार्दैन। यसमा ऋण दिने आफैँले जोखिम मोल्नुपर्ने हुन्छ। खासगरी लगानीका अन्य क्षेत्रमा कम प्रतिफल दिने अवस्था र बैंकमा निक्षेपको ब्याजदरसमेत न्यून रहेको अवस्थामा पैसा हुनेले यस्तो माध्यम प्रयोग गरी ऋणमा लगाउन सक्नेछन्।

■ कर्जा लिन खोज्नेको क्रेडिट स्कोरिङ अनिवार्य सर्त

नेपालमा सूचीकृत कम्पनीहरूको क्रेडिट रेटिङ हुने गरे पनि हालसम्म व्यक्तिहरूको क्रेडिट स्कोरिङ हुने गरेको छैन। क्रेडिट रेटिङले लगानीकर्ताका लागि कुनै पनि कम्पनी वा संस्थामा हुन सक्ने लगानीको जोखिमबारे मूल्यांकन गर्न मद्दत पुर्‍याउँछ भने क्रेडिट स्कोरिङमा व्यक्तिको कर्जा लिन सक्ने योग्यताबारे मूल्यांकन गरिन्छ। पिटुपीमा व्यक्तिगत रूपमा कर्जा लेनदेन हुने भएकाले यसमा क्रेडिट स्कोरिङ अनिवार्य सर्त रहेको अध्ययनले देखाएको छ। क्रेडिट स्कोरिङको जिम्मा कुनै पनि निजी क्षेत्रका कम्पनी वा संस्थालाई दिन सकिने अध्ययनमा उल्लेख छ।

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको कर्जाको जानकारी कर्जा सूचना केन्द्रमा हुन्छ। सम्पत्तिको स्वामित्वको अभिलेख यथाशीघ्र नपाइनु पिटुपी कार्यान्वयनको मूल चुनौतीका रूपमा रहेको अध्ययनले देखाएको छ, जुन एउटा महत्त्वपूर्ण सर्त हो। जग्गा, घर, गाडीजस्ता सम्पत्ति स्वामित्वको केन्द्रीकृत तथ्यांक उपलब्ध भएमा मात्रै यो लागू गर्न सकिने अध्ययनले देखाएको छ।

आम्दानीको विवरण अर्को अनिवार्य सर्त हो। नेपालमा अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारको हिस्सा ६२.२ प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयको आँकडाले देखाउँछ। त्यस्तै, ०७५ को आर्थिक गणनाअनुसार ४९.९ प्रतिशत प्रतिष्ठानहरू अझै दर्ताविनै सञ्चालित छन्। अनौपचारिक क्षेत्रका कामदारले आफ्नो कमाइ स्वःघोषणा गर्ने भएकाले आम्दानीको यकिन तथ्यांक पाउन समस्या रहेको अध्ययनले देखाएको छ। त्यस्तै, अनौपचारिक क्षेत्रका कामदारको पूर्ण विवरण पाउन नसकिने उल्लेख छ।

प्रत्येक व्यक्तिको पहिचानका लागि नदोहोरिने गरी राष्ट्रिय परिचयपत्र नम्बरको व्यवस्था सरकारले गरेको छ। तर, तत्काल यो पूर्ण रूपमा कार्यान्वयनमा नआइसकेकाले बैंक तथा वित्तीय संस्थाबाट कुन व्यक्तिले कति ऋण लिएका छन्? यकिन तथ्य पाउन कठिन छ। यसका लागि यस्तो नम्बर कार्यान्वयनमा आउनु अनिवार्य रहेको अध्ययनको निष्कर्ष छ।

लगानीका लागि उपयुक्त मानिएको क्राउड फन्डिङको माध्यमका लागि धितोपत्र बोर्डमार्फत नियमनको व्यवस्था हुनुपर्ने र पिटुपीलाई केन्द्रीय बैंकमार्फत नियमन गर्नुपर्ने सुझाव अध्ययनले दिएको छ। छिमेकी देश भारतले पिटुपी प्लेटफर्मलाई गैरबैंकिङ वित्तीय कम्पनीअन्तर्गत राखेको छ। यसको नियमन भने त्यहाँको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियामार्फत भइरहेको छ। यसमार्फत हुन सक्ने कर्जाको जोखिम न्यूनीकरण गर्न ऋण दिनेहरूले ५० लाख भारतीय रुपैयाँभन्दा बढी कर्जा दिन नमिल्ने गरी सीमा तोकेको छ।

संयुक्त राष्ट्रसंघ पुँजी विकास कोषअनुसार सन् २०१४ मा ६१ प्रतिशत वयस्कहरूले औपचारिक वित्तीय सेवामा प्रयोग गरिरहेकामा सन् २०२२ मा यो बढेर ९० प्रतिशत पुगेको छ।

सम्झौताको २२ महिनासम्म पनि साइटको टुंगो छैन

सर्लाहीमा **श्रवण थापा**

सर्लाहीको कविलासी नगरपालिकामा निर्माण हुन लागेको मदनपुर-गुलरिया सिँचाइ ब्यारेज योजना सम्झौता भएको २२ महिना बित्न लाग्दा पनि निर्माणस्थलको टुंगो लाग्न सकेको छैन। सिँचाइको आवश्यक प्रबन्ध नभएको यस क्षेत्रका किसानले अकासेपानीका भरमा खेती गर्दै आएका छन्। कविलासी नगरपालिका वडा नम्बर ३ र ६ को सिमाना भएर बग्ने ढंग्रा खोलामा ड्याम बन्ने र खेतमा वर्षैभरि पानी आउने भनेर खुसी भएका स्थायिन किसान योजना ठेक्का लागेको २२ महिना बित्दा पनि निर्माणको अत्तोपत्तो नहुँदा निराश भएका छन्।

कविलासी नगरपालिकासहित चक्रघट्टा र कौडेना गाउँपालिकाका किसानलाई समेत सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यसहित गत २१ चैत ०७९ मा दुई वर्षको समयावधि राखेर ठेक्का लागेको थियो। जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय मलंगवा सर्लाहीका अनुसार नौ करोड ७२ लाख ४० हजार नौ सय ५२ रुपैयाँमा आशिष-पृथ्वी-योगेश्वर जेभी निर्माण कम्पनीले ठेक्का सकारेको हो।

आयोजना निर्माण सम्पन्न हुँदा यस क्षेत्रआसपासका पाँच सय हेक्टर क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय सर्लाहीले जनाएको छ। निर्माणस्थलको टुंगो नलागेका कारण निर्माण सामग्री लिएर २१ महिनादेखि निर्माणस्थलनजिकै क्याम्प खडा गरेर बसेका निर्माण व्यवसायी केशव दाहालले बताए।

काम सुरु गर्न भनेर निर्माणस्थलमा फलामका सामान, प्लाई, काठपात, बालुवालगायतका सामान निर्माणस्थलनजिकै पुर्‍याइसकिएको उनको भनाइ छ। निर्माणस्थलनजिकै उपकरण रुँगेर आफ्ना कामदार महिनौँदेखि बसिरहेको उनको गुनासो छ। पटक-पटक निर्माणस्थल क्लियर गरिदिन आग्रह गर्दा पनि जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय मलंगवाले कुनै जवाफ नदिएको उनले बताए।

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय मलंगवाले निर्माण व्यवसायीलाई आयोजना सम्झौताको १६ महिनापछि बल्लतल्ल डिजाइन उपलब्ध गराएको छ। पटक-पटक ताकेता गरेपछि कार्यालयले ड्रइङ डिजाइन दिएको निर्माण कम्पनीले जनाएको छ। सुरुमा स्थानीयले आयोजनाका लागि जग्गा दिने सहमति गरे पनि पछि विभिन्न बहाना गरेर निर्माणमा अवरोध गरेको जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय मलंगवाका सिनियर अधिकृत लक्ष्मण ठाकुरले बताए। यसको समाधानको पहल भइरहेको उनको भनाई छ। स्थानीयले मुआब्जा नै दिनुपर्ने अडान भने नराखेको उनले बताए।

यता कविलासी नगरपालिकाका मेयर ब्रह्मदेव रायले जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले लापरबाही पूर्ण ढंगले ठेक्का लगाएका कारण योजना अलपत्र परेको बताए। आयोजनाले मुआब्जाविना नै संरचना निर्माण गर्न खोजेको तथा स्थानीयले उपयुक्त मुआब्जा खोजेका कारण योजना अलपत्र परेको मेयर रायको भनाइ छ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

भुलसुधार गरिएको सूचना

यस कार्यालयको मिति २०८०/१०/०८ मा नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित कार्यकारी निर्देशक आवश्यकता सम्बन्धी सूचनामा सूचना प्रकाशित मिति २०८०/१०/०८ हुनुपर्नेमा अन्यथा हुनगएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय मैतीदेवी, काठमाण्डौंको तपसिलमा उल्लखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मैतीदेवी, काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानुन तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सुचनाद्धारा सुचित गरीन्छ।

तपसिल

ऋणीको विवरण:
गौरी प्रसाद बानियाको नाति, पतिराम बानिया/माया देवी बानियाको छोरा, जिल्ला मकवानपुर, हेटौंडा न.पा. वडा. नं.११ स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, काठमाडौं म.न.पा.वडा नं.१३ बस्ने **प्रमोद बानिया** (ना.प्र.नं. ३१३०२३/११९६ क, जारी मिति २०६३/११/१८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताको विवरण
१. बनारसी प्रसाद कांसकारको नातिनी, चन्द्र शेषर कांसकार/माया देवी कांसकारको छोरी, प्रमोद बानियाको पत्नी, जिल्ला मकवानपुर, हेटौंडा न.पा. वडा. नं. ०३ स्थायी ठेगाना भई हाल जिल्ला काठमाडौं, काठमाडौं म.न.पा.वडा नं. १३ बस्ने **आरती कांसकार** (ना.प्र.नं. ३११०२३/५०९३७, जारी मिति २०६५/०३/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण
१. धनि कुमारी बैंक लि. र ऋणी **प्रमोद बानिया** कायम भई बागमती प्रदेश साना तथा ठुला यातायात व्यवस्था कार्यालय ललितपुर, एकान्तकुनामा दर्ता कायम रहेको च्यासिस नं. MKFP1M4B1MJ503910, ईन्जिन नं. SFG15T-01*19758033*, सवारी दर्ता नं. Bagmati Pradesh-01 025 Cha. 2252 को DFSK Glory560 थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय मैतीदेवी, काठमाण्डौ फोन नं. ०१-५९०९३२२, ५९०९३२३

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना	ऋणी तथा जमानतकर्ताको विवरण
१.	**नाम : रिजाल राइस मिल** घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन प्रा.फ.द.नं. ५३७/०६९/७०, दर्ता मिति : २०६९/११/२२ पान नं. ६००३३५१७५, दर्ता मिति : २०६८/०७/२७ ठेगाना : चितवन जिल्ला, चैनपुर वडा नं. ३ हाल : चितवन जिल्ला, खैरहनी वडा नं. २, चैनपुर **प्रोप्राइटर : प्रमोद बाबु रिजाल**	**नाम : प्रमोद बाबु रिजाल** ना.प्र.नं. ३३०/०४४, जि.प्र.का. चितवन जारी मिति : २०५५/०८/१८ बाबुको नाम : पुष्पराज रिजाल बाजेको नाम : जिवनाथ रिजाल ठेगाना : चितवन जिल्ला, चैनपुर वडा नं. ३ हाल : चितवन जिल्ला, खैरहनी वडा नं. २, चैनपुर
	जमानतकर्ताको विवरण	**धितोको विवरण**
	नाम : शोभा रिजाल ना.प्र.नं. ०३२८५३, जि.प्र.का.चितवन जारी मिति : २०६३/०७/२६ पतिको नाम : प्रमोद बाबु रिजाल ससुराको नाम : पुष्पराज रिजाल ठेगाना : चितवन जिल्ला, चैनपुर वडा नं. ३ हाल : चितवन जिल्ला, खैरहनी वडा नं. २, चैनपुर	प्रमोद बाबु रिजालको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. १ ख हाल चितवन जिल्ला, खैरहनी वडा नं. २, चैनपुर स्थित कित्ता नं. ८१९ को क्षेत्रफल ०-९-१०-० (विघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : पर्सा, चितवन, फोन नं. ०५६-५८३३७४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

जनशक्ति प्रशिक्षण गरेर रोजगारी दिलाउन त्रिपक्षीय सम्झौता

काठमाडौं/ कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम (एप्रेन्टिससिप) सञ्चालन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, नेपाल उद्योग परिसंघ र ६ उद्योगहरूबीच त्रिपक्षीय सम्झौता भएको छ। आइतबार केन्द्रका कार्यकारी अधिकृत दीपक घिमिरे, परिसंघका महानिर्देशक दीपकराज जोशी र सम्बन्धित उद्योगका प्रतिनिधिहरूले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौता गर्ने ६ उद्योगहरूमा लिटमस इन्डस्ट्रिज, अरिहन्त मल्टिफाइबर्स, किरण सुज म्यानुफ्याक्चर्स, बाबा जुट मिल, मोर्डन स्लिपर इन्डस्ट्रिज र रन सुज इन्डस्ट्रिज रहेका छन्। यी उद्योगहरूले कुल १६ सय ६५ जना प्रशिक्षार्थी कामदारलाई प्रशिक्षण दिएर कम्तीमा १८ महिनाको रोजगारी दिनेछन्। प्रशिक्षार्थी कामदारहरूको अधिकतम तीन महिनाको पारिश्रमिक भने सरकारका तर्फबाट केन्द्रले व्यहोर्ने बताइएको छ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले यस्तो कार्यक्रम सञ्चालनबाट उद्योगको उत्पादकत्व वृद्धिमा योगदान पुग्नुका साथै स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना हुने बताए। त्यस्तै, परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले चालू आर्थिक वर्षका लागि नौवटा उद्योगहरूले २१ सय प्रशिक्षार्थी माग गर्दै परिसंघमार्फत आवेदन दिएको बताए।

तथापि, पाठ्यक्रम तथा अन्य चुनौतीका कारण ६ उद्योगहरूसँग मात्र यस्तो सम्झौता हुन सकेको उनको भनाइ थियो। 'अन्य उद्योगहरू इच्छुक हुँदाहुँदै पनि यसमा सहभागी हुन नसक्दा १६ सय ६५ जनालाई मात्रै रोजगारीको अवसर सिर्जना गर्न सकिएको छ,' उनले भने, 'आगामी दिनमा यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक छ। यसलाई सफल बनाउनका लागि परिसंघको भूमिका सदैव सकारात्मक रहनेछ।'

परिसंघका उपाध्यक्ष रोहित गुप्ताले आगामी वर्ष यस कार्यक्रमको लक्षित संख्यामा वृद्धि गरी सबै उद्योगहरूलाई समेटिने बताए। उनले भने, 'सिटिइभिटीबाट मान्यताप्राप्त पाठ्यक्रम भएमा कार्यक्रमले अझ ठूलो उपलब्धि हासिल गर्नेछ।' केन्द्रका कार्यकारी अधिकृत दीपक घिमिरेले दक्ष जनशक्ति विकास गरेर स्वदेशमा नै रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको कार्यक्रममा सरोकार पक्षहरूबीच सम्झौता हुनु ठूलो उपलब्धि भएको बताए। उनले कार्यक्रमलाई थप सफल र प्रभावकारी बनाउन सबै सरोकारवालाको भूमिका महत्त्वपूर्ण रहेको पनि बताए।

पुल्चोक क्याम्पसका उत्कृष्ट विद्यार्थीलाई एनसेलको छात्रवृत्ति

काठमाडौं/ एनसेलले इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसको पाँच संकायमा अध्ययन गरिरहेका उत्कृष्ट विद्यार्थीलाई 'एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान' प्रदान गरेको छ। एनसेलले व्यावसायिक सामाजिक जिम्मेवारीअन्तर्गत प्रदान गरेको यो छात्रवृत्ति तथा उत्कृष्टता सम्मानको १०औँ वर्ष हो।

यस वर्षका लागि १८ वटा शीर्षकअन्तर्गत पहिलो वर्ष, दोस्रो वर्ष र तेस्रो वर्षको परीक्षाको नतिजाका आधारमा सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर र मेकानिकल इन्जिनियरिङ संकायका १८ जना विद्यार्थीलाई छात्रवृत्ति सम्मान प्रदान गरिएको कम्पनीले जनाएको छ। साथै, उत्कृष्ट नतिजा ल्याई यी पाँच संकायबाट स्नातक उत्तीर्ण गरेका ६ जना विद्यार्थीलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरिएको उल्लेख छ।

इन्जिनियरिङ अध्ययन संस्थानका डिन प्रा.डा. शशिधरराज जोशी र एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध



निर्देशक जाब्बोर कायुमोभले संयुक्त रूपमा विद्यार्थीलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरेको कम्पनीले जनाएको छ। त्यसैगरी, एनसेलका चिफ लिगल एन्ड रेगुलेटरी अफिसर विशालमणि उपाध्याय, चिफ कमर्सियल अफिसर उमेर मोहसिन र एक्टिङ चिफ टेक्नोलोजी अफिसर लेनाकेशरी कंसाकारले छात्रवृत्ति हस्तान्तरण गरेको जनाइएको छ।

एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले यो छात्रवृत्ति तथा सम्मान नयाँ पुस्तालाई सशक्त बनाउने जिम्मेवारी मात्र नभएर प्रतिबद्धता पनि भएको बताए।

यसले नवीनता, प्रगति र सकारात्मक परिवर्तनलाई बढावा दिने उनको भनाइ थियो। हरेक छात्रवृत्ति तथा उत्कृष्टता सम्मान पुरस्कारको राशि एक लाख रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

नाडा र एसियाली विकास बैंकबीच छलफल

काठमाडौं/ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पदाधिकारीले एसियाली विकास बैंकका पदाधीकारीसँग नेपालमा विद्युतीय सवारीसाधनको प्रवर्द्धनका विषयमा छलफल गरेका छन्। नाडाका अध्यक्ष करण चौधरीको सक्रियतामा छलफल भएको हो।

छलफलमा खासगरी नेपालमा अटोमोबाइल बजारको सम्भाव्यता, विद्युतीय सवारीसाधनको व्यवसायमा देखिएका चुनौती र त्यसका विषयमा पाठयक्रम बनाई कसरी अगाडि बढ्ने भन्ने विषयमा अर्कोपटक छलफल गर्ने तय भएको जनाइएको छ।

उक्त प्रोजेक्टका तर्फबाट डा. सुमित पोखरेल, चन्दन सापकोटा रूपक शर्मा तथा कृष्ण पाठकको उपस्थिति रहेको उल्लेख छ। त्यस्तै, नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठ, महासचिव सुरेन्द्रकुमार उप्रेती, सचिव विक्रम सिंहानिया र सहकोषाध्यक्ष पंकज अग्रवालको उपस्थिति रहेको नाडाले जनाएको छ।

ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरी सूचना

यस कामियावी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिदाँका बखत तोकिएको भुक्तानी तालिका अनुसार कर्जाको तिर्नु पर्ने किस्ता/ब्याज (साँवा, ब्याज) कर्जा लिदा कर्जा स्वीकृत पत्र अनुसार गर्नु भएको सर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा तिर्न आलटाल र वेवास्था गरि नियमित कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई बसेको हुनाले यो सार्नजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज थप शुल्क तथा अन्य दैदस्तुर बुझाउन तथा चुक्ता गर्न आउनु होला। बैंक तथा वित्तिय संस्था सम्बन्धि २०७३, बैंकिङ कसुर तथा सजाय सम्बन्धिमा ब्यवस्ता गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली, २०५९ अनुसार ऋणी तथा व्यतिगत धन जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको वक्यौता कर्जाको रकम असुल उपरका लागि प्रचलित कानुन अनुसार मुद्दा दायर गरि असुल उपर गरिने तथा यस वित्तिय संस्थासंग भए गरेको लिखत अनुसार कर्जा सुचना केन्द्रको कालो सुचीमा राखि कारवाही गरिने व्यहोरा ऋणी, व्यक्तीगत धन जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल :

ऋणीको विवरण	कर्जा शिर्षक	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
नाम : संजिव शाह  बाबु : खुशीलाल शाह तेली बाजे : सुवरी शाह तेली स्थायी ठेगाना : इनर्वा फुलवडीया-०५, सप्तरी नगरिकता नं. : ४२७६ जारी मिति : २०६३/०३/१९ कर्जा लिएको शाखा : महाबौद्ध-२२, काठमाडौं	घर जग्गा धितो कर्जा	जग्गा	**नाम : सुजित कुमार शाह** बाबु : खुशीलाल शाह तेली बाजे : सुवरी शाह तेली स्थायी ठेगाना : इनर्वा फुलवडीया-०५, सप्तरी नगरिकता नं. : ४२७७ जारी मिति : २०६३/०३/१९ **नाम : चाँदनी शाह** बाबु : महिपाल शाह बाजे : रामसुन्दर शाह स्थायी ठेगाना : विराटनगर-१४, मोरङ नगरिकता नं. : ०५३०७९/४३ जारी मिति : २०६३/१२/२८
नाम : भुवन बहादुर श्रेष्ठ  बाबु : सुर्य बहादुर श्रेष्ठ बाजे : लाल बहादुर श्रेष्ठ स्थायी ठेगाना : हेटौडा-०७, मकवानपुर नगरिकता नं. : ४२७६१६१२७ जारी मिति : २०४६/१०/२७ कर्जा लिएको शाखा : महाबौद्ध-२२, काठमाडौं	घर जग्गा धितो कर्जा	जग्गा	**नाम : पवन श्रेष्ठ** बाबु : भुवन बहादुर श्रेष्ठ बाजे : सुर्य बहादुर श्रेष्ठ स्थायी ठेगाना : हटौडा-०७, मकवानपुर नगरिकता नं. : ३६२७ जारी मिति : २०५९/१२/२७ **नाम : गुजेश्वरी श्रेष्ठ** श्रीमान् : भुवन बहादुर श्रेष्ठ ससुरा : सुर्य बहादुर श्रेष्ठ स्थायी ठेगाना : नारायणी-०७, हेटौडा, मकवानपुर नगरिकता नं. : २५७७ जारी मिति : २०३९/०५/०६

कामियावी बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
महाबौद्ध-२२, काठमाडौं
फोन नं. : ०१-४१५८७०१, ४१५८७०४

ग्यालेक्सी एस२४ सिरिजको सार्वजनिक

काठमाडौं/ सामसङले नेपालमा पनि नयाँ ग्यालेक्सी एस२४ सिरिजको रिलिज गर्नुका साथै मोबाइल एआईको नयाँ युगको औपचारिक घोषणा गरेको छ। काठमाडौंमा भएको एक कार्यक्रममा सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापित र मिस नेपाल वर्ल्ड २०१८ शृंखला खतिवडाले नयाँ ग्यालेक्सी एस२४ सिरिजको अनावरण गरेका छन्। कार्यक्रममा निर्देशक स्थापितले भने, 'ग्यालेक्सी एस२४ साँच्चै नै भविष्यको फोन हो। सामसङ ग्यालेक्सी एआईका साथ हामी अल्ट्रा-पर्सनलाइज्ड युजर-एक्सपिरियन्स प्रदान गरेर टेक्नोलोजी ल्यान्डस्केपलाई नयाँ आकार दिनेछौं।'

डिभाइस	नेरु मूल्य
ग्यालेक्सी एस२४ (१२+५१२ जिबी)	१९९,९९९
ग्यालेक्सी एस२४ अल्ट्रा (१२+२५६ जिबी)	१८४,९९९
ग्यालेक्सी एस२४ प्लस (१२+२५६ जिबी)	१४२,९९९
ग्यालेक्सी एस२४ बेस (८+२५६ जिबी)	११९,९९९

ग्यालेक्सी एस२४ सिरिजले नेटिभ कल एपभित्र वास्तविक समय, दुईतर्फी कल अनुवादमै प्रत्यक्ष अनुवाद सुविधा प्रदान गर्छ। यसले अर्को व्यक्तिले जुनसुकै फोन प्रयोग गरे पनि, आफ्नो प्रयोगकर्ताका लागि १३ भाषामा अडियो र टेक्स्ट अनुवाद गर्न सक्छ। ग्यालेक्सी एआई अधिक सुरक्षित छ, किनकि यसले बाह्य क्लाउड प्रणालीमा भर नपरी फोनमा नै सञ्चालन गर्छ।

ग्यालेक्सी एस२४ सिरिज दैनिक जीवनमा कसरी सहज रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई कार्यक्रममा प्रकाश पारेको थियो। हराएर दिशा सोध्ने वा रेस्टुरेन्टमा खाना अर्डर गर्नेका लागि होस्, यी फोनहरू प्रयोगकर्ताले आफ्नै व्यक्तिगत अनुवादकका रूपमा काम गर्न सक्छ।

साथै, प्रयोगकर्ताले टेक्स्ट पठाउँदा, च्याट असिस्टले सन्देशलाई तुरुन्तै अनुवाद गर्छ, जसले प्रयोगकर्तालाई सजिलै बोल्न सक्ने भाषामा साथीसँग टेक्स्ट गर्न दिन्छ।

ग्यालेक्सी एस२४ अल्ट्रासँग लोकप्रिय के-पोँप ग्रुप टुमरो एक्स टुगेदरको कन्सर्ट भिडियो पनि प्रोडक्ट ब्रिफिङका क्रममा देखिएको थियो। प्रयोगकर्ता अगाडिको पंक्तिमा बसेको जस्तो गरी सोही भिडियो ग्यालेक्सी एस२४ अल्ट्रामा नाइटोग्राफी जुम प्रयोग गरी खिचिएको थियो।

माउन्टेन ग्लोरीको साधारण सेयर एलएस क्यापिटलले निष्कासन गर्ने



काठमाडौं/ आठ वर्षदेखि पोखराको दोभिल्लामा माउन्टेन ग्लोरी फरेस्ट रिसोर्ट एन्ड स्पा सञ्चालन गर्दै आएको माउन्टेन ग्लोरी लिमिटेडले साधारण सेयर निष्कासन गर्ने भएको छ। कम्पनीले एक सय रुपैयाँ अंकित ४० लाख कित्ता सेयर निष्कासन गर्न लक्ष्मी सनराइज बैंकको सहायक कम्पनी लक्ष्मी सनराइज (एलएस) क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको हो।

नियुक्तिसम्बन्धी सम्झौतामा कम्पनीका अध्यक्ष सुनीलभक्त श्रेष्ठ र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेको जनाइएको छ। एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ४० प्रतिशत लगानी रहेको उक्त रिसोर्टले सेयर निष्कासनपश्चात् कोठाहरू थप गरी विदेशी होटेलसँग अनुबन्धन गरी पाँचतारे होटेलका रूपमा सेवा उपलब्ध गराउने जनाएको छ।

नेपाली व्यवसायी संघ कतारको अध्यक्षमा पुनः चौलागाईं चयन



काठमाडौं/ कतारमा रहेर व्यवसाय गरिरहेकाहरूको संगठन नेपाली व्यवसायी संघ (कतार)मा पुनः महेन्द्रप्रसाद चौलागाईंको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ। राजधानी दोहामा भएको दोस्रो साधारणसभाले २५ सदस्यीय समिति निर्विरोध चयन गरेको हो।

संघको उपाध्यक्षमा नरेन्द्रबहादुर भाट, राजेन्द्रकुमार शर्मा, राजु रेग्मी, रमेश भट्ट र प्रकाश कोइराला चयन भएका छन्। महासचिवमा शंकरप्रसाद न्यौपाने चयन भएका छन्। सचिवमा पूर्णबहादुर पोखरिया, राजेन्द्र देवकोटा र सुनीलकुमार घिमिरे चयन भएका छन्। कोषाध्यषमा चूडामणि कार्की र सहकोषाध्यक्षमा रामकुमार श्रेष्ठ निर्विरोध चयन भएका हुन्।

त्यसैगरी, सदस्यहरूमा क्रान्ति सिंह, रामु रेग्मी, रामचन्द्र पन्थ, कमलप्रसाद न्यौपाने, टंकबहादुर खड्का (अर्पण), श्रीकृष्ण भट्टराई, राकेश श्रेष्ठ, मन्जु खनाल, नारायणप्रसाद शर्मा र वसिम अक्रम गरी १० जना निर्वाचित भएका छन्। साथै, तीनजना सहदस्यहरू अध्यक्षको सिफारिसमा कार्यसमितिको पहिलो बैठकले मनोनीत गर्ने संघका सचिव पूर्णबहादुर पोखरियाले बताए।

सन् २०१८ मा स्थापित संघका संस्थापक अध्यक्ष चौलागाईं दोस्रो कार्यकाल २०२४-२०२८ का लागि अध्यक्षमा निर्वाचित भएका हुन्। निवर्तमान सल्लाहकार शंकरप्रसाद न्यौपाने महासचिवमा निर्विरोध निर्वाचित भएका हुन्।

संघको साधारणसभा उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको संघले गरेका कामहरू प्रशंसनीय भएको बताए। त्यस्तै, उद्योग वाणिज्य महासंघ र संघबीच परस्पर सहकार्यको आवश्यकता रहेको उनको भनाइ थियो।

संघले संस्था स्थापनाकालदेखि हालसम्म अनवरत रूपमा उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै निवर्तमान महासचिव रमेश भट्ट, सचिव सुनील घिमिरे, प्रचारप्रसार विभाग उपप्रमुख एवं मिडिया संयोजक दीपजंग शाह ठकुरीलाई सम्मान गरेको सचिव पोखरियाले बताए। साथै, प्राविधिकतर्फ संघभन्दा बाहिर भए पनि संघलाई योगदान पुऱ्याएको भन्दै नवराज श्रेष्ठलाई सम्मान गरेको थियो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९९१/०९/१५ गते

स्वर्गारोहण
वि.सं. २०८०/१०/03 गते

स्व. मुराली राज जोशी

माछापुच्छ्रे बैंक कर्मचारी संघका उपाध्यक्ष गणेश राज जोशीका स्मरणीय पिता मुराली राज जोशी को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गिय आत्माको चिरशान्ति तथा बैकुण्ठबासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, यस दु:खद घडीमा शोकसन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

माछापुच्छ्रे बैंक कर्मचारी संघ
सम्पूर्ण परिवार

माछापुच्छ्रे बैंक कर्मचारी संघ केन्द्रीय समिति, पोखरा स्था.:२०७२

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय खैरेनी, रुपन्देहीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/१०/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २, ढेकावर स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रूपन्देहीमा मिति २०७०/०९/०७ मा दर्ता नं. ३२२९८ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०७०/०९/११ मा स्थायी लेखा नम्बर (PAN) ६०१६७१९९७ अन्तर्गत दर्ता कायम भएको **ढकाल फेन्सी एण्ड भाँडा तथा प्लाष्टिक पसल।**

प्रोप्राइटर : पदमराज ढकाल

व्यक्तिगत जमानीकर्ताको विवरण

१. रविलाल ढकालको नाति, जिवाकर ढकालको छोरा, स्याङजा जिल्ला, दरौ गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २, ढेकावर बस्ने **पदमराज ढकाल** (ना.प्र.नं. ६०८७, जारी मिति २०४८/०८/०४, जि.प्र.का स्याङजा)।	२. जिवाकर ढकालको बुहारी, पदम राज ढकालको पत्नी, स्याङजा जिल्ला, दरौ गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २ बस्ने **कमला ढकाल** (ना.प्र.नं. ७७५३७, जारी मिति २०६१/०७/०२, जि.प्र.का स्याङजा)।

धितोको विवरण

१. जिवाकर ढकालको बुहारी, पदम राज ढकालको पत्नी, स्याङजा जिल्ला, दरौ गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २ बस्ने कमला ढकाल (ना.प्र.नं. ७७५३७, जारी मिति २०६१/०७/०२, जि.प्र.का स्याङजा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रूपन्देही जिल्ला, साविक केरवानी न.पा./गा.पा. वडा नं. २ ख हाल रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २ स्थित कि.नं. ४०५ को क्षेत्रफल ०-१-०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. रूपन्देही जिल्ला, देवदह न.पा. वडा नं. २, ढेकावर स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रूपन्देहीमा मिति २०७०/०९/०७ मा दर्ता नं. ३२२९८ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०७०/०९/११ मा स्थायी लेखा नम्बर (PAN) ६०१६७१९९७ अन्तर्गत दर्ता कायम भएको ढकाल फेन्सी एण्ड भाँडा तथा प्लाष्टिक पसलको स्वामित्वमा रहेको मालसामान तथा आयप्रप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : खैरेनी, रुपन्देही
फोन नं. ०७१-५७७३५०
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ २२ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०६६/१२/१३ प्रा.फ.द.न. ७०१०/१८०/२०६६/२०६७ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९३७४५७३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं.७, अग्राठे स्थित रजिस्टर्ड कार्यालय रहेको **अनु फर्निचर उद्योग** (प्रोप्राईटर मान बहादुर गोलेको नाति, राम बहादुर गोलेको छोरा, सर्मिला रिजालको पति, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं.७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं.७ अग्राठे बस्ने **प्रकाश गोले,** ना.प्र.नं. १०२३/६८२७५, जारी मिति २०६६/१०/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मान बहादुर गोलेको नाति, राम बहादुर गोलेको छोरा, सर्मिला रिजालको पति, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं.०७ अग्राठे बस्ने **प्रकाश गोले** (ना.प्र.नं. १०२३/६८२७५, जारी मिति २०६६/१०/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. मान बहादुर गोलेको बुहारी, ज्ञान बहादुर स्याङ्तानको छोरी, राम बहादुर गोलेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं.७ अग्राठे बस्ने **सनु गोल** (ना.प्र.नं. २२/३२०, जारी मिति २०५८/०६/२४, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. राम बहादुर गोलेको बुहारी, गजेन्द्र बहादुर रिजालको छोरी, प्रकाश गोलेको पत्नी, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं.७ अग्राठे बस्ने **सर्मिला रिजाल** (ना.प्र.नं. ३१/०१/६९/०३५४५, जारी मिति २०६९/०४/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सनु गोल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं.०७ (हाल हेटौडा उ.म.न.पा. वडा नं.०७) स्थित कित्ता नं. १२६९, १२३१, २०८५ र २०८४ को क्षेत्रफल क्रमश: ०-१-०, ०-०-४, ०-०-२ र ०-०-८ (बि.क.धु) को जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सर्मिला रिजाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, मक्रान्चुली गा.वि.स. वडा नं. ०७ (हाल मकवानपुरगढि गाउँपालिका वडा नं. ०४) स्थित कित्ता नं. ५६६ को क्षेत्रफल २-९-३-२ (बि.क.धु.क) को जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) अर्थात २०८० माघ २१ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० माघ २२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ २२ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

■ राखेप 'मिसन- २०२६'

२०औँ एसियन खेलको तयारी आजबाट

दुई वर्षपछि हुने जापान एसियाडका लागि तेक्वान्दो, कराँते, उसु, बक्सिङ र जुडो राखेपको प्राथमिकतामा

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्यसहित 'मिसन- २०२६' को घोषणा गरेको छ। गत असोजमा चीनको हाङझाउमा भएको १९औँ एसियाडमा नेपालले कराँतेमा रजत तथा कबड्डीमा एक कांस्य पदक जितेको थियो। १९औँ एसियाडको सकिएको चार महिनापछि सदस्यसचिव टंकलाल घिसिङले 'मिसन- २०२६' घोषणा गरेका हुन्। २०औँ एसियाड जापानमा हुँदै छ। जापानमा हुने एसियाडका लागि दुई वर्षअगावै राखेपले पाँच खेललाई प्राथमिकतामा राखेको छ। राखेपले तेक्वान्दो, कराँते, उसु, बक्सिङ र जुडोमा ठूलो लगानीसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्य राखेको छ। 'इतिहासमै पहिलोपटक एसियाडका लागि दीर्घकालीन तयारी गर्दै छौं, सधैं पदकको आशा गर्ने, तर तयारी कमजोर हुने परिपाटी छ, यसको अन्त्य गर्दै ऐतिहासिक रूपमै लामो तयारी सुरु गर्ने निर्णय गरेका हौं,' घिसिङले आइतबार आयोजित पत्रकार सम्मेलनमा भने, 'नयाँ उद्देश्य र लक्ष्य प्रतिबद्धताका साथ बढेका छौं, यसमा पाँच खेललाई उच्च प्राथमिकतामा राखेका छौं।'

जापानमा हुने एसियाडमा दोहोरो अंकमा स्वर्ण ल्याउने लक्ष्यसहित पहिलो चरणमा पाँच खेलका ५० खेलाडीले सोमबारबाट प्रशिक्षण सुरु गर्नेछन्। राखेपले खेलाडीलाई प्रत्येक दिनको खुराक खर्च प्रतिव्यक्ति तीन सय दिने घोषणा गरेको छ। यसैगरी प्रतिव्यक्ति आठ हजारको किट्स सेट उपलब्ध गराउनेछ। घिसिङले यस तयारीले फाइनल खेल्ने मात्रै नभई एसियाडमा स्वर्ण पदक ल्याउने नै दाबी गरेका छन्।



मिसन- २०२६ बारे जानकारी दिँदै राखेप सदस्यसचिव टंकलाल घिसिङ

'फाइलन पुग्नु आफैंमा ठूलो पक्ष हो, तर स्वर्ण ल्याउने पहिलो लक्ष्य छ। हामीले लक्ष्य किटान गरेका छौं,' उनले भने। उनले पहिलो चरणमा समावेश भएका पाँचै खेलका संघलाई जिम्मेवारीसहित प्रशिक्षण चुस्त र प्रभावकारी बनाउन निर्देशन दिए। कोरोना महामारीका कारण एसियाली खेलकुद एक वर्ष धकेलिएको हो। हरेक चार वर्षमा आयोजना हुने यस प्रतियोगिता तीन वर्षपछि नै आयोजना हुँदै छ।

पहिलो चरणमा पाँच खेलमा ५० खेलाडी

मिसन- २०२६ अन्तर्गत पहिलो चरणमा तेक्वान्दो, कराँते, उसु, बक्सिङ र जुडोको प्रशिक्षण हुनेछ। राखेपले संघद्वारा छनोट भएका प्रत्येक खेलका समान १० खेलाडीलाई प्रशिक्षणको अवसर दिएको छ। सदस्यसचिव घिसिङले पहिलो चरणको प्रशिक्षणपछि अन्य खेललाई पनि समावेश गर्ने बताएका छन्। उनले पाँचौं एसियाली पारा खेलकुदको पनि तयारी सुरु गर्ने बताए। विशेष प्रशिक्षणमा पाँच खेलका २९ पुरुष र २१ महिला खेलाडी छन्। प्रत्येक खेलका लागि समान दुई गरी १० प्रशिक्षक खटिनेछन्।

सदस्यसचिव घिसिङले बजेट अभावका कारण तत्काललाई पाँच खेलको प्रशिक्षण सुरु गरेको बताए। उनले छिट्टै अन्य खेलको प्रशिक्षण सुरु गर्ने जनाए। 'यी पाँच खेलसँगै केही राम्रो सम्भावना भएका खेल पनि देखेका छौं। दक्षिण एसियामा हक्कीको पनि सम्भावना छ,' उनले भने, 'बजेट अभावका कारण सबै खेललाई समावेश गर्न सकेनौं, सरकारलाई ध्यानाकर्षण गराएका छौं।' राखेपले प्रशिक्षणमा रहेका सबै खेलाडीको बिमा गर्ने भएको छ। यसैगरी खेलाडीलाई विभिन्न कर्पोरेट संघ-संस्थाबाट प्रायोजन गराउने लक्ष्य रहेको राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले बताए।

देशकै प्रतिष्ठासँग जोडिएको विषय हो

टंकलाल घिसिङ, सदस्यसचिव, राखेप

देशकै प्रतिष्ठासँग जोडिएको विषय हो। सरकारले साथ दिनुपर्छ। ऐतिहासिक कार्यको सुरुवात गरेका छौं। सुरुवाती चरणमा पाँच खेल भए पनि बिस्तारै संख्या थप्छौं। नयाँ उद्देश्य र लक्ष्यका साथ अघि बढेका छौं। यसलाई उच्च प्राथमिकतामा राखेका छौं। फाइनलमा पुग्नु आफैंमा ठूलो कुरा हो। स्वर्ण ल्याउने पहिलो लक्ष्य छ।

'प्रशिक्षण अवधिमा खेलाडीको फिटनेस, स्ट्रेन्थ पावर, ट्रेनिङ, डाइट एन्ड न्युट्रिसन र डोपिङसम्बन्धी कार्यक्रम रहनेछन्,' विष्टले भने।

सरकारसँग ९४ करोड माग

राखेपले सरकारसँग तीन वर्षको योजनाका लागि ९४ करोड माग गरेको छ। राखेपले नियमित प्राप्त हुने ६४ करोडलाई जोड्ने छैन। राखेपले थप माग गरेको ९४ करोडबाट खेलाडीलाई वैदेशिक प्रशिक्षण तथा स्वदेशी प्रशिक्षणमा खर्च गर्नेछ। 'यो देशको प्रतिष्ठासँग जोडिएको विषय हो।

बजेटको खाका तयार गरेका छौं, सरकारले साथ दिनेमा विश्वस्त छौं,' घिसिङले भने। उनले दुई सय ४० खेलाडीलाई प्रशिक्षणमा राखिने खाका बुझाएको जानकारी दिए। नयाँ आर्थिक वर्षको बजेटमा सरकारले यो योजना पूरा गर्न साथ दिनेमा विश्वस्त रहेको बताए। चालू बजेटबाट राखेपले ४० लाख खर्च गर्नेछ।

साबिक विजेता संकटा बाहिरियो

कास्कीमा **रोहितराज पराजुली**

साबिक विजेता संकटा क्लब २३औँ आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलबाट बाहिरिएको छ। पोखरा रंगशालामा आइतबार भएको खेलमा त्रिभुवन आर्मी क्लबले संकटालाई ३-० ले हरायो। आर्मीलाई सेमिफाइनल स्थान पक्का गराउने क्रममा दिनेश हेम्जनले दुई र जिलेस्पीजंग कार्कीले एक गोल गरे। अब आर्मीले नेपाल पुलिस र चर्च ब्वाइज युनाइटेडबीचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ। आर्मीले यसअघि नवलपुरको राइजिङ स्टारलाई १-० ले हराएको थियो। साबिक विजेता संकटाले क्वार्टरफाइनलमा सीधै बाई पाएको हो।



पहिलो हाफको ४५औँ मिनेटमा जिलेस्पीले आर्मीलाई १-० को अग्रता दिलाए। कप्तान भरत खवासले दायाँ साइडबाट दिएको क्रसमा जिलेस्पीले सहजै गोल गरे। आर्मी दोस्रो हाफमा थप आक्रामक रूपमा प्रस्तुत भएको थियो। संकटा पहिलो तथा दोस्रो हाफमा दबाबमा रह्यो। खेलको ४९औँ मिनेटमा आर्मीले २-० को अग्रता लियो। यसपटक दिनेशले आर्मीलाई पेनाल्टीमा गोल गर्दै आर्मीलाई दोहोरो अग्रता दिलाए। संकटाका कुलदीप कार्कीले डिबक्सभित्र ह्यान्ड गरेपछि मुख्य रेफ्री प्रज्वल क्षेत्रीले आर्मीलाई पेनाल्टी प्रहार गर्न अवसर दिए। संकटाले खेलको ७५औँ मिनेटमा तेस्रो गोलको सामना गऱ्यो।

यसपटक दिनेशलाई जिलेस्पीले पास दिए। प्रतियोगितामा आर्मी र संकटाबीच यो तेस्रो भेट हो। यसअघि ०७६ मा आर्मीले संकटालाई ३-० ले हराएको थियो। ०७९ मा संकटाले आर्मीलाई ३-१ गोलले पाखा लगाएको थियो। यसपटक आर्मीले संकटामाथि ३-० को सहज जित निकाल्यो।

विनोदको अर्को शतकीय इनिङ्स

काठमाडौं/ त्रिभुवन आर्मी क्लबका कप्तान विनोद भण्डारीले प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा कर्णालीविरुद्ध शतकीय इनिङ्स खेलेका छन्। चालू प्रतियोगितामा विनोदको यो दोस्रो शतक हो। यसअघि उनले मधेशविरुद्ध ११३ रन जोडेका थिए। त्रिवि क्रिकेट मैदानमा विनोदको सय रनको सहयोगमा आर्मीले कर्णालीलाई १६४ रनको फराकिलो अन्तरले हरायो। पहिलो ब्याटिङ गरेको आर्मीले ५० ओभरमा पाँच विकेट गुमाएर २७९ रनको योगफल खडा गऱ्यो।

प्रत्युत्तरमा कर्णाली २९ ओभरमा ११५ रनमा समेटियो। जितसँगै आर्मी १० अंकका साथ चौथो स्थानमा उक्लेको छ। कर्णालीले आठ खेलबाट ६ अंक जोडेको छ। आर्मीका लागि शतकीय इनिङ्स खेलेका विनोदले १३२ बलमा ६ चौका र तीन छक्का प्रहार गरेका थिए। सो इनिङ्समा वसिर अहमेद शतक बनाउन २ रनले चुके। उनी ९८ रनमा नटआउट रहे। उनले १२ चौका र एक छक्का प्रहार गरे। विनोद र वसिरबीच छैटौं विकेटका लागि १६९ रनको साझेदारी भएको थियो। आर्मीलाई जित दिलाउने क्रममा विवेक यादवले २५ रनमा तीन विकेट र कुशल मल्लले २० रनमा तीन विकेट हात पारे। मूलपानी मैदानमा मधेशले लुम्बिनीमाथि ९ रनको रोमाञ्चक जित निकाल्यो। पहिलो ब्याटिङ गरेको मधेशले ४१.३ ओभरमा सबै विकेट गुमाएर १६९ रन जोडेको थियो। लुम्बिनी ४०.५ ओभरमा १६० रनमा समेटियो।



दक्षिण एसियाली सेपाकताक्रो च्याम्पियनसिप हुँदै

काठमाडौं/ नेपालमा तेस्रोपटक दक्षिण एसियाली सेपाकताक्रो च्याम्पियनसिप प्रतियोगिता आयोजना हुने भएको छ। नेपाल सेपाकताक्रो संघको आयोजनामा १७-१९ माघसम्म राखेपको कभर्ड हलमा पाँचौं संस्करण प्रतियोगिता हुन लागेको हो। नेपालले यसअघि २०१३ र २०१८ मा यो प्रतियोगिता आयोजना गरेको थियो। २०१६ मा श्रीलंका र २०२२ मा बंगलादेशले प्रतियोगिता आयोजना गरेका हुन्।

प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका र पाकिस्तानको सहभागिता रहनेछ। जसमा पुरुषको तीन र महिलाको दुई गरी पाँच इभेन्ट्समा प्रतिस्पर्धा हुने संघका अध्यक्ष नेत्रप्रसाद गुरुङले बताएका छन्। त्यसका लागि महिला र पुरुष गरी ९० खेलाडीले भाग लिनेछन्। दुई महिनाअघिदेखि नै २५ जना नेपाली खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर तयारी भइरहेको छ। अध्यक्ष गुरुङले उपाधि दाबेदार भारत भए पनि नेपालले चुनौती दिने बताएका छन्। प्रतियोगिताको अनुमानित लागत ३६ लाख ६५ हजार रुपैयाँ छ। जसमा २० लाख राखेपसँग माग गरेको अध्यक्ष गुरुङले बताए। बाँकी १६ लाख ६५ हजार रुपैयाँ संघ र आर्थिक सहयोग संकलन गरिने जनाइएको छ।

फाप्ला क्रिकेट मैदान राष्ट्रिय गौरव आयोजनामा राख्ने तयारी : मन्त्री साउद

कञ्चनपुरमा **मोहन विष्ट**

परराष्ट्रमन्त्री एनपी साउदले सुदूरपश्चिमको एक मात्र अन्तर्राष्ट्रिय स्तरको फाप्ला क्रिकेट मैदानलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने तयारी भइरहेको बताएका छन्। कञ्चनपुरको महेन्द्रनगरमा आइतबारदेखि सुरु तेस्रो मुख्यमन्त्री पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको उद्घाटन गर्दै परराष्ट्रमन्त्री साउदले फाप्ला मैदानलाई छिट्टै राष्ट्रिय गौरवमा राख्ने तयारी भएको जानकारी दिए। 'सुदूरपश्चिमको खेलकुद विकास एवं क्रिकेट क्षेत्रको विकासका लागि संघीय सरकारले फाप्ला खेल मैदानलाई राष्ट्रिय गौरवको आयोजना बनाउने तयारी भइरहेको छ,' उनले भने, 'यसलाई राष्ट्रिय गौरवकै आयोजनाका लागि प्रक्रिया अघि बढिसकेको छ।'

नेपालको क्रिकेट विकासका लागि भारतीय विदेशमन्त्री एस जयशंकरसँग समेत भारतका रहेका क्रिकेट मैदानमा नेपाली खेलाडीलाई अभ्यास गराउने विषयमा छलफल भएको साउदले बताए। सुदूरपश्चिम प्रदेश सरकारका समाजिक विकासमन्त्री झपटबहादुर साउदले कञ्चनपुरको बहुउद्देश्यीय कभर्ड हल निर्माण कार्य अघि बढेको बताए।

विभागीय टोलीको सहज जित

सुदूरपश्चिम खेलकुद परिषद्को आयोजना एवं कञ्चनपुर जिल्ला भलिबल संघको व्यवस्थापनमा सुरु भएको भलिबल प्रतियोगिताको पहिलो दिन तीनवटै विभागीय टोलीले जित निकालेका छन्। त्रिभुवन आर्मी, नेपाल प्रहरी र एपिएफले आफ्ना प्रतिद्वन्द्वीलाई सहजै हराए। आर्मीले बागमतीलाई ३-० को सहज सेटमा हरायो। प्रहरीले लुम्बिनीमाथि ३-० को जित निकाल्यो। एपिएफले मधेशलाई ३-० ले हरायो। कर्णाली र आयोजक सुदूरपश्चिमबीचको खेल १-१ को सेटमा स्थगित भएको छ। प्रतियोगितामा सातै प्रदेशसँग तीन विभागीय टोलीको सहभागिता रहेको छ। प्रतियोगिताको विजेताले चार लाख, उपविजेताले दुई लाख र तेस्रो हुने टोलीले एक लाख रुपैयाँ पाउनेछन्।

खेल संक्षेप

एक्सेल्सियर कप आजदेखि

काठमाडौं/ १०औँ द एक्सेल्सियर कप सोमबारदेखि हुँदै छ। प्रतियोगितामा फुटबल र बास्केटबल समावेश भएको एक्सेल्सियरका प्रिन्सिपल प्रशान्त रजकले बताएका छन्। फाइभ ए साइड फुटबलमा विभिन्न तीन उमेर समूहको प्रतिस्पर्धा हुनेछ। सिनियर पुरुष र महिला बास्केटबलमा समान १२ टोलीले भाग लिनेछन्। प्रिन्सिपल रजकले प्रतिभावान् जुनियर खेलाडीको पहिचान गर्न प्रतियोगिताले मद्दत पुऱ्याउने जनाए। प्रतियोगिता २२ माघसम्म चल्नेछ।

राष्ट्रिय गल्फ टोलीको बिदाइ

काठमाडौं/ नेपाल गल्फ संघले दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न जाने राष्ट्रिय टिमका खेलाडी सदभाव आचार्य, राहुल विश्वकर्मा र कस्मिरा शाहलाई बिदाइ गरेको छ। सदभाव र राहुलले ३७औँ बंगलादेश एमेच्योर ओपन गल्फमा नेपालको प्रतिनिधित्व गर्नेछन्। सदभाव र सुवास तामाङले गत संस्करणमा टिम स्पर्धामा कुल ४ ओभर २९२ को स्कोर गर्दै नेपाललाई स्वर्ण दिलाएका थिए। बंगलादेश एमेच्योरमा अहिलेसम्म नेपालले व्यक्तिगततर्फ स्वर्ण जितेको छैन। थाइल्यान्डको पटायास्थित सायम कन्ट्री क्लबमा हुने च्याम्पियनसिपमा वरीयताका आधारमा कस्मिरालाई नेपाल गल्फ संघले छनोट गरेको हो।

जिल्लास्तरीय रनिङ सिल्ड सुरु

धादिङ/ धादिङमा जिल्लास्तरीय १३औँ राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आतबारदेखि सुरु भएको छ। बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रतियोगिताको उद्घाटन गर्दै खेल क्षेत्रलाई प्रदेशले उच्च प्राथमिकता राखेको बताए। प्रतियोगितामा भलिबल, कबड्डी, कराँते, तेक्वान्दो, उसु, एथलेटिक्सका फिल्ड इभेन्ट्समा हाइजम्प, लङजम्प, ज्याभलिङ थ्रो र सटपुट समावेश छन्। जिल्लाका १३ पालिकाबाट नौ सय ५० खेलाडी सहभागी हुनेछन्।

Gandaki Provinence Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office Syangja
Nepal

NOTICE OF INTENT OF ACCEPTANCE

Date of Publication: 2080-10-15 (29th Jan 2024)

For the provision on sub-clause 27.2 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts as per the Notice published on 2080-08-26 (12th Dec 2023) Egp portal, that the following mentioned lowest evaluated substantially responsive bidders are intended to award the contract.

S.N	Name of work	Contract ID	Name of Successful Bidders	Bid Amount including VAT and PS
1.	Chapatari Dhanthan Foxing Chirukharka Lamdanda Hudai Dhapuk	IDOSYANGJA/NCB/W/R/034/080-81	Bhusal Enterprises Syangja	3,697,933.80
2.	Syangja Jillako bhirkot na.pa.7 helu balmata khilung jugepani sadak	IDOSYANGJA/NCB/W/R/036/080-81	Arjunchaupari Construction Arjunchaupari-1 Syangja	3,261,653.23
3.	Upgrading of Girikot Dagdi Ghaite Road, Harinas - 06, Syangja	IDOSYANGJA/NCB/W/R/037/080-81	Amisara Sons Basyal Construction Waling -09 Syangja	1,971,507.01
4.	Upgrading of Road from Ratodanda to Pokhari , Harinas -04, Syangja	IDOSYANGJA/NCB/W/R/038/080-81	Amisara Sons Basyal Construction Waling -09 Syangja	2,232,704.48
5.	Jherubas Siruale karangshawara kungkhola sadak harinas-04	IDOSYANGJA/NCB/W/R/039/080-81	Amisara Sons Basyal Construction Waling -09 Syangja	2,293.239.31
6.	Upgrading of Harinas Rural Municipality Ward no -06 Kyakmi Dagdi to Ward no 7 Baidichhap Road	IDOSYANGJA/NCB/W/R/040/080-81	Amisara Sons Basyal Construction Waling -09 Syangja	2,130,251.33
7.	Upgrading of Surkaudi - Osho Dhyan Kendra - Raut Danda Hudai bhaisikhola sadak	IDOSYANGJA/NCB/W/R/041/080-81	seven construction Waling Syangja	3,410,902.50
8.	Upgrading of Phedikhola Bahatari pauwa Arukharka Hudai Panchase jodhni sadak	IDOSYANGJA/NCB/W/R/042/080-81	Prashant Construction Aandhikhola -06 Syangja	2,391,568.92
9.	Upgrading of Taksar kaule Nuwar Khampur Kristi Road, Putalibazar-06	IDOSYANGJA/NCB/W/R/043/080-81	B.&.B CONSTRUCTION Pokhara-21 Kaski	2,222,416.68
10.	Puchar Kafle Lwang Thumki Krishi Sadak Phedikhola-4 Syangja	IDOSYANGJA/NCB/W/R/044/080-81	Rara Nirman Sewa Putalibazar-13 Syangja	2,395,672.63
11.	Aaryakhola dekhi Nehorabari Gramin Sadak istharunnati pu ba na pa -7	IDOSYANGJA/NCB/W/R/045/080-81	Dev Aashis Nirman sewa Putalibazar-03 Syangja	3,380,657.92
12.	Thuladihi sthit Chisapani Archalboat hudai Newarabari Gramin Sadak Dhalan	IDOSYANGJA/NCB/W/R/046/080-81	Dev Aashis Nirman sewa Putalibazar-03 Syangja	2,145,326.10
13.	Dahakhola Kalkhu Bharte Ma Vi Barahachour Gramin Sadak Istharunnati pu ba na pa-9	IDOSYANGJA/NCB/W/R/047/080-81	Yug Builders and Suppliers Pvt. Ltd Nayagaun Kaski	2,257,245.71
14.	Marashini chowkdekhi Mathillo Bichari Danda Jane Sadak Istharunnati Karya Putalibazar-03	IDOSYANGJA/NCB/W/R/048/080-81	Satya Nirman Sewa Syangja Putalibazar-01 Syangja	2,006,090.38
15.	Dovantole Nayabazar Dekhi Dovan Hudai Thuladihi Jane Sadak Istharunnati pu ba na pa-5	IDOSYANGJA/NCB/W/R/049/080-81	Nikita Construction Hub Pvt. Ltd Putalibazar-13 Syangja	1,942,573.02
16.	Sherabazardekhi Subedi Tolesamma Sadak Istarunnati Phedikhola-4 Syangja	IDOSYANGJA/NCB/W/R/050/080-81	Koirala Nirman Sewa Putalibazar 11 Syangja	3,863,182.04
17.	Setidovan Simkhet Kusunde Khadketari Sadak	IDOSYANGJA/NCB/W/R/051/080-81	Prashant Construction Aandhikhol-06 Syangja	1,878,300.43
18.	Tallo Biwaridada Motormarga Putalibazar -03	IDOSYANGJA/NCB/W/R/052/080-81	Satya Nirman Sewa Syangja Putalibazar-01 Syangja	2,019,222.62

Office Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com